परिच्छेद-एक

# शोध परिचय

## १.१. परिचय

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका निम्ति प्रस्तुत ***सुन्तली** उपन्यासको विधातात्त्विक अध्ययन* शीर्षकको शोधपत्र उपन्यासकार भवानी भिक्षु (१९६६-२०३८) को औपन्यासिक योगदानको संक्षिप्त चर्चा र उनको *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित छ । यस शोधपत्रमा शोधपत्रको परिचय दिई भवानी भिक्षुको जीवनीका बारेमा केही स्पष्ट गर्ने काम समेत भएको छ । भवानी भिक्षुको समग्र औपन्यासिक यात्रा, औपन्यासिक प्रवृत्ति आदि औँल्याउनका लागि उपन्यास विश्लेषणका सैद्धान्तिक आधारहरू औँल्याई उक्त उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ ।

साहित्यकार भवानी भिक्षुको विशेषतः आख्यानका क्षेत्रमा योगदान रहेको छ । यस अन्तर्गत उपन्यासका क्षेत्रमा पनि उनको उल्लेखनीय योगदान रहेको छ । उनका *सुभद्रा बज्यै* (२०१९), *आगत* (२०३३), *पाइप नं २* (२०३३) र सुन्तली (अपूर्ण २०४०) जस्ता उपन्यासहरू प्रकाशित उपन्यासहरू हुन् । भिक्षुको सुन्तली उपन्यास धारावाहिक रूपमा प्रकाशित उपन्यास हो । उनको मृत्युपश्चात् (विं.सं. २०४० वैशाखदेखि भदौसम्म) *गरिमा* साहित्यिक पत्रिकाले उनको उपन्यास धारावाहिक रूपमा लगातार प्रकाशित गरी समापनसमेत गरेको देखिन्छ । तसर्थ उनको उक्त कृतिलाई पूर्ण कृतिका रूपमा लिई यस शोधपत्रमा विधातात्त्विक अध्ययन गरिएको छ ।

यस शोधपत्रमा सुन्तली उपन्यासले दिएको सामाजिक तथा भाषिक योगदान आदिको मूल्याङ्कन गर्न उपन्यासका तत्त्वहरूलाई आधार लिइएको छ । उपन्यासमा भएको कथावस्तु, उपन्यासको पर्यावरण, भाषाशैली, सन्देश आदि कुराको विश्लेषण गर्ने कार्य यस शोधपत्रमा भएको छ । नेपाली उपन्यासको परम्परामा सुन्तली उपन्यासले अँगालेको प्रवृत्तिको पहिचान गरी यसको महत्त्व र स्थान पहिल्याउने कार्यसमेत यस शोधपत्रमा भएको छ । यसरी यस शोधपत्रमा एकातिर भवानी भिक्षुको आख्यानकारिताको संक्षिप्त

परिचय दिने कार्य भएको छ भने अर्कातिर उनको उपन्यासकारिताको समेत परिचय दिइएको छ । समग्रमा सुन्तली उन्यासको औपन्यासिक प्रवृत्तिको अध्ययन गर्ने र नेपाली उपन्यासका क्षेत्रमा सो उपन्यासको स्थान निर्धारण गर्ने कार्य यस शोधपत्रमा भएको छ ।

## १.२. समस्याकथन

प्रस्तुत शोधपत्र *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ । यस शोधपत्रमा भवानी भिक्षुको संक्षिप्त परिचय, उनको आख्यानकारिता र औपन्यासिक यात्राको जानकारी, सैद्धान्तिक आधारमा सुन्तली उपन्यासको विश्लेषण, सुन्तली उपन्यासको प्रवृत्ति, औचित्य र स्थान आदि विषयलाई समस्याका रूपमा लिइएको छ । यस शोधपत्र निम्न समस्याहरूमा केन्द्रित रहेर सम्पन्न गरिएको छ :

क. साहित्यकार भवानी भिक्षुको औपन्यासिक यात्रा के कस्तो रहेको छ?

ख. साहित्यकार भवानी भिक्षुका औपन्यासिक प्रवृत्ति के कस्ता छन्?

ग. विधातात्त्विक दृष्टिले सुन्तली उपन्यास के कस्तो छ?

## १.३. शोधकार्यको उद्देश्य

यस शोधपत्रको उद्देश्य नेपाली साहित्यमा साहित्यकार भवानी भिक्षुको औपन्यासिक प्रवृत्ति औँल्याई उनको सुन्तली उपन्यासको विशेषता, स्थान र महत्त्वबारे प्रकाश पार्नु रहेको छ । साहित्यकार भवानी भिक्षुको संक्षिप्त परिचय दिई उनको आख्यानकारिताको सङ्क्षेपमा जानकारी गराउने उद्देश्य पनि यस शोधपत्रको रहेको छ । नेपाली उपन्यासका जगत्मा भिक्षुको योगदानबारे प्रकाश पार्नुका साथै उनको मृत्युपश्चात प्रकाशित हुन पुगेको सुन्तली उपन्यासको समग्र विधातात्त्विक अध्ययन गर्ने उद्देश्य यस शोधपत्रको रहेको छ । यस शोधपत्रका उद्देश्यहरू निम्नवमोजिम रहेका छन् :

क. साहित्यकार भवानी भिक्षुको औपन्यासिक यात्राको विश्लेषण गर्ने,

ख. साहित्यकार भवानी भिक्षुको औपन्यासिक प्रवृत्ति पहिल्याउने,

ग. सुन्तली उपन्यासको विधातात्त्विक अध्ययन गर्ने,

## १.४. पूर्वकार्यको समीक्षा

साहित्यकार भवानी भिक्षु विशेषतः नेपाली आख्यानका क्षेत्रमा परिचित नाम हो । उनले कविता, कथा र उपन्यासहरू लेखेका छन् । उनको आख्यानकारिता र उपन्यासकारिताका विषयमा विभिन्न कोणबाट अध्ययन गरिएको देखिन्छ । यस क्रममा उनका कथामा विद्यावारिधि समेत भएको देखिन्छ तर सुन्तली उपन्यासको आंशिक र एकपक्षीय अध्ययन भएको देखिन्छ । सुन्तली उपन्यासको समग्र पक्षको विधातात्त्विक अध्ययन गरेको नपाइए पनि केही रूपमा अध्ययन भएको भने पाइन्छ । यस शोधपत्र भिक्षुको अन्य पक्षसँग भन्दा पनि *सुन्तली* उपन्याससँग सम्बन्धित भएकाले सम्बन्धित पूर्वकार्यहरूमात्र यस शोधपत्रमा उल्लेख गर्नु सान्दर्भिक ठानिएको छ । भिक्षुको सुन्तली उपन्याससँग सम्बन्धित भएर गरिएका अध्ययनहरूका बारेमा कालक्रमअनुसार यहाँ प्रस्तुत गरिएको छ ।

वरुणकुमार तिवारीले *मनोविज्ञानका प्रवर्तकहरु* (वि.सं. २०३५) मा मनोवैज्ञानिक धाराको प्रवर्तन नगरे पनि विस्तार र प्रवर्द्धन गर्नमा भिक्षुको उल्लेखनीय भूमिका रहेको कुरा उल्लेख गरेको देखिन्छ । पछिल्ला समयका अन्य समीक्षकहरुले पनि यस भनाइलाई स्वीकार गरेको देखिन्छ ।

साझा प्रकाशनद्वारा प्रकाशित *गरिमा* पत्रिकाले भिक्षुको निधनपश्चात् उनको *सुन्तली* उपन्यासलाई धारावाहिक रूपमा प्रकाशन गरेको देखिन्छ । विं.सं. २०४० को वैशाख महिनादेखि भदौ महिनासम्मका जम्मा ५ वटा अङ्क (५, ६, ७, ८ र ९) मा क्रमशः उनको उक्त उपन्यासको प्रकाशन गरिएको देखिन्छ । पछिल्लो क्रमको अङ्क (अङ्क ९) मा उक्त उपन्यासको समापनसमेत गरिएको छ ।

धारावाहिक रुपमा प्रकाशन गर्ने क्रममा भवानी भिक्षु निकै उच्च दर्जाको उपन्यासकार भएको कुरा उल्लेख गर्दै *सुन्तली* उपन्यास मौलिक अप्रकाशित उपन्यास भएको *गरिमा* पत्रिकामा उल्लेख गरिएको छ । श्रीमती सावित्रीदेवी गुप्ताले उक्त उपन्यासको पान्डुलिपि सुरक्षित गरिराखेको र उपलब्ध गराएको कुरा समेत प्रकाशनका सन्दर्भमा उल्लेख गरिएको देखिन्छ ।श्रीमती साबित्रीदेवी गुप्ताले पान्डुलिपि सुरक्षित नगरेको भए नेपाली पाठकहरुले *सुन्तली* उपन्यासको रसास्वादन गर्न पाउने सम्भावना नहुने समेत उल्लेख छ ।

तेजप्रसाद पौडेलले *उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण* (वि. सं. २०४७) शीर्षकको अप्रकाशित शोधपत्रमा भवानी भिक्षुका औपन्यासिक स्वभावहरुको विश्लेषण गरेका छन् । उनले भिक्षुका उपन्यासमा भएका मनोवैज्ञानिक प्रवृत्ति, आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति आदिको उल्लेख गरेका छन् ।

कृष्ण प्रधानले *उन्नयन* पत्रिकामा भवानी भिक्षुको *सुन्तली* उपन्यासको विभिन्न कोणबाट विश्लेषण गरेका छन् । सो पत्रिकामा भिक्षु विशेषाङ्क नै प्रकाशित गरिएको छ । सो पत्रिकाको विशेषाङ्कका रूपमा रहेको अङ्क १० (विं.सं. २०४९, पृ. ७५-७९) मा *भिक्षुको सुन्तली* शीर्षक राखी उक्त उपन्यासका बारेमा विश्लेषण गरिएको छ । उक्त उपन्यासलाई प्रधानले आदर्शोन्मुख यथार्थवादी उपन्यास भनी चित्रण गरेका छन् । कथानकमा अपत्यारिलो सन्दर्भ रहेको र नारी मनोदशालाई चित्रण गर्ने कार्य भएको भनी प्रधानले उल्लेख गरेको देखिन्छ ।

भिक्षुका कथामा मनोविज्ञानको अध्ययन गर्ने कार्य गोपाल प्रसाद भन्डारीले गरेका छन् । उनले *भिक्षुका कथामा मनोविज्ञान* शोधपत्र (वि.सं. २०५१) मा *सुन्तली* उपन्यासका बारेमा विश्लेषण गरेको देखिन्छ । भन्डारीले *सुन्तली* उपन्यासको विभिन्न कोणबाट व्याख्या तथा विश्लेषण गरेका छन् । भिक्षुको पृष्ठभूमि, अध्ययन, रुचि, विधागत पहुँच जस्ता विविध विषयमा केन्द्रित रहेर उक्त विशेषाङ्क प्रकाशन गरिएको देखिन्छ ।

दीपकप्रसाद गौतमले भवानी भिक्षुको *सुन्तली* उपन्यासको अध्ययन नगरे पनि *आगत* उपन्यासको अध्ययनका सन्दर्भ(वि. सं. २०५८)मा भवानी भिक्षुको औपन्यासिक प्रवृत्तिको चर्चा गरेका छन् । *सुन्तली* उपन्यास आदर्शोन्मुख यथार्थवादी भएको कुरा समेत उल्लेख छ ।

भिक्षुका विभिन्न उपन्यासमध्ये *आगत*जति ठूला आकारमा कुनै पनि उपन्यास रहेका छैनन् । भिक्षुको *सुन्तली*को विश्लेषण गर्ने सन्दर्भमा कृष्ण प्रधानले यस उपन्यासको आकारमाथि विशेष प्रश्न उठाएको देखिन्छ । प्रधानले *सुन्तली* उपन्यास कुनै लामो कथा भन्दा फरक पर्दैन भनी *गरिमा* पत्रिकाले उपन्यास भनी प्रकाशन गरेको कुरामा केही सवालहरु खडासमेत गरेको देखिन्छ । उनले *सुन्तली*लाई उपन्यास बनाउनका लागि कथा अझ धेरै थप्नुपर्ने आवश्यकता रहेको समेत औँल्याएको देखिन्छ । यस क्रममा *सुन्तली* उपन्यासमा भएका नेपाली समस्या र सामाजिक संस्कारबारे जानकारी गराइएको देखिन्छ ।

भिक्षुको व्यक्तित्व र कृतित्वका बारेमा थप प्रकाश पार्ने कार्य *उन्नयन* पत्रिका (विं.सं. २०५९) ले गरेको छ । उक्त पत्रिकाले भिक्षु विशेषाङ्क प्रकाशन गरी एकातिर *सुन्तली* उपन्यासका बारेमा केही प्रकाश पारेको छ भने अर्कातिर उनको आख्यानकारिता र उपन्यासकारितामाथि समेत थप प्रकाश पारेको छ । सो विशेषाङ्कमा भिक्षुसँग सम्बन्धित रोचक सामग्रीहरू दिइएको छ ।

अच्युतरमण अधिकारीले *उन्नयन* विशेषाङ्क (वि. सं. २०४९) मा *एउटा भिक्षुको कथा* शीर्षकको लेख लेखेका छन् । यस लेखमा भिक्षुको जीवनका विविध पाटाबारे जानकारी दिइएको देखिन्छ । त्यसै गरी केशवप्रसाद उपाध्याय, वासुदेव त्रिपाठी, पूर्णप्रकाश नेपाल यात्री आदिले समेत भिक्षुका बारेमा जानकारी दिने र लेखरचनाको विश्लेषण गर्ने कार्य गरिएको देखिन्छ । उपाध्यायले भिक्षुको कवितायात्रासँग सम्बन्धित लेख लेखेका छन् भने त्रिपाठीले भिक्षुको कथाकारितामाथि विशेष रुपमा प्रकाशित गर्ने कार्य गरेका छन् । त्यसै गरी यात्रीले पनि भिक्षुको कथाकारिताको उचाइको प्रसंशा गरेका छन् । उक्त विशेषाङ्कमा *मेरा दृष्टिमा भवानी भिक्षु* शीर्षकको लेखमा भवानी भिक्षुको जीवन र लेखनसँग सम्बन्धित विषयहरु भानुभक्त पोखरेलले उल्लेख गरेका छन् ।

यसप्रकार भवानी भिक्षुका विभिन्न कृति र जीवनीका बारेमा फरकफरक कोणबाट अध्ययन भएको देखिन्छ । तीमध्ये *सुन्तली* उपन्यासको पनि केही मात्रामा अध्ययन भएको देखिन्छ । यसबाट उनको *सुन्तली* उपन्यासका बारेमा केही न केही रुपमा प्रकाशित भएको देखिन्छ । उनको काव्यकारिता, कथाकारिता तथा उपन्यासकारिताका क्षेत्रमा भएका यसपूर्वका कार्यहरु आफैमा उल्लेखनीय र प्रशंसनीय देखिन्छन् । ती कार्यहरुबाट भिक्षुका बारेमा धेरै कुराहरु जान्न सकिने देखिन्छ । उनको *सुन्तली* उपन्याससँग जोडिएर गरिएका अध्ययन र विश्लेषणहरु पनि उल्लेखनीय भएकाले यहाँ तीबारे केही रुपमा समीक्षा गरिएको हो । तर यति हुँदाहुँदै पनि भिक्षुको *सुन्तली* उपन्यासमा मात्र केन्द्रित भएर समग्र रुपमा विधातात्त्विक अध्ययन भएको देखिँदैन । यसले एउटा महत्त्वपूर्ण कार्य सम्पन्न गर्न बाँकी रहेको स्पष्ट हुन्छ । तसर्थ *सुन्तली उपन्यासको विधातात्त्विक अध्ययन* शीर्षकको यस शोधकार्य गर्नु अनिवार्य आवश्यकताका रुपमा देखिएको हो र सोही अभाव पूर्ति गर्ने उद्देश्यका साथ यस शोधकार्य सम्पन्न गरिएको हो ।

## १.५. शोधकार्यको औचित्य र महत्त्व

भवानी भिक्षुको उपन्यासका बारेमा भएका पूर्वअध्ययनहरूलाई हेर्दा उनका उपन्यासका प्रवृत्तिहरूलाई अध्ययन गरेको देखिन्छ । यसले उनको उपन्यासकारितालाई थप प्रकाशित गरे पनि *सुन्तली* उपन्यासको समग्र अध्ययन हुन नसकेको देखिन्छ । उनीहरूका कार्यहरूको मुख्य उद्देश्य उनको समग्र औपन्यासिक प्रवृत्तिमा केन्द्रित रही अध्ययन गर्नु रहेको छ । यसले पनि उनको *सुन्तली* उपन्यासको छुट्टै समग्र अध्ययन गरेको देखिँदैन । तसर्थ भिक्षुको उनको औपन्यासिक योगदानका परिप्रेक्ष्यमा *सुन्तली* उपन्यासको औचित्य र महत्त्वका बारेमा प्रकाश पार्ने कार्य शोधकार्यको आवश्यकता रहन गएको छ ।

यस शोधपत्र भिक्षुको औपन्यासिक योगदान र *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेकाले यसको महत्त्व रहेको छ ।भवानी भिक्षु कवि, कथाकार, निबन्धकार, साहित्यसेवी र उपन्यासकारका रुपमा समेत देखिन्छन् । उनले यी सबै क्षेत्रका तुलनामा कथामा विशेष पहिचान बनाएको देखिन्छ । तर उनको *आगत* उपन्यासले भने उनलाई नेपाली उपन्यासका इतिहासमा एक उच्च स्थान हासिल गर्ने उपन्यासकार रुपमा समेत स्थापित गराएको देखिन्छ । भिक्षुका अन्य उपन्यासहरु पनि प्रकाशित भएको देखिन्छ । यसमध्ये *सुन्तली* उपन्यास पनि एक हो । *सुन्तली* उपन्यास आफैमा रोचक र सामाजिक यथार्थको चित्र उतारिएको उपन्यासका रूपमा देखिएको छ । गरिबी र अशिक्षाका कारण मानव पनि कुनै पशुसरह खरिदबिक्रीको प्रपन्चमा पर्नुपर्ने बाध्यता यस उपन्यासमा देखाइएको छ । यस खालको उपन्यासको तात्कालीन यथार्थ र पृष्ठभूमिलाई उजागर गर्ने उपन्यासका रुपमा रहेको *सुन्तली* उपन्यासका बारेमा आंशिक र छिटफुट रुपमा कार्य भएको देखिन्छ । यी कार्यहरुले आफैमा उल्लेखनीय भूमिका निर्वाह गरे पनि यससँग सम्बन्धित एउटा गहन अध्ययन आवश्यक देखिएकाले यससँग सम्बन्धित शोधपत्रका रुपमा यस शोधकार्य सम्पन्न गरिएको हो ।

यस शोधपत्रमा *सुन्तली* उपन्यासका बारेमा अध्ययन गर्नुका साथै भिक्षुको जीवनीबारे केही मात्रा उल्लेख गरी उनको औपन्यासिक यात्रा, नेपाली उपन्यास परम्परामा उनको उपन्यासकारिता आदिबारे पनि केही मात्रामा जानकारी गराइएको छ । उक्त उपन्यासको समग्र विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको एकमात्र शोधकार्य भएकाले पनि यस शोधको महत्त्व तथा औचित्य पुष्टि हुन्छ ।

## १.६. शोधको सीमाङ्कन

कुनै पनि अध्ययनको सीमाङ्कन गर्नु आवश्यक हुन्छ । जसले गर्दा उद्देश्यअनुरूप कार्य गर्न थप सहज हुन जान्छ । भवानी भिक्षुको समग्र साहित्यिक योगदान व्यापक भएकाले यस शोधपत्रको अध्ययनको क्षेत्र र विषय पनि सीमाङ्कन गर्नु आवश्यक ठानी सीमा तोकिएको छ । यसको सीमा तोक्ने क्रममा भिक्षुको उपन्यासकारिताका बीच *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनलाई प्रमुख विषय बनाइएको छ । यस शोधपत्र *सुन्तली* उपन्यासमा नै मुख्य रूपले केन्द्रित हुने भएकाले उक्त उपन्यास बाहेकका उनका सम्पूर्ण साहित्यिक कृति यस शोधपत्रका सीमा रहेका छन् ।

## १.७. सामग्री सङ्कलन पद्धति र शोधविधि

शोधपत्र तयार पार्दा भवानीको औपन्यासिक प्रवृत्तिको पहिचान गरी उनको *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ । यसका लागि पुस्तकालयीय अध्ययन पद्धतिलाई अपनाइएको छ । सम्बन्धित अध्ययन भएका विभिन्न पत्रपत्रिका तथा ग्रन्थहरूको अध्ययन गर्ने कार्य यसमा भएको छ ।

*सुन्तली* उपन्यासको विश्लेषण गर्दा विधातात्त्विक समालोचना पद्धतिअनुसार यथोचित विश्लेषण गर्ने कार्य भएको छ । भिक्षुका औपन्यासिक प्रवृत्ति र व्यक्तित्वको अध्ययन गर्दा जीवनीपरक र कालक्रमिक अध्ययन पद्धति समेत अँगालिएको छ । यस शोधपत्र ***सुन्तली*** *उपन्यासको विधातात्त्विक अध्ययन* भएको हुँदा प्रचलित समीक्षाशास्त्रले निर्देश गरेका वा अँगालेका औपन्यासिक उपकरणहरूलाई मुख्य आधार बनाई विश्लेषण गरिएको छ ।

## १.८. शोधपत्रको रूपरेखा

*सुन्तली उपन्यासको विधातात्त्विक अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्रमानिम्न अनुसार परिच्छेद योजना गरिएको छ :

**पहिलो परिच्छेद :** **शोधपरिचय**

**दोस्रो परिच्छेद :** **भवानी भिक्षुको जीवनी, उपन्यासयात्रा र प्रवृत्ति**

**तेस्रो परिच्छेद :** **उपन्यास विश्लेषण सिद्धान्त**

**चौथो परिच्छेद :** ***सुन्तली* उपन्यासको विधातात्त्विक विश्लेषण**

**पाचौँ परिच्छेद :** **भवानी भिक्षुको उपन्यासकारिताको स्थान, योगदान र मूल्याङ्कन**

**छैटौँ परिच्छेद :** **उपसंहार**

यस शोधपत्रमा उपर्युक्त छवटा परिच्छेदका अतिरिक्त अन्य भाग पनि रहेका छन् । यस शोधपत्रको अग्रभागमा शोधनिर्देशकको मन्तव्य, कृतज्ञता ज्ञापन, सङ्क्षेपीकृत शब्दसूची, चिन्हसूची जस्ता शीर्षकहरू रहेका छन् । त्यसै गरी अन्त्य भागमासन्दर्भ सामग्रीसूची रहेको छ । यसरी शोधपत्रको समग्र स्वरूप तयार भएको छ ।

परिच्छेद-दुई

# भवानी भिक्षुको जीवनी, उपन्यासयात्रा र प्रवृत्ति

## २.१ परिचय

भवानी भिक्षु नेपाली साहित्यका मूर्धन्य साहित्यकार हुन् । उनी एक कुशल सम्पादक र विशिष्ट व्यक्तित्वका रूपमा समेत परिचित छन् । उनको विभिन्न विधामा योगदान भए पनि विशेष गरी आख्यानका क्षेत्रमा विशेष योगदान भएको देखिन्छ । उनलाई *आगत* उपन्यासका लागि भनी वि.सं. २०३२ सालको साझा र मदन पुरस्कारसमेत प्रदान गरिएको थियो । यसबाहेक उनलाई वि.सं. २०३६ सालमा त्रिभुवन पुरस्कारद्वारा सम्मानितसमेत गरिएको थियो । उनको *सुन्तली* उपन्यास उनको मृत्युपश्चात वि.सं. २०४० सालमा धारावाहिक रूपमा प्रकाशित गरिएको देखिन्छ । यस शोधपत्र उनको यही उपन्याससँग सम्बन्धित शोधपत्र हो । यस शोधपत्रको यस परिच्छेदमा भवानी भिक्षुको सङ्क्षिप्त परिचय दिने, उनको समग्र औपन्यासिक यात्राको परिचय गराउने र उनको औपन्यासिक प्रवृत्तिबारे जानकारी गराउने कार्य गरिएको छ ।

## २.२. भवानी भिक्षुको सङ्क्षिप्त जीवनी

साहित्यकार भवानी भिक्षुको जन्मको समय विवादित रहे पनि वि. सं. १९६६ साललाई नै उनको जन्मसाल मानिएको देखिन्छ । उनको जन्म कपिलवस्तु जिल्लाको तौलिहवा नगरमा भएको हो । भिक्षुका बुबाको नाम इन्द्रप्रसाद गुप्ता र आमाको नाम यशोदादेवी गुप्ता हो । तारानाथ शर्माले उनको जन्म वि. सं. १९६१ साल भएको उल्लेख गरेका छन् ।[१]डा. केशवप्रसाद उपाध्यायको मत भने योभन्दा पनि भिन्न खालको रहेको छ । उनले भिक्षुको जन्म वि. सं. १९७२ साल भएको उल्लेख गरेको देखिन्छ ।[२]

---

१ तारानाथशर्मा. *नेपाली साहित्यको इतिहास* (दो.सं.), (ललितपुरः साझा प्रकाशन, २०३९), पृ. ११० ।

२ केशवप्रसादउपाध्याय. ***प्रकाश**का आलोकमा भिक्षुको कवितात्मक दृष्टि र सृष्टिको रेखाङ्कन, **उन्नयन**, भवानी भिक्षु विशेषाङ्क (अङ्क १०),* २०४९ ।

तारानाथ शर्माको मतसँग आनन्ददेव भट्ट र पूर्णप्रकाश नेपाल *यात्री*को मत मिल्न गएको देखिन्छ । यी दुवैले वि. सं. १९७१ साललाई नै उनको जन्मसाल मानेको देखिन्छ ।[३] योभन्दा पनि पछिको समयमा उनको जन्म भएको भन्ने मत राख्नेहरू पनि देखिन्छन् । जसमा डा. कृष्णहरि बराल र डा. नेत्र एटम पर्दछन् । उनीहरूले भिक्षुको जन्ममिति वि. सं. १९७२ लाई मानेको देखिन्छ ।[४] यसले उनको जन्ममितिका बारेमा केही विवाद भएको देखाउँदछ ।

साहित्यकार भवानी भिक्षुको जन्ममितिको विवादका बीच अच्युतरमण अधिकारीले केही स्पष्ट प्रमाण दिने प्रयास गरेको देखिन्छ । उनले भिक्षुको जन्मपत्रिकासमेत समावेश गरी वि. सं. १९६६ साललाई जन्मसाल ठहर गरेका छन् । उनका अनुसार उनको जन्म उक्त सालको जेठ २१ गते विहीबार, ज्येष्ठ शुक्ल चतुर्दशीका दिन भएको हो ।[५] जन्मपत्रिकासमेत समावेश गरिएकाले अधिकारीले दिएको मिति नै विश्वसनीय मान्न सकिने देखिन्छ ।

जन्मका हिसाबले भवानी भिक्षु दोस्रो भए पनि उनका दाजु त्रिवेणीको मृत्यु सानैमा भएकाले उनलाई कर्मले जेठो मानिनुपर्ने धारणा रहेको देखिन्छ । उनीपछि लालमोहन, मखनलाल, र मदन नाम गरेका भाइहरू तथा गिरिधर नाम गरेकी बहिनीको जन्म भएको उल्लेख भएको पाइन्छ ।[६] उनी सानै छँदा विफरले पिरोलेको र उनी मरणासन्न अवस्थामा पुगेको कुरा विभिन्न सम्बन्धित लेखहरूमा उल्लेख भएको पाइन्छ । यतिबेला उनकी आमा यशोदादेवीले माता भवानी माई अर्थात् माई शीतलादेवीसँग उनको जीवनको भिक्षा मागेर उनलाई बचाएको र यही कारण भिक्षा, भिख्खा आदि नाउँबाट सम्बोधित हुँदै भिक्षुको नाम

---

३ (क)आनन्ददेवभट्ट. *श्री भवानी भिक्षु र फेरि त्यो फर्कला?,* पृ. ६ (ख) नेपाल *यात्री,*पूर्णप्रकाश, *कथाकार भवानी भिक्षु र त्यो फेरि फर्कला? कथामाथि विहंगम दृष्टि,* पृ ६० ।

४ कृष्णहरिबराल र नेत्र एटम. *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुरः साझा प्रकाशन, वि. सं. २०५६ (पृ. १०६) ।

५ अच्युतरमणअधिकारी. *एउटा भिक्षुको कथा,* **उन्नयन** भवानी भिक्षु विशेषाङ्क(अङ्क १०), पूर्ववत् (पृ ४५४) ।

६ गोपालप्रसादभन्डारी. *भवानी भिक्षुका कथामा मनोविज्ञान,* **अप्र.** शोध प्रवन्ध, विद्यावारिधि, त्रि.वि., कीर्तिपुर, वि. सं. २०५१, परिशिष्ट *क* ।

भवानी भिक्षु रहन गएको उल्लेख भएको पाइन्छ ।[७] कतै प्रसादस्वरूप बाँचेकाले भवानीप्रसाद गुप्ताका नामले समेत उनलाई जानिन्छ । तर उनको न्वारनको नाम भने नोहरराम भएको उल्लेख छ ।[८] यसबाहेक भवानी भिक्षुको नामसँग जोडिएका अन्य कुराहरूसमेत आएको देखिन्छ ।

भवानी भिक्षुको *भिक्षु* उपनामका सन्दर्भमा डा वासुदेव त्रिपाठीको केही फरक मत रहेको देखिन्छ । त्रिपाठीले वाल्यकालमा बालकका निम्ति उनकी आमाले मागेको जीवनभिक्षासँग जोडिए पनि यसबाहेक गौतम बुद्धप्रतिको श्रद्धाका कारणसमेत साहित्यमा उनको *भिक्षु* उपनाममा भूमिका खेलेको उल्लेख गरेको देखिन्छ ।[९]

भवानी भिक्षुको शिक्षाको आरम्भिक चरण भारतमा भएको देखिन्छ । *मुकुन्द कान्दु* नामक एक भारतीय शिक्षकसँग घरैमा प्रारम्भिक शिक्षादिक्षा हासिल गर्ने कार्य उनले गरेका थिए । यसपछि उनले भारतको बस्ती स्कुलमा गई कक्षा नौसम्मको शिक्षा हासिल गरेको देखिन्छ । उनले घरैमा स्वाअध्ययन गरी भारतको इन्दौरबाट हिन्दीमा *कूलभूषण* परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको उल्लेख भएको पाइन्छ ।

भवानी भिक्षुले माथि उल्लिखित औपचारिक शिक्षाबाहेक अनौपचारिक शिक्षासमेत हासिल गरेको देखिन्छ । उनको जीवनीसँग सम्बन्धित विभिन्न शोधपत्र तथा लेखहरूमा फरकफरक भाषामा उनले थप दक्षता हासिल गरेको उल्लेख भएको पाइन्छ जबकि उनको मातृभाषा भने अवधि रहेको देखिन्छ । यसक्रममा उनले हिन्दी, अङ्ग्रेजी, बङ्गाली र उर्दू भाषामा समेत राम्रो दक्षता हासिल गरेको उल्लेख भएको पाइन्छ । उनको सम्पर्क र साहचर्य भाषाका रूपमा भोजपुरी भएको उल्लेख भएको पाइन्छ । यति हुँदाहुँदै पनि उनले नेपाली साहित्यमा छुट्टै योगदान दिन सक्षम भएको देखिन्छ । कतिपयले उनले नेपाली भाषालाई कर्म भाषाका रूपमा लिइएको उल्लेख गरेको देखिन्छ ।

---

[७] तेजप्रसादपौडेल. *उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण,* अप्र. शोधपत्र, स्नातकोत्तर, ने. के. वि. कीर्तिपुर, वि. सं. २०४७ ।

[८] दीपकप्रसादगौतम. *आगत उपन्यासको कृतिपरक अध्ययन,* अप्र. शोधपत्र, ने. के. वि. कीर्तिपुर, वि. सं. २०५८ ।

[९] वासुदेवत्रिपाठी. *भवानी भिक्षुको समष्टि कथायात्रा: एक रेखाङ्कन,* **उन्नयन** भवानी भिक्षु विशेषाङ्क, पूर्ववत्, (पृ. ३४६) ।

भवानी भिक्षुको जीवन पारिवारिक दृष्टिले निकै कारुणिक रहेको देखिन्छ । उनले सानै उमेरमा आमाबाबुबाट अलग्गिएर जीवन कटाउनु पऱ्यो । बाल्यकालमात्र होइन उनको यौवनकाल पनि सुखद भएको देखिँदैन भनी टिप्पणी गरिएको पाइन्छ । उनको वैवाहिक जीवनले लामो समय पार गर्न नपाउँदै सम्बन्धविच्छेद हुन पुगेको उल्लेख भएको पाइन्छ । सम्बन्धविच्छेदपछि उनको जीवन थप कारुणिक र समस्याग्रस्त भएको उल्लेख भएको पाइन्छ । वेदना र आर्थिक समस्याले ग्रस्त भए पनि उनले वि. सं. २००५ सालमा दोस्रो विवाह गरेको देखिन्छ । तर उनकी दोस्री पत्नी पनि उनीबाट सदाका लागि टाढा हुन पुगेको देखिन्छ । दोस्रो विवाहको चार वर्ष पुग्दा नपुग्दै उनकी पत्नीको मृत्यु भएको थियो । यसरी एकपछि अर्को समस्या थपिनु र आर्थिक समस्या आइपर्नुले उनलाई सुखपूर्ण जीवन जिउन दिएन ।

भवानी भिक्षु काठमाडौँ रहँदा उनको घरमा काम गर्ने सावित्रीबाट एक सन्तानको जन्म भएको देखिन्छ । आफू स्वस्थ हुँदै उनले आफ्नो लेखकीय आम्दानी र सम्पूर्ण सम्पत्ति सावित्री र उक्त सन्तानका नाममा गरिदिएका थिए ।[१०] उनको उक्त सन्तानलाई उनको नभएर उनको भतिजोको हो भन्ने मत पनि पाइन्छ । उनले नाति भनेर बोलाएबाट पनि उक्त कुरा पुष्टि हुने मानिएको छ । यसबाट भिक्षु निःसन्तान नै हुन सक्ने अनुमान लगाइएको देखिन्छ ।[११] यसरी उनको समग्र जीवनयात्रा सुखद हुन नसकेको देखिन्छ ।

भवानी भिक्षुलाई साहित्यका क्षेत्रमा लाग्न प्रेरित गर्ने श्रेय तौलिहवाकै पशुपतिप्रताप पुरीलाई दिइएको पाइन्छ । पुरी सम्पन्न परिवारका भएकाले विभिन्न पुस्तकहरू किनेर ल्याउने गरेको र भिक्षुले ती पुस्तकहरू पढ्ने गरेको उल्लेख भएको पाइन्छ । यसरी पढ्दापढ्दै उनको अध्ययनप्रति निकै अभिरुचि बढेर गएको उल्लेख छ । यसरी उनमा साहित्यिक कृतिहरूको अध्ययन गर्ने लत बसेको मानिन्छ ।

भवानी भिक्षुले विभिन्न भाषाका साहित्यिक कृतिहरूको अध्ययन गरेको देखिन्छ । उनले पशुपतिप्रताप पुरीको साथमा लागेर हिन्दी, अङ्ग्रेजी, बङ्गाली, उर्दू आदि भाषामा रचिएका साहित्यिक कृतिहरूको अध्ययन गरेको देखिन्छ । पशुपतिप्रताप पुरी पनि साहित्यका पारखी भएकाले उनले वि.सं. १९९३ आश्विन शुक्ल द्वादशीका दिन तौलिहवामा एउटा

---

१० दीपकप्रसादगौतम. पूर्ववत् ।

११ ऐजन् ।

पुस्तकालय स्थापना गरेको देखिन्छ । यस बेला भिक्षुले स्वदेशी तथा विदेशी विभिन्न कथाकार तथा कविहरूका कृतिहरूको अध्ययन गरेको देखिन्छ । भिक्षुले प्रेमचन्द, शरत्चन्द्र, बंकीमचन्द्र, चेखव, गोर्की, गाल्सवर्टी, पो, दस्तोएवस्की, मोपाँसा, देवकोटा, बाल्जाक, सार्त्र, एमिलजोला, कोइराला, सम, जैनेन्द्र आदिका कृतिहरू भिक्षुले अध्ययन गरेको उल्लेख भएको पाइन्छ । यी कृतिहरूको अध्ययनबाट उनमा साहित्यलेखनको शैली, चेतना स्तर र कलाको प्रस्तुतिको यथायोग्य सीपको समेत विकास हुन थालेको मानिन्छ ।[१२]

भिक्षुलाई एकान्तप्रिय र भावुक स्वभावका लेखकका रूपमा लिइन्छ । उनले सानै उमेरदेखि साहित्यिक कृतिहरूको अध्ययन गर्ने अवसर पाएका थिए भने अर्कातिर १० वर्षकै उमेरदेखि कविता लेख्न थालेको देखिन्छ ।[१३] उनी पछि काठमाडौँ आउन थालेको र यसरी आउनेजाने क्रम बढ्दै जाँदा गोरखापत्रका तत्कालीन सम्पादक प्रेमराज शर्मा, सिद्धिचरण श्रेष्ठ र शारदाका सम्पादक ऋद्धिबहादुर मल्लसँग सम्पर्क भएको उल्लेख भएको पाइन्छ । यही सम्पर्कले नै उनलाई नेपाली भाषामा लेख्न प्रेरित गरेको मानिन्छ । यसबाट उनी नेपाली साहित्यका विशिष्ट साहित्यकार बनेको उल्लेख भएको पाइन्छ ।[१४]

## २.३. भवानी भिक्षुको साहित्य सृजना

सानैदेखि कविता तथा अन्य विधामा सृजना गर्न थालेका भवानी भिक्षुको पहिलो रचना निबन्धलाई मानिन्छ । उनको *आलोचक र आलोचना* नामक निबन्धलाई पहिलो रचना मानिन्छ जुन हिन्दीमा थियो । यसलाई ऋद्धिबहादुर मल्लले नेपालीमा अनुवाद गरी आफ्नो सम्पादनमा निस्केको *शारदा* (२/९, वि. सं. १९९३) पत्रिकामा प्रकाशित गराए ।[१५]

भवानी भिक्षुको पहिलो कविता पनि *शारदा* पत्रिकामा नै प्रकाशित भएको देखिन्छ । पहिलोचोटि प्रकाशित उनको कविता पद्य नभई गद्य भएको उल्लेख छ । *शारदा* (२/१०, वि.

---

[१२] गोपाल भण्डारी. पूर्ववत् (पृ. ६०)

[१३] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ ९-१०)

[१४] तेजप्रसाद पौडेल. पूर्ववत्, (पृ. ३६) ।

[१५] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ १०)

सं. १९९३) पत्रिकामा उनको *वियोगरात्रि* शीर्षकको कविता प्रकाशित भएको देखिन्छ । यही कवितालाई नै उनको पहिलो कविता भनी उल्लेख भएको देखिन्छ ।[१६]

भवानी भिक्षुले विभिन्न विधामा रचना गरे पनि आख्यानका क्षेत्रमा विशेषतः आफ्नो पहिचान बनाएको देखिन्छ । उनको आख्यानात्मक पहिलो रचना कहिले प्रकाशित भयो र उक्त रचना कुन थियो भन्ने कुराको जानकारी राख्नु पनि आम चासोको विषय हुन सक्छ । उनको पहिलो निबन्ध र पहिलो कविता *शारदा* पत्रिकामा प्रकाशित भएझैँ पहिलो कथा पनि *शारदा* पत्रिकामा नै प्रकाशित भएको देखिन्छ । *शारदा*(४/६, वि. सं. १९९५)पत्रिकामा उनको *मानव* शीर्षकको कथा प्रकाशित भएको उल्लेख छ ।[१७]

भवानी भिक्षु रचयितामात्र नभई नेपाली साहित्यको सेवासमेत गर्ने व्यक्तित्वका रूपमा देखिएका छन् । उनले नेपाली साहित्यिक पत्रिकाहरूमा काम गरेको देखिन्छ । भिक्षु वि. सं. १९९९ देखि वि. सं. २०१३ सम्म *शारदा* पत्रिकाको सम्पादक भएको देखिन्छ । त्यसै गरी वि. सं. २०१३ सालतिर *धरती* पत्रिकाका सम्पादक भएको देखिन्छ । उनी वि. सं. २०१४ सालमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (तात्कालीन) मा सदस्य भएको देखिन्छ । पछि भने सो प्रतिष्ठानका आजीवन सदस्यसमेत भएको देखिन्छ ।

साहित्य लेखन र साहित्य सेवा गर्ने भवानी भिक्षु नेपाली साहित्यका क्षेत्रमा सम्मानित र पुरस्कृतसमेत भएको देखिन्छ । उनको *आगत* उपन्यास उनलाई मदन पुरस्कार दिलाउने उपन्यास बन्न पुग्यो । उनले वि. सं. २०३२ सालको मदन पुरस्कार यसै उपन्यासको रचनाका लागि प्राप्त गरेका थिए ।

भवानी भिक्षुको त्यतिबेला हुने स्वदेश तथा विदेशमा हुने साहित्यिक गतिविधिसँगको मूल्याङ्कन पनि भएको देखिन्छ । उनले यसका अतिरिक्त नेपाली भाषा र साहित्यमा उल्लेखनीय योगदान गरेका छन् । उनको यसप्रकारको अविस्मरणीय योगदानको कदर गर्दै नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानबाट वि. सं. २०३६ सालमा त्रिभुवन पुरस्कारद्वारा

---

[१६] दीपकप्रसादगौतम. पूर्ववत् (पृ १०)

[१७] दीपकप्रसादगौतम. पूर्ववत् (पृ १०)

सम्मानसमेत गरियो ।[१८] यसरी नेपाली साहित्यमा उनको उल्लेखनीय र अविस्मरणीय योगदान भएको देखिन्छ ।

साहित्यकार भवानी भिक्षुले विभिन्न विधामा कलम चलाएका छन् । उनले कविता, कथा, निबन्ध, उपन्यास, एकाङ्की आदिको रचना गरेको उल्लेख भएको देखिन्छ । उनले सानैदेखि स्वदेशी तथा विदेशी कविलेखकहरूका विभिन्न विधाका रचनाहरूको स्वाध्ययन गरेको देखिन्छ । उनले एकातिर लेखनमा सशक्त कलम चलाएको देखिन्छ भने अर्कातिर साहित्यको सेवामा पनि निकै योगदान दिएको देखिन्छ । विभिन्न साहित्यिक पत्रपत्रिकामा सम्पादकसमेत रहेर काम गरेका भिक्षुलाई स्रष्टाका रूपमा मात्र लिन सकिने देखिँदैन । उनले विभिन्न विधाहरूमा कलम चलाए पनि उनको परिचय विशेषरूपमा आख्यानसँग जोडिएको देखिन्छ । चर्चा र प्राप्तिका हिसाबले उनको औपन्यासिक क्षेत्र अझ प्रबल रहेको समेत मानिन्छ । तर कथा र उपन्यास दुवै क्षेत्रमा उनको उत्तिकै योगदान रहेको देखिन्छ ।

निबन्धकार भवानी भिक्षुको निबन्ध सङ्ग्रह प्रकाशित भएको देखिँदैन । उनको *शारदा* पत्रिकामा प्रकाशित पहिलो निबन्ध *आलोचक र आलोचना* थियो जुन रचनालाई उनको साहित्यिक यात्राको पहिलो रचनाका रूपमा लिइएको देखिन्छ । *मधुपर्क*आदि पत्रपत्रिकामा समेत उनका निबन्धहरू छरिएर रहेका देखिन्छन् । त्यसै गरी उनले एकाङ्कीका क्षेत्रमा पनि प्रयास गरेको देखिन्छ । उनले *पर्दापछाडि* शीर्षकको एकमात्र एकाङ्कीको लेखन गरेका छन् । यसरी हेर्दा उनका विभिन्न क्षेत्रमा रुचि रहेको देखिन्छ । कविता, कथा र उपन्यासका भने कृतिहरू नै प्रकाशित भएको देखिन्छ । उनका ती पुस्तकाकार कृतिहरू यसप्रकारका रहेका छन्:

## कवितासङ्ग्रह

१. छाया (वि. सं. २०१७)

२. प्रकाश (वि. सं. २०१७)

३. परिष्कार (वि. सं.२०१७)

---

[१८] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ १०)

**कथासङ्ग्रह**

१. गुनकेशरी (वि. सं. २०१७)

२. मैयाँसाहेब (वि. सं. २०१७)

३. आवर्त (वि. सं. २०२४)

४. अवान्तर (वि. सं. २०३४)

**उपन्यास**

१. सुभद्रा बज्यै (वि. सं. २०१९)

२. आगत (वि. सं. २०३२)

३. पापप नं. २ (वि. सं. २०३४)

४. सुन्तली (वि. सं. २०४०)

यसरी भवानी भिक्षुले विभिन्न विधामा कलम चलाएको देखिन्छ । उनले जुन क्षेत्रमा कलम चलाए पनि आख्यानका क्षेत्रमा नै उनको विशेष परिचय कायम हुन पुगेको देखिन्छ । सामाजिक समस्या, मनोवैज्ञानिक दृष्टिकोण, मानवता आदि कुरालाई उनले आफ्ना कथा र उपन्यासमा स्थान दिएको देखिन्छ ।

नेपाली साहित्यका विभिन्न क्षेत्रमा कलम चलाएका भवानी भिक्षुको जीवनमा विभिन्न समस्याहरूले सताएको देखिन्छ । उनलाईअन्य समस्याका अतिरिक्त रोगव्यधिले पनि सताएको देखिन्छ । उनलाई सानैदेखि रोगले सताएको थियो भने जीवनको उत्तरार्द्धमा पनि रोगले नै सताएको देखिन्छ । यही बिरामीका कारण उनले मदन पुरस्कार प्राप्त गरेर प्रत्युत्तर भाषण गर्न समेत नसकेको देखिन्छ । त्यतिबेला उनको गलाको अप्रेशन गरिएको हुँदा सो भाषण गर्न नसकेको देखिन्छ । त्यसको लगत्तै उनलाई फोक्सोको क्यान्सर भएको र वि. सं. २०३८ साल वैशाख ४ गते उनको देहवसान भएको थियो । यसरी नेपाली आख्यानका मूर्धन्य प्रतिभा एवम् साहित्यसेवी भवानी भिक्षुको तीन दशक अगाडि मृत्यु भएको थियो । आज पनि उनका कृतिहरू अजरअमर नै छन् । विभिन्न क्षेत्रमा योगदान दिए पनि कथा र

उपन्यासका क्षेत्रमा उनको विशेष वर्चश्व रहेको देखिन्छ । यति भन्दैमा उनले कविताका क्षेत्रमा कम योगदान दिएको भन्न सकिँदैन । यसबाहेक छिटफुट रूपमा निबन्ध लेख्ने कार्य उनीबाट भएको छ । एकाङ्की पनि उनले लेखेको देखिन्छ ।

## २.४. भवानी भिक्षुको साहित्यिकयात्रा

भवानी भिक्षु कथाकार वा उपन्यासकारमात्र नभई कवि, निबन्धकार र एकाङ्कीकार पनि भएको देखिन्छ । उनको पहिलो प्रकाशित रचना पनि निबन्ध नै रहेको देखिन्छ । उनले पहिलो रचनाका रूपमा *आलोचक र आलोचना* निबन्ध *शारदा* पत्रिकामा प्रकाशित गरेको देखिन्छ । वि. सं. १९९३ सालमा उनको यस निबन्ध प्रकाशित भएको थियो । यसै सालमा उनको पहिलो कवितासमेत प्रकाशित भएको देखिन्छ । उनको पहिलो कविताको शीर्षक *वियोगरात्रि* रहेको देखिन्छ । त्यसै गरी उनले एक मात्र एकाङ्कीका रूपमा *पर्दापछाडि* प्रकाशन गरेको देखिन्छ । त्यसै गरी पहिलो कथाका रूपमा वि. सं. १९९५ मा *शारदा* पत्रिकामा प्रकाशित *मानव* कथा रहेको छ । यसरी साहित्यिक यात्रा अगाडि बढाएका भिक्षुका कविता, कथा र उपन्यासका पुस्तकाकार कृति प्रकाशित छन् भने निबन्ध र एकाङ्कीका कृतिहरू प्रकाशित भएको देखिँदैन ।

भवानी भिक्षुका जम्मा तीन वटा कविता कृति प्रकाशित छन् । यसले उनलाई एक बलियो कविका रूपमा समेत स्थापित गराउँछ । उनले कविताको वृहत् रूप (महाकाव्य) मा पनि हात हालेको तर उक्त कार्य पूरा हुन नसकेको देखिन्छ ।[१९]उनका कविता सङ्ग्रहका रूपमा *छाया* (२०१७), *प्रकाश* (२०१७) र *परिष्कार* (२०१७) रहेका छन् । उनलाई कवि नभनिदिएकोमा भिक्षुले दुःख मनाउ गरेको कुरा कविवर माधवप्रसाद घिमिरेले बताएको उल्लेख छ ।[२०]उनले आफूलाई कथाकार मात्र होइन कवि पनि हुँ भन्ने गर्दथे ।[२१]

---

१९ भवानीभिक्षु. *परिष्कार* (भूमिका) , काठमाडौँः नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०१७, भूमिका *क*।

२० दीपकप्रसादगौतम. पूर्ववत् (पृ १२)

२१ भानुभक्तपोखरेल. *मेरा दृष्टिमा भवानी भिक्षु,* **उन्नयन,** भवानी भिक्षु विशेषाङ्क, पूर्ववत्, पृ ७८ ।

भवानी भिक्षुले आफूलाई कवि पनि भन्न इच्छा राखेका कारणमात्र होइन आफैमा कविसमेत भएको कुरामा कसैको असहमति भएको देखिँदैन । उनलाई वासुदेव त्रिपाठीले भिक्षु हिन्दी छायावादी एवम् रहस्यवादी आलोकले नेपाली कविता साहित्यलाई आलोकित तुल्याउने स्वच्छन्दतावादी कवि भनेका छन् ।[२२] यसरी हेर्दा उनको कवित्व स्वच्छन्दतावादी कविका रूपमा झल्किएको मान्न सकिन्छ । उनले युग र जीवनका पीडाहरूलाई कवितामा स्थान दिएको कुरा उल्लेख भएको पाइन्छ । उनले सुक्ष्म तवरले युग र जीवनका पीडाहरूलाई अभिव्यक्त गरेको देखिन्छ ।[२३]उनले कविताका क्षेत्रमा जेजति काम गरे पनि उनलाई मूलतः कथाकार र उपन्यासकारका रूपमा नै लिइन्छ ।

भिक्षुका सबै कविताहरू उनका सङ्ग्रहहरूमा सङ्कलित भएको देखिँदैन । उनका *निजी सचिवालय, मन्त्री, इज्म, अस्तबलको घोडा, प्राइभेट सेक्रेटरी, एक्सचेन्ज रेट* आदि कविताहरू अप्रकाशित रहेको देखिन्छ । तर ती कवितामा तात्कालिक प्रभावबाट उत्पन्न मानसिक क्लेश र क्षोभले गर्दा लेखिएका कविताहरूलाई शान्त मनले समीक्षण गर्दा तिनमा अप्रसन्नता, नाराबाजी र नेतागिरी देखिएकाले कतिपय कविताहरू उनका सङ्ग्रहहरूमा नपरेको कुरा उल्लेख गरिएको पाइन्छ ।[२४] यसबाहेक उनका वि. सं. २०१७ सालपछिका कतिपय कविताहरू अझै छरिएर रहेको उल्लेख भएको पाइन्छ । डा. वासुदेव त्रिपाठीले उक्त कुरा जनाएको उल्लेख छ ।[२५]यसरी भवानी भिक्षु कविका रूपमा पनि रहेका छन् ।

भवानी भिक्षु कविका रूपमा भन्दा पनि आख्यानकारका रूपमा बढी परिचित छन् । *सुन्तली* उपन्यासको धारावाहिक प्रकाशन थाल्दा भिक्षुको परिचय दिने क्रममा वि. सं. २०४० सालको वैशाख अङ्कमा सम्पादकीय टिप्पणी मार्फत् उनलाई सिद्धहस्त कथाकार,

---

[२२] तेजप्रसाद पौडेल. पूर्ववत्, पृ. ३७ ।

[२३] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ १२)

[२४] खड्गमान मल्ल. *भवानी भिक्षुको कविता-यात्रा,* **उन्नयन** भवानी भिक्षु विशेषाङ्क, पूर्ववत्, पृ १३६ ।

[२५] वासुदेव त्रिपाठी. पूर्ववत्, पृ. ३५० ।

प्रबुद्ध साहित्यकार र उच्च कोटिका उपन्यासकार भनी चिनाइएको देखिन्छ । यस शोधपत्रमा उनको उपन्यासकारिता र *सुन्तली* उपन्यासमा बढी केन्द्रित हुनुपर्ने देखिए पनि उनको साहित्यिक यात्राको चर्चा गर्दा कथाकारिताका बारेमा केही स्पष्ट गर्नुपर्ने देखिन्छ ।

विशेषतः भवानी भिक्षुलाई कथाकारका रूपमा पनि चिनाइएको पाइन्छ । उनको पहिलो कथा *शारदा* पत्रिकामा वि. सं. १९९५ मा प्रकाशित भएको देखिन्छ । सोही कथाबाट नै उनको आख्यानात्मक यात्रा थालनी भएको मानिन्छ । उनको उक्त कथाको शीर्षक *मानव* रहेको थियो । यसरी कथायात्रा थालेका भिक्षका चारवटा कथासङ्ग्रह प्रकाशित छन् । ती कथासङ्ग्रहहरूमा *गुनकेशरी* (२०१७),*मैयाँसाहेब* (२०१७),*आवर्त* (२०२४) र *अवान्तर* (२०३४) रहेका छन् ।उनको कथायात्राको आखिरी विन्दु *स्वार्पण* (मधुपर्क १०/२, वि. सं. २०३४) लाई मानिन्छ ।[२६]

भवानी भिक्षु विशेषतः मनोविश्लेष्णात्मक कथाकारका रूपमा चिनिन्छन् । नेपाली कथामा विश्वेश्वरप्रसाद कोइरालाको *चन्द्रवदन* कथालाई यस खालको प्रवृत्ति भित्राउने कथाका रूपमा लिइन्छ । भवानी भिक्षुले पनि मनोवैज्ञानिक यथार्थवादी परम्परालाई पच्छ्याएको देखिन्छ । कतै कोइरालाको लेखनको उत्तराधिकारीका रूपमा समेत भिक्षुलाई लिइएको देखिन्छ ।

भवानी भिक्षुको लेखन शिल्पमा नवीनता रहेको पाइन्छ । कथ्यमा पनि उनको नवीनता रहेको कुरामा समालोचकहरू सहमत भएको देखिन्छ । नेपाली आख्यानमा यौन मनोभाव र मानसिकतालाई केही कम शिष्ट भाषामा समेट्ने कथाकारका रूपमा विश्वेश्वरप्रसाद कोइरालालाई पनि लिइन्छ । भवानी भिक्षु पनि मानिसका विकृत भावनाहरूलाई केही रूपमा समेट्ने कथाकारका रूपमा चिनिन्छन् तर उनका कथामा कोइरालाका कथाहरूमा भन्दा बढी शिष्टता भएको पाउन सकिन्छ । यसर्थ पनि भिक्षुको कथाकारिता केही फरक र थप मूल्यवान् बन्न पुगेको मानिन्छ ।

भवानी भिक्षुले यौनका विषयलाई सँधैभरि अँगालेको देखिँदैन । पछिल्ला समयमा उनका कथाहरूमा सामाजिक तथा राजनीतिक विषयहरू परेको देखिन्छ । समाजमा देखिने

---

२६ यादवप्रसाद भण्डारी. *मैयाँसाहेब कथासङ्ग्रहको कृतिपरक विश्लेषण,* अप्र. शोधपत्र, काठमाडौँ: नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, २०५५, पृ. १० ।

विभिन्न घटना, यथार्थ, विकृति, असमानता आदि विषयलाई उनले कथाहरूमा स्थान दिएको देखिन्छ । राजनीतिमा पनि उनका कथाहरू केन्द्रित रहेको देखिन्छ । उनले सामाजिक परिवेशबाट मध्यम र उच्च वर्गलाई छनौट गरेको देखिन्छ । यस्ता खालका पात्रहरूको छनौट गरी तिनीहरूको मानसिक मनोदशा, मनोवृत्ति र मनोभावनाहरूलाई स्थान दिने कार्य उनले गरेका छन् ।

जीवनमा आइपर्ने आरोह-अवरोहलाई निकै सूक्ष्म तवरले केलाउने कार्य भिक्षुबाट भएको देखिन्छ । उनका कथामा चयन गरिएका पात्रहरूका जीवनमा आरोह र अवरोहहरू यौन र अतृप्तिबाट सिर्जना भएको देख्न पाइन्छ । पात्रहरूका आआफ्ना विवशता रहेका हुन्छन् । पात्रहरूले सामाजिक तथा पारिवारिक जटिलता झेल्ने गरेका सन्दर्भहरू उनका कथामा देखिन्छ । यसरी मानसिक अन्तर्द्वन्द्व, जीवनका आरोह-अवरोह, चाहना, गरिबी, यौन अतृप्तिजन्य कुन्ठा, विवशता, जटिलता, व्यथा र पीडा आदि विषयलाई उनले आफ्ना कथाहरूमा स्थान दिएको देखिन्छ । यिनै विषयहरूमा उनका कलात्मक विशेषताहरू झल्किएको पाउन सकिन्छ ।

भिक्षुले कथाहरूमा चयन गरेका घटनाहरू यथार्थपरक र स्वाभाविक लाग्छन् । यस खालका घटनाहरूको संयोजन गर्ने कार्यमा उनी पोख्त भएको देखिन्छ । उनले चयन गरेका भाषिक शैलीमात्र होइन उनका कथामा भएका पर्यावरणगत झलकहरू पनि नौला र आकर्षक देखिन्छन् । समाजमा भएका विभिन्न घटनाहरूलाई विभिन्न सन्दर्भमा फरकफरक कोणबाट प्रस्तुत गर्ने कार्य पनि उनीबाट भएको देखिन्छ ।

उनले चयन गरेका कथावस्तुहरूमा सुसङ्गठन भएको देखिन्छ । कविता तथा अन्य विधामा कलम चलाएर कथा साहित्यमा प्रवेश गरेका भिक्षुले आफ्नो परिचय कथामा बनाउनुको पछाडि उनको कथावस्तु सुसङ्गठित बनाउने क्षमता र कला पनि पर्दछ । उनले वाक्यात्मक तथा कथागत संरचनाको सुन्दरतामा विशेष रूपले ध्यान दिएको देखिन्छ । वातावरण र चरित्रलाई सूत्रात्मक र कसिलो रूपमा संयोजन कलाले पनि उनका कथाहरू राम्रा भएका हुन् ।

भवानी भिक्षु विशेष गरी पात्रका मनोदशालाई सुन्दर र सूक्ष्म रूपमा चित्रण गर्न सिपालु भएको देखिन्छ । उनले पात्रका रतिरागात्मक मनोदशालाई निकै चासोका साथ प्रस्तुत गरेको देखिन्छ । पात्रहरूले भोगेका नियतिजन्य र परिस्थितिजन्य दुःखहरूलाई निकै

गहिरो रूपमा प्रस्तुत गर्दछन् । उनी बालकदेखि सबै पात्रहरूका मनोदशाको चित्रण गर्न सिपालु देखिन्छन् । उनका कथाबाट पाठकमा पीडित पक्षमा सहानुभूति सिर्जना हुने गर्दछ । त्यसरी सहानुभूति प्रकट गर्ने र सच्चिने गरी पाठक तथा अन्य वर्गमा भावना जगाउनुले उनका कथाहरू थप मूल्यवान बन्न पुगेको देखिन्छ ।

पाठकहरूलाई गहिराईमा डुबाउने क्षमता भवानी भिक्षुमा प्रशस्त भएको देखिन्छ । तर उनका पाठकहरू सामान्य नभएर केही बौद्धिक र शिक्षित हुनु जरुरी हुनुपर्ने देखिन्छ । सबै खालका पाठकहरूले बुझ्न नसकिने गरी क्लिष्ट र जटिल शब्दहरूको चयन गर्ने प्रवृत्ति उनका कथाहरूमा देखिन्छ । उनका आख्यानहरूमा काव्यात्मकताको प्रभाव पनि देखिएको समालोचकहरू स्वीकार गर्दछन् । जस्तो कि उनको आगत उपन्यासलाई कतै महाकाव्यान्यास भनेको पनि देखिन्छ ।

यसरी भवानी भिक्षु निबन्ध, कविता, एकाङ्की आदिमा भन्दा पनि कथा र उपन्यासमा विशेष स्थान र पहिचान बनाउन सक्षम साहित्यकार हुन् भन्ने कुरामा कसैको पनि दुई मत हुन सक्दैन । त्यसमा पनि कथाहरूमा उनले विशेष प्रसिद्धि प्राप्त गरेको देखिन्छ । आफूले देखेभोगेका वातावरणमा देखिएका पात्रहरूका मनोदशालाई मौलिक र जटिल भाषिक शिल्पबाट प्रस्तुत गर्ने साहित्यकारका रूपमा उनको परिचय बनेको देखिन्छ । उनका कथाहरू बुझ्दै जाँदा निकै गहन र भावुक पनि देखिन्छन् । विभिन्न मनोदशाहरूको चित्रण गरी आपसी सद्भाव र समानताको स्थापना गराउने आकाङ्क्षा उनले राखेको देखिन्छ । यति भइ कन नेपाली उपन्यासका जगत्मा *आगत* जस्तो सम्भवतः सबैभन्दा ठूलो आकारको उपन्यास रचना गरेर छुट्टै पहिचान गराउने कार्य उनले गरेको देखिन्छ । त्यस्तै *सुन्तली* पनि एक पठनीय उपन्यासका रुपमा पाउन सकिन्छ ।

## २.४. भवानी भिक्षुको औपन्यासिक लेखन

भवानी भिक्षु नेपाली साहित्यका प्रसिद्ध साहित्यकार हुन् । उनले उपन्यासमा मात्र नभई विभिन्न विधामा कलम चलाएको देखिन्छ । उनका *छाया, प्रकाश र परिष्कार* जस्ता कविता सङ्ग्रह तथा *गुनकेशरी र मैयाँसाहेब* जस्ता कथासङ्ग्रह प्रकाशित भइसकेपछि मात्र

*सुभद्रा बज्यै* (२०१९, लघुउपन्यास) प्रकाशित भएको देखिन्छ ।[२७] यसपछि उनको औपन्यासिक मोहले थप तीव्रता प्राप्त गर्दै गएको देखिन्छ । पछि *आगत* जस्तो उपन्यासको रचना गरी मदन पुरस्कारसमेत प्राप्त गरेको देखिन्छ । उनको *पाइप नं. २* उपन्यास *आगत*पछि देखा परेको देखिन्छ । पछिल्लो समयमा *सुन्तली* उपन्यासलाई *गरिमा* पत्रिकाले धारावाहिक रूपमा प्रकाशन गरेको देखिन्छ । यसरी उनको औपन्यासिक मोहले थप स्थान लिँदै अगाडि बढेको देखिन्छ ।

भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास एउटी सच्चरित्रवती नारीको विषयलाई स्थान दिइएको उपन्यासका रूपमा देखा परेको छ । एउटी आदर्श नारीको सामाजिक अप्ठ्यारो र मानसिक अन्तरद्वन्द्वका बीच आइपर्ने विभिन्न सन्दर्भलाई लिएर सो उपन्यास निर्माण भएको देखिन्छ । उनको उपन्यासमा फायडीय मनोविश्लेषण रहेको उल्लेख भएको पाइन्छ । फ्रायडीय मनोविज्ञानका मान्यताहरू र सामाजिक यथार्थबीचको सहसम्बन्धलाई प्रस्तुत गर्ने कार्य उनले यस उपन्यासमा गरेको उल्लेख भएको देखिन्छ ।[२८]

नेपाली साहित्यमा आफ्नो बेग्लै पहिचान बनाइसकेपछि भवानी भिक्षुले उपन्यासतर्फसमेत कलम चलाएको देखिन्छ । यस क्रममा पहिलोचोटि *सुभद्रा बज्यै* को प्रकाशन गरेको देखिन्छ भने यसपछि उनले *आगत* उपन्यासको प्रकाशन गरेको देखिन्छ । उनको *आगत* उपन्यासले वि. सं. २०३२ सालको मदन पुरस्कारसमेत प्राप्त गरेको देखिन्छ । आगत उपन्यासमा उनको विशिष्ट औपन्यासकारिता झल्किएको देखिन्छ । कथावस्तुमा नवीनता हुनुका साथै भाषिक शैलीका दृष्टिले समेत उक्त उपन्यास थप आकर्षक देखिन पुगेको छ । काव्यात्मक प्रभाव सो उपन्यासमा धेरै परेको देखिन्छ । यस उपन्यासमा उनको लगनशीलता र परिश्रम निकै परेको देखिन्छ ।

*आगत* उपन्यासको सफलतापश्चात् उपन्यासकार भवानी भिक्षुले फेरि अर्को उपन्यास लेखेको देखिन्छ । उनले वि. सं. २०३४ सालमा *पाइप नं. २* नामक उपन्यासको प्रकाशन गरेको देखिन्छ । यौन मनोभावना र फ्रायडीय मनोविज्ञानको प्रभावमा सो उपन्यासको रचना भएको देखिन्छ । यौन मनोविश्लेषणअन्तर्गत पनि नारीको अन्तर्मनलाई

---

[२७] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ १३)

[२८] दीपकप्रसाद गौतम. पूर्ववत् (पृ १३)

केलाउने कार्य सो उपन्यासमा भएको देखिन्छ । उनको यस उपन्यासलाई प्रकृतवादी उपन्यास पनि भनिएको पाइन्छ । खास गरी यौनाचार र त्यसको मोचनका लागि गरिने क्षय-यज्ञजस्ता विषयलाई उक्त उपन्यासले स्थान दिएको देखिन्छ ।[२९] यसरी उनले यहाँसम्म आइपुग्दा आफ्ना उपन्यासहरूमा कतै सामाजिक यथार्थलाई स्थान दिएको देखिन्छ भने कतै फ्रायडीय यौन मनोविज्ञानलाई स्थान दिइएको देखिन्छ ।

सानैदेखि रोगव्याधिले सताइएका साहित्यकार भवानी भिक्षु पछिल्लो समयमा पनि उपन्यासप्रतिको मोहलाई अँगालिरहेका देखिन्छन् । उनले जीवनको उत्तरार्द्धमा एउटा उपन्यासको लेखन गर्न थालेको देखिन्छ तर त्यो उपन्यास जसोतसो पुरा भएको र पछि *गरिमा* पत्रिकाले क्रमशः विभिन्न अङ्कमा प्रकाशित गरेको देखिन्छ । उनको सो उपन्यास थियो- *सुन्तली* । यस शोधपत्र पनि उनको यही पछिल्लो उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित छ ।

सुन्तली उपन्यास नेपाली समाजमा विरलै देखिन जाने खराब र असल प्रवृत्तिलाई लिएर लेखिएको एक सामामाजिक र मनोभावनाको विषयलाई उठान गरिएको उपन्यास हो । उनको यस उपन्यासमा पनि निजी भाषा शैलीका साथै यौन, छलकपट, आदर्श, परम्परा, क्षेत्रीय मोह आदि पक्षहरूको उपस्थिति देखिन्छ । यस उपन्यास उनको मृत्युपश्चात् वि. सं. २०४० सालमा क्रमशः प्रकाशित गरिएको थियो ।

भिक्षुका सबै उपन्यासलाई सबै समालोचकहरू उपन्यासकै दर्जा दिन सहमत नभएको समेत देखिन्छ । कतिपयले *सुभद्रा बज्यै* र *सुन्तली* लाई लामो कथाका रूपमा लघु उपन्यासका रूपमा समेत चित्रित गरेको देखिन्छ । कतै उनको *आगत* बाहेक अन्य तीन वटा उपन्यासहरू लघु उपन्यास हुन् भनेको पाइन्छ । समग्रमा भिक्षुको *आगत* उपन्यास नै उनलाई विशिष्ट उपन्यासकारको स्थान दिलाउने विशालकाय उपन्यास रहेको कुरामा समालोचकहरू सहमत भएको देखिन्छ । यसरी उनको औपन्यासिक मोहमा *आगत*लाई हटाएर अगाडि जान सकिँदैन अर्थात् उनको *आगत* उपन्यास नै उनको विशेष प्राप्ति हो । तर यति हुँदाहुँदै पनि अन्य कृतिहरूको कम औचित्य छ भन्ने चाहिँ होइन । जस्तो कि

---

[२९] पूर्ववत् ।

*सुन्तली* उपन्यासको पनि आफ्नै खालको स्थान र महत्त्व देखिन्छ । त्यसैले यस शोध पत्रमा सुन्तली उपन्यासको विधातात्त्विक अध्ययन गरिएको छ ।

## २.५. भवानी भिक्षुको औपन्यासिक यात्रा

भवानी भिक्षु नेपाली साहित्यका स्थापित साहित्यकार हुन् । उनको साहित्यिक मोह कविता, निबन्ध, एकाङ्की, कथा, उपन्यास आदिमा भएको देखिन्छ । यसबाहेक उनी साहित्यसेवी पनि हुन् । सानैदेखि विभिन्न भाषाका पुस्तकहरूको अध्ययन गर्ने बानी परेका भिक्षुको जीवन सुखमय नभए पनि नेपाली साहित्यमा उनको योगदान अविस्मरणीय रहेको छ । सर्वप्रथम *शारदा* पत्रिमा निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका भिक्षुले कवितामा पनि उत्तिकै राम्रो स्थान र परिचय बनाएको देखिन्छ । यसपछि भने उनले कथामा नै विशेष स्थान बनाएको देखिन्छ । धेरै जसो समालोचकहरूले उनलाई उपन्यासकारभन्दा पनि बढी कथाकारका रूपमा लिने गरेको देखिन्छ । यति हुँदाहुँदै पनि उनको साहित्यिक यात्रा कथामा मात्र सीमित रहेको देखिँदैन । *सुभद्रा बज्यै* शीर्षकको पहिलो उपन्यास प्रकाशित गर्दै क्रमशः *आगत, पाइप नं २,* र *सुन्तली* गरी जम्मा चारवटा उपन्यासहरू उनका प्रकाशित छन् जबकि उनको *सुन्तली* उपन्यास भने उनको मृत्युपश्चात्मात्र गरिमा पत्रिकाले धारावाहिक रूपमा पाँचवटा अङ्कसम्म निरन्तर प्रकाशन गरेको देखिन्छ ।

भवानी भिक्षु वि. सं. १९९० सालमा नै नेपाली साहित्यमा परिचित हुन थालेको उल्लेख भएको देखिन्छ । कविता, कथा हुँदै उनले उपन्यासप्रति पनि मोह देखाउने कार्य गरेको देखिन्छ । कथा र उपन्यासमा पनि उनले यौन मनोविश्लेषणलाई स्थान दिएको देखिन्छ । सामान्यतः कथाले जीवनको सानो पक्षलाई समेटेको हुने र उपन्यासले जीवनको सिङ्गो जीवनको पक्षलाई समेटेको हुने मानिन्छ । भिक्षु पनि कथालेखनको लामो अभ्यासपछि विस्तारै उपन्यासतिर प्रवेश गरेको देखिन्छ । उनी उपन्यासमा वा कथामा आए पनि कुनै नयाँ धाराको प्रवेश गराउने वा नयाँ सैद्धान्तिक मान्यताको प्रवर्तन गर्नेतिर भन्दा पनि भइआएका मान्यताहरूलाई पछ्याउँदै रचना गर्ने रचयिताका रूपमा चिनिन्छन् । यसरी प्रचलित र प्रविष्ट धारा वा प्रवृत्तिलाई नै थप उजागर गरेर उनले नेपाली साहित्यमा आफ्नो पहिचान कायम गराएको देखिन्छ । उनको औपन्यासिक योगदानलाई पनि यसैसँग जोडेर हेर्न सकिन्छ ।

एक सफल कवि र कथाकारका रूपमा परिचय बनाइसकेपछि उनले वि. सं २०१९ सालमा *सुभद्रा बज्यै* प्रकाशन गरेको देखिन्छ । यही उपन्यासलाई नै उनको औपन्यासिक यात्राको थालनी भन्न सकिन्छ । भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास एउटी सच्चरित्रवती नारीको विषयलाई लिएर लेखिएको उपन्यासका रूपमा देखा परेको छ । एउटी आदर्श नारीको सामाजिक विवशता र मानसिक अन्तरविवादका बीच आइपर्ने विभिन्न अवस्थाहरूलाई यस उपन्यासमा स्थान दिइएको छ । खासमा सामाजिक तात्कालीन यथार्थ, आदर्श र मनोतापलाई लिएर सो उपन्यास निर्माण भएको देखिन्छ । उनको यस उपन्यासमा फ्रायडीय मनोविश्लेषण रहेको उल्लेख भएको पाइन्छ । फ्रायडीय मनोविज्ञानका मान्यताहरू र सामाजिक यथार्थबीचको सहसम्बन्धलाई प्रस्तुत गर्ने कार्य उनले प्रायः धेरै जसो कथा र उपन्यासहरूमा गरेको देखिन्छ र यस उपन्यासमा पनि उनको यस विषयले स्थान पाएको देखिन्छ ।

भवानी भिक्षुले औपन्यासिक यात्रा थालेको *सुभद्रा बज्यै* देखि हो । यसपछि लेखिएको उनको उपन्यास *आगत* हो । यस उपन्यासले भने भिक्षुलाई नेपाली साहित्यको सिद्धहस्त साहित्यकारका रूपमा स्थापित गराउन पुगेको देखिन्छ । कविता, कथा, निबन्ध आदि क्षेत्रमा रुचि भए पनि र राम्रो लेखन गरे पनि *आगत* उपन्यासले जसरी उनलाई सम्मानित गराउने कृतिका रूपमा अन्य कृतिहरू आएको देखिँदैन । यसरी आएको *आगत* उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा लिइन्छ ।

*आगत* उपन्यासको सफलतापश्चात् भवानी भिक्षुले वि. सं. २०३४ सालमा *पाइप नं. २* नामक उपन्यासको प्रकाशन गरेको देखिन्छ । यौन आकाङ्क्षा र फ्रायडीय चिन्तनको प्रभावमा उक्त उपन्यासको रचना गरिएको देखिन्छ । यौन मनोविश्लेषणलाई स्थान दिएर नारीको यौनजन्य चाहना र अन्तर्मनलाई केलाउने कार्य *पाइप नं. २* उपन्यासमा भएको देखिन्छ । भिक्षुको *पाइप नं. २* उपन्यासलाई कतै प्रकृतवादी उपन्यास भनिएको पाइन्छ । खास गरी विकृत यौनाचार र त्यसको मोचनका लागि गरिने विभिन्न उपायका विषयलाई उक्त उपन्यासले स्थान दिएको देखिन्छ । यसरी उनले यहाँसम्म आइपुग्दा आफ्ना उपन्यासहरूमा कतै आदर्शोन्मुख सामाजिक यथार्थलाई स्थान दिएको देखिन्छ भने कतै फ्रायडीय यौन चिन्तनलाई प्रशस्त स्थान दिइएको देखिन्छ ।

साहित्यकार भवानी भिक्षुको पछिल्लो समयमा पनि उपन्यासप्रतिको मोह यथावत् रहेको देखिन्छ । भिक्षुले जीवनको उत्तरार्द्धमा एउटा उपन्यासको लेखन कार्य गरेको तर पूरा नगरेको जस्तो देखिन्छ । त्यो उपन्यास पुरा भएको र उनको मृत्युपश्चात् *गरिमा* पत्रिकाले धारावाहिक रूपमा विभिन्न अङ्कमा प्रकाशित गरेको देखिन्छ । उनको *सुन्तली*उपन्यास नै उक्त उपनयास थियो । सुन्तली उपन्यास नेपाली समाजमा रहेका चेलीबेटी बेचबिखन, कुरीति, यौनजन्य खराबी तथा केही आदर्शोन्मुक र असल प्रवृत्तिलाई स्थान दिइएको उपन्यास हो । यसमा सामामाजिक र यौन मनोविज्ञानको विषयलाई उठान गरिएको छ । उनको यस उपन्यासमा निजी भाषा शैलीका साथै विकृत यौन, छलकपट, आदर्श, परम्परा आदि पक्षहरूको देखिन्छन् । यस उपन्यास भने उनको मृत्युपश्चात्मात्र वि. सं. २०४० सालमा क्रमशः प्रकाशित गरिएको थियो ।

भवानीभिक्षुका सबै उपन्यासलाई उपन्यासको स्थान दिइएको देखिँदैन । केही समालोचकहरूले *आगत* बाहेकका उपन्यासहरूलाई लामा कथा वा लघु उपन्यास पनि भनिएको देखिन्छ । उनको पहिलो उपन्यास *सुभद्रा बज्यै* लाई पनि उपन्यासको स्थान दिइएको देखिँदैन । जब उनको *आगत* जस्तो उपन्यास प्रकाशनमा आयो तब समालोचकहरूको उनीप्रतिको धारणामा केही परिवर्तन भयो । उनको पछिल्लो उपन्यास *सुन्तली*लाई उपन्यास नभई लामो कथाको रूपमा चित्रण गरेको देखिन्छ । उनको *आगत* उपन्यासलाई उच्च स्थान दिइए पनि अन्य उपन्यासहरू पनि कम महत्त्वका देखिँदैनन् । यसरी उनको औपन्यासिक यात्राले निरन्तरता पाएको देखिन्छ ।

भवानी भिक्षुको औपन्यासिक यात्रालाई सामान्यतः दुई वटा चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । एकातिर समयका हिसाबले पनि पूवार्द्ध र उत्तरार्द्ध गरी दुई भागमा विभाजन गर्न सकिन्छ भने अर्कातिर औपन्यासिक विषयवस्तु, वातावरण, भाषा शैली, संरचना आदिका आधारमा पनि यी दुई उपन्यासहरूमा भिन्नता भएको देखिन्छ । उनका पहिला दुई उपन्यासहरू *सुभद्रा बज्यै* र *आगत*लाई पूर्वार्द्ध चरणमा राख्न सकिने देखिन्छ र पछिल्ला उपन्यासहरू *पाइप नं. २* र *सुन्तली*लाई उत्तरार्द्ध चरणमा राखेर अध्ययन गर्न सकिन्छ ।

भवानी भिक्षुका पूर्वार्द्ध चरणका उपन्यासमा *सुभद्रा बज्यै* र *आगत* पर्दछन् । उनको *सुभद्रा बज्यै* उपन्यास प्रत्यक्ष घटेको घटनामा आधारित उपन्यासका रूपमा देखिएको

उपन्यास हो । उनको *आगत* यथार्थ घटनामा घटेको उपन्यासका रूपमा रहेको देखिन्छ । यी दुवै उपन्यासका केही पक्षहरू परस्परमा समान देखिन पुगेका छन् । यी दुवै उपन्यासमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति देखा पर्दछन् ।[३०] यी दुवै उपन्यासमा जेजस्ता घटना घटाइएको भए पनि आदर्शको अपेक्षा गर्ने र आदर्शमूलक सन्देश दिने कार्य भएको देखिन्छ ।

भिक्षुका *सुभद्रा बज्यै* र *आगत* उपन्यास सरल एवम् रैखिक ढाँचामा रचिएका छन् । आदि, मध्य र अन्त्यको क्रममा रहेका उपन्यासहरूलाई रैखिक ढाँचाका उपन्यास भनिन्छ । जस्तो घटनाका हिसाबले एकपछि अर्को घटना समयक्रमअनुसार मिल्न गएमा रैखिक ढाँचाका कथावस्तु भएका रचनाका रूपमा लिन सकिन्छ । यी उपन्यासहरूमा कथानकको आङ्किक विकासक्रम पनि समान नै देखिन पुगेको देखिन्छ । भाषा शैली भने *आगत* उपन्यासमा केही विशिष्ट र काव्यिक हुन पुगे पनि सामान्यतः समानता नै भएको पाउन सकिने मानिन्छ । माझिएको भाषाशैली, संस्कृतनिष्ठ तत्सम शब्दको अधिक प्रयोग, प्रमुख पात्रको रूपमा सम्भ्रान्त पात्रको चयन, अनमेल विवाह र त्यसको कपरिमाण, नन्दको दुष्ट प्रवृत्ति र भाइजूसँगको द्वन्द्व, धर्मप्रतिको अनुराग, सुभद्रा र मालिक्नीको उच्च भावना र सच्चरित्रता, कारुणिकता, द्वन्द्वविधान आदिका आधारमा समानता पाइएकोले पनि यी दुई उपन्यासहरूलाई उनको पूर्वार्द्ध चरण अन्तर्गत राखिएको हो ।[३१]

भिक्षुका पहिला दुई उपन्यासहरूमा संरचनागत एकतामात्र होइन पात्रगत केन्द्रीयतामा पनि समानता देखिन्छ । उनको यी दुवै उपन्यासहरूमा नारी पात्रको केन्द्रीयता पाइन्छ । उपन्यासमा चयन भएका विषयवस्तुका हिसाबले पनि यी दुई उपन्यासहरूमा समानता देखिन्छ । उनको भाषा शैली पहिला दुई वटा उपन्यासमा अन्यका तुलनामा केही समान भएको देखिएकाले भाषा शैलीगत समानतालाई समेत समानताका रूपमा लिन सकिन्छ । उनको औपन्यासिक यात्राको अवधिलाई हेर्ने हो भने पूर्वार्द्ध चरणका उपन्यासहरूमा केही बढी समय लागेको देखिन्छ ।

भवानी भिक्षुका उपन्यासहरू जम्मा चारवटा भए पनि पहिलो चरणका दुई उपन्यासहरू केही बृहत् देखिन्छन् । त्यसमा पनि *आगत* अझै विशालकाय देखिन्छ ।

---

[३०] दीपकप्रसादगौतम. पूर्ववत् (पृ १४)

[३१] पूर्ववत् (पृ १४)

कृतिगत परिमाणका हिसाबमा दुवै चरण समान देखिए पनि समग्र मात्रा र पूर्णताका आधारमा भने पूर्वार्द्ध चरण नै बढी सबल र सक्षम देखिन पुगेको छ । परिमाणात्मक आधारमा उनको पूर्वार्द्ध चरण अवश्य पनि बलियो देखिन पुगेको मान्न सकिन्छ ।

भवानी भिक्षुका पूर्वार्द्ध चरणका उपन्यासहरू उत्तरार्द्ध चरणका उपन्याहरूका तुलनामा थप उल्लेखनी रहेका देखिन्छन् । यो कुरा परिमाणात्मक वा आकारात्मक हिसाबले मात्र होइन गुणात्मक रूपमा पनि सिद्ध हुन पुगेको मान्न सकिन्छ । उनका पहिलो चरणका दुवै उपन्यासमा आदर्शोन्मुख यथार्थवादी झलक पाउन सकिन्छ र ती उपन्यासहरू आकार, भाषिक विशिष्टता र प्रख्याति आदिका हिसावमा पनि पछिल्ला उपन्यासका तुलनामा बढी महत्त्वपूर्ण देखिन्छन् । खास गरी उनको *आगत* उपन्यास विशेष उल्लेखनीय रहेको देखिन्छ । यही कारण उक्त उपन्यासले उनलाई मदन पुरस्कारसमेत दिलाएको देखिन्छ । यसरी गुणात्मक आधारमा पनि उनको पूर्वार्द्ध चरण उत्तरार्द्ध चरणका तुलनामा उल्लेखनीय रहेको देखिन्छ ।

भवानी भिक्षुका पछिल्ला दुई वटा उपन्यासहरू *पाइप नं. २* र *सुन्तली*लाई उत्तरार्द्ध चरणमा राखेर हेर्न सकिन्छ । कतिपय शोधार्थीले उनको यस उपन्यासकारिताको अध्ययन गर्दा उनका ती उपन्यासहरूलाई उत्तरार्द्ध चरणमा राखेर अध्ययन गरेको देखिन्छ ।[३२]यी उपन्यासलाई विभिन्न लेखहरूमा लघु उपन्यासको प्रतीत हुने उपन्यासहरू भनेर उल्लेख गरेको पाइन्छ ।

भवानी भिक्षुको *पाइप नं. २* गरिब परिवारमा हुर्केकी *नेली* पात्रको केन्द्रीयतामा सम्पन्न भएको देखिन्छ । त्यसैले यस उपन्यासलाई नायिका प्रधान उपन्यास भन्न सकिन्छ । नारी चरित्र, सामाजिक बाध्यता, यौन मनोभावना आदि कुराहरू यस उपन्यासमा देखा परेको देखिन्छ । यौन मनोविश्लेषणलाई स्थान दिएर नारीको यौनजन्य चाहना र अन्तर्मनलाई केलाउने कार्य भिक्षुले *पाइप नं. २* उपन्यासमा गरेको देखिन्छ । भवानीभिक्षुको *पाइप नं. २* उपन्यासलाई कतिपय समालोचकहरूले एक प्रकृतवादी उपन्यासका रूपमा उभ्याएको पनि पाइन्छ । विकृत यौन भावना र त्यसको मोचनको विषयलाई उक्त उपन्यासले स्थान दिएको देखिन्छ ।

---

[३२] पूर्ववत् (पृ १४)

उपन्यासकार भवानी भिक्षुले जीवनको उत्तरार्द्धमा एउटा उपन्यासको लेखन कार्य गरेको तर सम्पूर्ण रूपमा पूरा नगरेको जस्तो देखिन्छ । उक्त *सुन्तली* उपन्यास पुरा भएको र उनको मृत्यु भएको समयपश्चात् *गरिमा* पत्रिकाले धारावाहिक रूपमा विभिन्न अङ्कमा उक्त उपन्यासलाई प्रकाशित गरेको देखिन्छ । *सुन्तली* उपन्यास नेपाली समाजमा रहेका चेलीबेटी बेचबिखन, कुरीति, यौनजन्य खराबी तथा केही आदर्शोन्मुक र असल प्रवृत्तिलाई स्थान दिइएको उपन्यास हो । यस उपन्यासमा विशेषत: सामामाजिक समस्या र यौन मनोविज्ञानको विषयलाई प्रस्तुत गरिएको छ । उक्त उपन्यासमा निजी भाषा शैलीका साथै विकृत यौन, छलकपट, आदर्श, परम्परा आदि पक्षहरूको देखिन्छन् ।

भवानी भिक्षुका उत्तरार्द्ध चरणका उपन्यासहरू त्यति बढी प्रभावकारी र बृहत् स्वरूपका भएको देखिँदैन । तैपनि ती उपन्यासहरूको महत्त्व भने रहेको छ । उनले उत्तरार्द्धतिर आकारात्मक रूपमा साना उपन्यास लेखेको देखिन्छ । यसबाहेक लोकप्रियता र गुणात्मक आधारमा पनि ती उपन्यासहरू पूर्वार्द्ध चरणका उपन्यासहरूभन्दा केही कम उल्लेखनीय रहेको देखिन्छ । यसरी भिक्षुका उपन्यासहरूलाई पूर्वार्द्ध र उत्तरार्द्ध चरण गरी दुई चरणमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

भवानी भिक्षु कथामा जति प्रसिद्ध छन् त्यति उपन्यासमा छैनन् तर उनको *आगत* उपन्यासले उनलाई उपन्यासतर्फ पनि उचाइ प्रदान गरेको देखिन्छ । उनले आफ्ना आख्यानका विषयमा मनोविश्लेषणात्मक क्षेत्रलाई अँगालेको देखिन्छ । त्यसै गरी लेखनका हिसाबले उनलाई स्वच्छन्दतावादी लेखक पनि भनिन्छ । यसरी उनको औपन्यासिक यात्रालाई उनको *आगत* उपन्यासले उचाइमा पुऱ्याउने र अन्य उपन्यासले उनको औपन्यासिक मोहलाई थप प्रमाणित गर्ने गरेको देखिन्छ ।नेपाली आख्यानका जगत्मा भवानी भिक्षुको नाम अविस्मरणीय बन्न पुगेको छ ।

## २.६. भवानी भिक्षुका औपन्यासिक प्रवृत्ति

साहित्यकारहरूका रुचिक्षेत्र र भाषा शैलीहरू फरकफरक हुनु स्वाभाविक हो । कविलेखकहरूले भोगेका अनुभव, घटनाहरूलाई हेर्ने तरिका, वातावरण, अध्ययन आदि पनि फरकफरक हुन सक्दछन् । उपन्यासकारहरूका सन्दर्भमा पनि यस कुराले भुमिका निर्वाह गरेको हुन्छ । फरकफरक उपन्यासकारहरूले फरकफरक विषयवस्तु उठाउनुका साथै

फरकफरक भाषा शैलीलाई अँगालेका हुन्छन् । उनीहरूको पात्र छनौट र पात्रका परिवेश आदि कुराहरू फरक हुन जान्छन् । उनीहरूले देखेभोगेका सामाजिक प्रभाव तथा पढेजानेका कुराहरूले पनि मानिसहरूलाई हेर्ने दृष्टिकोणहरू फरक पर्दछन् । विषयवस्तुमा भूमिका निर्वाह गरेका पात्रहरू पनि फरकफरक मनोवृत्तिका हुन जान्छन् । त्यसैले नयाँनयाँ रचनाहरूमा नयाँनयाँ सन्देश वा नयाँ प्रस्तुति र प्रभावहरू देखा पर्दछन् । कुनै पनि उपन्यासकारको प्रवृत्तिलाई यकिन गर्नका लागि उसका लेखनीहरूमा देखिएका विषय, पात्रहरूको छनौट, भाषा शैली, वातावरण, अनुसरण गरेको परम्परा, नियम वा सिद्धान्त, जीवन दृष्टि आदि कुराहरूलाई आधारका रूपमा लिनुपर्ने देखिन्छ । यस शोध पत्र उपन्यासकार भवानी भिक्षुको *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित भएकाले यहाँभिक्षुका औपन्यासिक प्रवृत्तिहरूलाई औँल्याइएको हो ।

साहित्यकार भवानी भिक्षु कवि, निबन्धकार र कथाकारमात्र नभएर उपन्यासकार पनि हुन् । यसकारण पनि उनका लेखरचनाहरूमा एक विधाका भाषा शैली अर्को विधामा मिसिएको पाइनु आफैमा नौलो नहुन सक्छ । उनको उत्कृष्ट मानिएको *आगत* उपन्यासमा काव्यात्मक प्रभाव बढी रहेको भनी कतिपयले काव्यान्यासका रूपमा समेत चित्रण गरेको देखिन्छ । उनका अन्य उपन्यासमा पनि सरल र स्पष्ट भाषा शैलीको प्रयोग नभएको मानिन्छ । यसरी उनका उपन्यासमा केही काव्यात्मक पन देखा परेको मान्न सकिन्छ ।

भिक्षुका *आगत*बाहेकका उपन्यासहरूलाई पूर्ण कदका उपन्यासका रूपमा स्वीकार गर्न हिच्किचाएको पनि देखिन्छ । यसरी उपन्यासका संरचनाका आधारमा हेर्दा सबैका दृष्टिमा पूर्णता प्राप्त गरेका उपन्यासका कोटिमा उनका सबै उपन्यासहरू नपरेको देखिन्छ । यसलाई एकातिर कमजोरीका रूपमा लिन सकिन्छ भने अर्कातिर एक खालको विशेषताका रूपमा पनि लिन सकिन्छ ।

पूर्वार्द्ध चरणका उपन्यासहरूका तुलनामा उत्तरार्द्ध चरणका उपन्यासहरूमा केही कमजोरी देखिने र न्युन प्रभावकारिता देखिने गरेको पाइन्छ । भाषा शैलीमा पनि उनका पछिल्ला उपन्याहरूमा केही भिन्नता देखिन्छ । उनका उपन्यासका विषयहरू पनि पछिल्ला उपन्यासहरूमा पहिलेका तुलनामा केही फरक नै देखिन्छन् । आदर्शोन्मुख यथार्थवादी स्वभावलाई विस्तारै कम गरेर यौन मनोविश्लेषणलाई प्रशस्त स्थान दिने कार्य उनले गरेको देखिन्छ । यसले उनको उपन्यासको रुचिको क्षेत्रमा पनि भिन्नता आएको देखिन्छ ।

भवानी भिक्षुलाई कुनै नयाँ सिद्धान्त वा मान्यताको प्रवर्तन गर्ने वा नयाँ वाद वा सिद्धान्तको प्रवेश गराउने साहित्यकारका रूपमा सामान्यतः लिइँदैन । यसबाट उनले भइ आएका र चलिआएका वा अरुले भित्राएका नयाँ वादहरूलाई नै स्थान दिएको देखिन्छ । तिनै सैद्धान्तिक र वैचारिक प्रभाव ग्रहणलाई पनि उनका औपन्यासिक प्रवृत्तिसँग जोड्न सकिन्छ ।

भवानी भिक्षु पाठकहरूमा करुणा जगाउने खालका कथाहरू लेख्ने कथाकार हुन् । उनको यस खालको थोरबहुत प्रभाव उपन्यासमा पनि देखिन्छ । विभिन्न उमेर तथा वर्गका सामाजिक यथार्थ तथा मनोदशालाई विषय बनाएर कथा र उपन्यास लेख्ने साहित्यकारका रूपमा भवानी भिक्षुलाई लिन सकिन्छ । यसरी उनका लेखनमा उनको जीवनको उतारचढाव, उनको अध्ययनको प्रभाव, सामाजिक छाप, मानसिक कुन्ठा, वैयक्तिक मनोभाव आदिको प्रभाव परेको देखिन्छ । मनोभाव, यथार्थ र आदर्शलाई बढी स्थान दिने उपन्यासकार भवानी भिक्षुका औपन्यासिक प्रवृत्तिहरूलाई निम्नवमोजिम उल्लेख गर्न सकिन्छ :

१. आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति

२. मनोवैज्ञानिक चिन्तनको प्रभाव

३. प्रकृतवादी प्रभाव

४. नवीन दृष्टान्तहरूको प्रयोग

५. मानवतावादी दृष्टिकोण

६. स्थानीय र आञ्चलिक प्रभाव

७. विविध चरित्रको चयन

८. जटिल भाषिक संरचना

९. काव्यिक भाषाशैली

१०. नारी संवेदनाको बोध र अभिव्यक्ति

११. शास्त्रीयताको प्रभाव

१२. कारुणिकता

१३.  परम्पराको अनुसरण

## २.६.१.आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति

भवानी भिक्षु सामाजिक विषयलाई आख्यानात्मक स्वरूप दिन रुचाउने उपन्यासकारका रूपमा चिनिन्छन् । यस क्रममा उनले आफ्ना पूर्वार्द्ध चरणका उपन्यासमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्तिलाई विशेष स्थान दिएको देखिन्छ । नारी चरित्रलाई प्रमुख स्थान दिएर लेखिएका उनका पहिला दुई वटा उपन्यासहरू (*सुभद्रा बज्यै* र *आगत*) मा आदर्श र यथार्थको मिश्रण गराएको देखिन्छ । यसबाहेक अन्यत्र पनि उनको यो प्रवृत्ति देखा पर्दछ ।

समाजमा घटेका यथार्थ घटना र सम्भाव्य घटनालाई लिएर उपन्यासकारहरूले उपन्यासको रचना गरेको देखिन्छ । यथार्थका बीचमा केही नैतिक आदर्श वा नीतिवान समाजको कल्पना गर्ने काम पनि उपन्यासकारहरूबाट हुने गर्दछ । नेपाली उपन्यासकारहरूले यथार्थका बीच आदर्शको अपेक्षा राखेर विभिन्न उपन्यासहरूको लेखन गरेको देखिन्छ । मानसिक मनोद्वेग र अन्तर्द्वन्द्व आदिका यथार्थ लेखेर ती यथार्थका बीचमा आदर्शको अपेक्षा राख्ने कार्य पनि नेपाली उपन्यासकारहरूले गरेको देखिन्छ । उपन्यासकार भवानी भिक्षु पनि आदर्शोन्मुख यथार्थवादी उपन्यासकारका रूपमा चित्रित हुनुका पछाडि यिनै कारणहरू रहेका छन् ।

कुनै पनि उपन्यासकारका आआफ्ना भोगाइ र अनुभवहरूले उनीहरूका कृतिहरूमा भूमिका निर्वाह गरेका हुन्छन् । लेखक जुन परिवेशमा हुर्केको छ त्यही यथार्थको प्रभाव उसको लेखनमा पर्नु स्वाभाविक नै हुन जान्छ । भवानी भिक्षु एकातिर आफूले भोगेका सामाजिक यथार्थको चित्रणमा केन्द्रित देखिन्छन् भने अर्कातिर आफूले अध्ययन गरेका विभिन्न कृतिहरूको प्रभाव पनि आफ्ना कृतिहरूमा झल्काएको देखिन्छ । उनले खास गरी आफूले देखेभोगेका सुखदुख, अभाव, कुन्ठा, व्यथा, पीडा, सामाजिक जीवनको चित्रण, आशा-निराशा, विसङ्गति आदि विभिन्न विषयलाई स्थान दिएको उल्लेख भएको पाइन्छ । उनले यिनै विषयलाई टिपेर आख्यानात्मक स्वरूप प्रदान गरेको देखिन्छ । यिनै यथार्थबीच आदर्शोन्मुख सामाजिक स्वरूपको कल्पना गर्ने कार्य गरेको देखिन्छ ।

भिक्षुले आफ्ना उपन्यासहरूमा तात्कालीन प्रभावलाई चित्रित गरेको देखिन्छ । राणाकालीन सामाजिक अवस्था, राजनीतिक चरित्र, आर्थिक समसामयिकता, जनताको खस्कँदो जीवनस्तर, शोषण-दमन, अन्याय अत्याचार, जमिनदारहरूको शान र सौकत, आदि विभिन्न विषयहरूलाई उनले उपन्यासमा चित्रण गरेको देखिन्छ । यी विभिन्न पक्षहरूलाई समेट्नुका साथै उनले आदर्श समाज र चरित्रको कल्पना गरेको देखिन्छ । नैतिक चरित्रको समाज, उच्च वर्ग वा पीडकमा देखिनुपर्ने दयाभाव, कारुणिकता आदि कुराहरू कलात्मक शैलीमा प्रदर्शन गरी पाठकको मन तान्ने कार्य उनले गरेका छन् ।

कुशल समाजका लागि आवश्यक पर्ने विभिन्न विषयहरूमा जोड दिनु उपन्यासकार भवानी भिक्षुको विशेषता हो । उनले समुन्नत समाजका लागि साम्प्रदायिकताको विरोध गरेको देखिन्छ । फरक समुदाय र राष्ट्रका नागरिकबीचको वैवाहिक सम्बन्धको कल्पना गर्ने कार्य पनि उनका कृतिहरूमा भएको देखिन्छ । जहाँ गए पनि वा जहाँ भए पनि मानवता चाहिँ साझा आवश्यकता हो र यो सबैमा निहित हुन्छ भन्ने गान्धीवादी भावनाको झलक पनि उनका उपन्यासमा देखिन्छ । अन्तरदेशीयमात्र होइन अन्तरप्रादेशिक सम्बन्धलाई पनि आफ्ना कृतिहरूमा स्थान दिने कार्य उनले गरेको देखिन्छ । यसरी मानवतावादी जीवनदृष्टि र आपसी सहभावका लागि उनको लेखनीले उल्लेखनी भूमिका निर्वाह गरेको देखिन्छ ।

जनताका कारुणिक अवस्थाको चित्रण गरेर पाठकमा पीडितप्रति सहानुभुति सिर्जना गर्ने कार्य उनको कृतिमा भएको देखिन्छ । जनतामा देखिने विभिन्न पीडा र मानसिक समस्या, नारीमाथिका थिचोमिचो, परम्पराको प्रभाव आदि कुरालाई प्रशस्त स्थान दिई आदर्शोन्मुख समाजको परिकल्पना गर्ने कार्य उनले गरेका छन् । यसरी विभिन्न प्रकारका तात्कालीन समस्यालाई विषय बनाएर उपन्यास लेख्ने उपन्यासकार भिक्षुको झुकाव भने आदर्श समाजको अपेक्षातिर नै देखिन्छ ।

भिक्षुको *सुभद्रा बज्यै* र *आगत* उपन्यासमा आदर्श भावना प्रस्तुत भएको छ । यी उपन्यासहरूमा उच्च वर्गमा निहित नैतिक र करुणाजन्य आदर्शलाई स्थान दिइएको छ । अभिजात्य आदर्शको प्रस्तुतिले एकातिर पाठकहरूमा ढाडस सिर्जना गरेको देखिन्छ भने अर्कातिर असल समाज निर्माणमा अभिजात वर्गलाई थप प्रेरणा दिने कार्य पनि गरेको देखिन्छ ।

भिक्षुको *सुभद्रा बज्यै* उपन्यासमा एउटी नारी चरित्रले सामाजिक विवशता र बाध्यताका साथमा देखाउने नैतिक चरित्रको प्रदर्शन गरेको देखिन्छ । उक्त नारी पात्रले गरेको त्याग आफैमा प्रशंसनीय र आदर्शमय रहेको देखिन्छ । उसको मानवीय भावना र सहनशीलता पनि उल्लेखनीय रहेको देखिन्छ । सो उपन्यासकी *सुभद्रा* आफैमा पूर्ण पात्रका रूपमा देखिएकी छे । उसको आदर्श र स्वभाव वास्तवमै अनुकरणीय र मार्गदर्शक रहेको देखिन्छ । यसकारण पनि यस उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा लिइन्छ ।

भिक्षुको प्रसिद्ध उपन्यासका रूपमा रहेको *आगत* उपन्यास पनि आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा रहेको छ । यस उपन्यासमा शर्माहरूको आदर्श अन्यन्तै प्रशंसनीय र अनुकरणीय रहेको छ । एक कुलीन र उच्च वर्ग भएर अन्य मानिसहरूमा देखाउने व्यवहार सुन्दर भएका कारण पनि यस उपन्यासले आदर्श भावनालाई उचाइमा लैजान योगदान दिएको छ । कुनै पनि समाज असल हुन लेखकहरूले असल भूमिका निर्वाह गर्ने र गरेका पात्रहरूको चित्रण गर्नु आवश्यक देखिन्छ । भिक्षुले पनि उक्त उपन्यासमा नैतिकप्रधान समाजका लागि खेल्नुपर्ने भूमिकालाई दर्शाएको देखिन्छ । उच्च वर्गले देखाएका आदर्श भावना, व्यवहार, चिन्तन र जीवनका भोगाइहरूलाई यस उपन्यासमा स्थान दिइएको देखिन्छ ।

भवानी भिक्षुका पछिल्ला उपन्यासहरूमा भने पहिलेका उपन्यासहरूमा जस्तो आदर्श भावना प्रस्तुत भएको देखिँदैन । पछिल्ला उपन्यास आकार प्रकारका दृष्टिले पनि केही साना र फरक देखिएका छन् । उनका पछिल्ला उपन्यासहरू हेर्दा उनको पछिल्लो चासो आदर्शतिर नभई मनोदशा र अन्य सामाजिक यथार्थतिर नै रहेको देखिन्छ । यति हुँदाहुँदै पनि उनका पछिल्ला उपन्यासहरूमा आदर्शको भावना समाप्त भएको भने छैन ।

उनका पछिल्ला उपन्यासमध्ये *सुन्तली* उपन्यासमा एक महिलाले देखाएको आदर्श भावना प्रशंसनीय देखिन्छ । उनको *पाइप नं २* मा पनि गाउँसमाजले नेलीलाई पछि स्वीकार गर्नुमा परम्पराभन्दा विपरीत दिशाको आदर्श देखा परेको देखिन्छ । एकातिर धर्म र चलनको आडमा असामाजिक र कुन्ठित चरित्र देखाउने पात्रको उपस्थिति रहेको देखिन्छ भने अर्कातिर एउटी नारीले आफ्ना पक्षमा भाषण गरेर प्रभावित गर्नुलाई नारी सशक्तताको

कुरा पनि उठाइएको देखिन्छ । यसरी भिक्षुका उपन्यासहरूमा कहिँ न कहिँ आदर्शजन्य यथार्थलाई स्थान दिइएको पाउन सकिन्छ ।

## २.६.२.मनोवैज्ञानिक चिन्तनको प्रभाव

भवानी भिक्षुका उपन्यासहरूमा कथाहरूमा जसरी मनोवैज्ञानिक प्रभाव देखा पर्दछ । उनको *पाइप नं २* लाई त कतिपय समालोचकहरूले मनोविश्लेषणात्मक उपन्यासको उच्च नमुनाका रूपमा नै चित्रण गरेको देखिन्छ । यसबाहेकका अन्य तीनवटा उपन्यासहरूमा पनि मनोविश्लेषणका झलकहरू पाउन सकिन्छ ।

भवानी भिक्षुले बाह्य यथार्थलाई देखाउने प्रयास गरेको भए पनि त्यही यथार्थभित्र आन्तरिक यथार्थलाई खोतल्ने कार्य उनले आफ्ना उपन्यासहरूमा गरेको देखिन्छ । व्यवहारिक जीवनमा देखिने विभिन्न अनुभव र भोगाइलाई सतही रूपमा देखाउँदै भित्री रूपमा मानवीय अनुभूति र संवेदनालाई केलाउने कार्य भवानी भिक्षुले गरेको देखिन्छ । उनले आफ्ना चारवटै उपन्यासमा कहिँ न कहिँ मानिसका मनोभावना र अन्तर्मनका अभिव्यक्तिहरूलाई केलाउने र प्रस्तुत गर्ने गरेको देखिन्छ ।

*सुभद्रा बज्यै* भवानी भिक्षुको पहिलो उपन्यास हो ।यस उपन्यासमा *सुभद्रा* एक नारी पात्र हो । उसको व्यवहार र आनीबानीमा त्यहाँका अन्य पात्रहरू केन्द्रित देखिन्छन् । केही परम्परा र केही आदर्शोन्मुख यथार्थका प्रस्तुतिहरू भिक्षुले यही पात्रका माध्यमबाट दिएको देखिन्छ । धेरै उमेर अन्तरको विवाह भएर पनि एक प्रोढ नारीले निभाउने भूमिका सुभद्राले निभाएको देखिन्छ । सुभद्रा आदर्शको भावना प्रदर्शन गर्ने पात्रमात्र नभएर अरुका लागि यौन आकर्षणकी पात्र पनि हो । असल हुँदाहुँदै पनि विभिन्न षडयन्त्रले उसको जीवनका धेरै नै उतारचढाव आएको छ । यस उपन्यासलाई वास्तविक घटनाको उपजका रूपमा लिइएको देखिए पनि यसभित्र नारी भावना, नारीप्रतिको पुरुष मनको आकर्षण आदि कुराहरू यस उपन्यासमा रहेका छन् । यसर्थ यस उपन्यासमा पनि केही रूपमा पात्रहरूको मनोदशा र मनोभावनाको चित्रण गर्ने कार्य भिक्षुबाट भएको देखिन्छ ।

भिक्षुको *आगत* उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा चित्रित गरिएको पाइन्छ । यस उपन्यासमा पनि मानवीय स्वभावका राम्रा र नराम्रा पक्षहरूकेलाउने क्रममा भिक्षुले मानवीय मनोदशालाई केही रूपमा स्थान दिएको देखिन्छ । पूर्वार्द्ध चरणका

*सुभद्रा बज्यै* र *आगत* दुई उपन्यासहरूमा भने पछिल्ला चरणका उपन्यासहरूमा जस्तो मनोविश्लेषणात्मकता देखिँदैन ।

भिक्षुको *पाइप नं २* उपन्यासलाई मनो विश्लेषणको चरम नमुनाका रूपमा चित्रण गर्ने कार्य भएको पाइन्छ । यस उपन्यासमा एक शिक्षित र सक्षम नारीको विकृत मनोदशालाई चित्रण गरिएको छ । मानिस जतिसुकै उच्चता हासिल गरे पनि यौनका मामिलामा र कमजोर हुन सक्ने सम्भावना यथावत् रहन्छ भन्ने कुरा यस उपन्यासमा देखाइको छ । सामाजिक मान्यताभन्दा विपरीत भएर कुनै पुरुषसँग सम्बन्ध राख्दै जाने स्वभावलाई यहाँ चित्रण गरिएको छ । सामाजिक मनोभावना र वैयक्तिक मनोभावनाका बीचमा केकति भिन्नता हुन्छ भन्ने अवस्थाबारे यस उपन्यासले स्पष्ट गरेको छ । कुकृत्य गर्ने र फेरि सामाजिक त्रासलाई चोखो हुनका लागि कुनै संस्कारको आड लिने प्रवृत्तिलाई पनि यस उपन्यासले उजागर गरेको छ । भिक्षुको *पाइप नं २* उपन्यासलाई अन्य उपन्यासका तुलनामा बढी मनोविश्लेषणात्मक मान्न सकिन्छ ।

भवानी भिक्षुले जीवनको उत्तरार्द्धमा लेखेको र उनको मृत्युपश्चात्मात्र प्रकाशन भएको *सुन्तली* उपन्यासमा पनि नारी मनोदशाको विशेष चित्रण गरिएको छ । ग्रामीण जनजीवनमा देखिने छलकपट, अनैतिक चरित्र, नारी समस्या जस्ता कुराहरूलाई स्थान दिएको यस उपन्यासमा नारी मनलाई केलाउने कार्यसमेत भएको छ । यौवनावस्थामा हुने विपरीत लिङ्गको आकर्षण र त्यसकै आधारमा भएको व्यापार जस्ता कुराहरूलाई औँल्याउँदै आदर्श भावनालाई उजागर गर्ने प्रयास यस उपन्यासमा भएको देखिन्छ ।

भवानी भिक्षुले यी उपन्यासहरूमा युवासुलभ यौन आकर्षणलाई स्थान दिएको कुरा उल्लेख भएको पाइन्छ । कुनै पात्रका मानसिक अन्तर्पीडा, कुन्ठा आदि विषयलाई पनि स्थान दिने कार्य उनका उपन्यासहरूमा भएको देखिन्छ । अनुशासन र सामाजिक प्रभावका कारण आफ्ना भावना र इच्छाहरूलाई थिच्नुपर्ने अवस्था र त्यसबाट देखिन जाने दुर्घटनाहरूलाई समेत उपन्यासहरूमा स्थान दिइएको देखिन्छ । हीनताबोधको भावना, परपीडक स्वभाव, स्वपीडन आदिलाई पनि उपन्यासमा स्थान दिइएको देखिन्छ । उनका उपन्यासमा आएका पात्रहरूलाई फ्रायडीय चेतन, अवचेतन र अचेतन मनका धारणाहरूका आधारमा विश्लेषण गर्न सकिन्छ ।

*सुभद्रा बज्यै* उपन्यासकी *सुभद्रा*, *पाइप नं २* की *नीलिमादेवी*, *सुन्तली* उपन्यासकी *सुन्तली* र *आगत* उपन्यासका *उमेश*, *कनक*, *बिस्नु*, *लक्ष्मी*, *बडे सरकार* र *छोटे सरकार* आदि पात्रहरूलाई फ्रायडीय चिन्तनका आधारमा विश्लेषण गर्न सकिन्छ । त्यस्तै *सम्झना* पनि अतृप्त चाहना र दमित कामवासनाले सताइएकी नारी चरित्र देखा परेकी छे ।यसरी पात्रहरूको आन्तरिक मनोदशा र इच्छाहरूलाई केलाउने कार्य भवानी भिक्षुले आफ्ना उपन्यासहरूमा गरेको देखिन्छ ।

## २.६.३.प्रकृतवादी प्रभाव

प्रकृतवादी चिन्तनले मानवका गोप्य यथार्थलाई बढी स्थान दिएको देखिन्छ । यस चिन्तन मानवका आन्तरिक र नाङ्गा यथार्थहरूमा बढी चासो राख्ने चिन्तनका रूपमा समेत देखा पर्दछ । भवानी भिक्षुले सबै कथा र उपन्यासहरूमा यस चिन्तनको प्रशस्त प्रभाव प्रस्तुत गरेको नदेखिए पनि विशेष गरी *पाइप नं २* उपन्यासमा प्रकृतवादी चिन्तनको प्रभाव रहेको कुरा उल्लेख भएको पाइन्छ । यस उपन्यासमा बाहिर देखिने यथार्थभन्दा भित्रका नाङ्गा यथार्थको उजागर गरेको देखिन्छ ।

*सुभद्रा बज्यै* उपन्यासमा आदर्श र यथार्थको सङ्गम भएको देखिन्छ । यस उपन्यासमा कुनै पाशविकता र प्राकृतिकताको प्रबल उपस्थिति स्पष्टतः देखिँदैन । तर यस उपन्यासमा *सुभद्रा*का निम्ति तड्पिएको पात्रको चित्रणले केही प्रकृतवादी स्वभावको झलक दिएको देखिन्छ । उनको *आगत* उपन्यासमा पनि केही पात्रहरू यौन कुन्ठाबाट पिल्सिनुलाई प्राकृतिक सहज अभिव्यक्तिमा भएको बाधाका कारण उत्पन्न परिणामका रूपमा लिन सकिन्छ ।

भवानी भिक्षुको *पाइप नं २* उपन्यासलाई प्रकृतवादी उपन्यासका रूपमा लिइएको देखिन्छ । निलीदेवीको चरित्र र सामाजिक परिचयबीच निकै अन्तर भएको देखिन्छ । पाशबिकताकै नमुना जसरी अनुचित सम्बन्ध कायम राखेको देखाउनुलाई लिन सकिन्छ भने आन्तरिक घृणित र कलूषित स्वभाव वा चरित्रहरूको प्रदर्शन पनि यस उपन्यासमा भएको देखिन्छ । बहिर देखिने यथार्थ र बुझाइ भित्री यथार्थ र बुझाइभन्दा भिन्न भएको पनि यस उपन्यासका पात्रहरूमा देखिएको छ ।

भवानी भिक्षुको *सुन्तली* उपन्यास एक सामाजिक यथार्थ र आदर्श बोकेको उपन्यास हो । यस उपन्यासमा पनि मानिसका भित्री यथार्थहरूको केही मात्रामा चित्रण गरिएको छ । तर ती चित्रणहरू *पाइप नं २* मा जस्तो गरी देखिएका छैनन् । समग्रमा हेर्दा उनका उपन्यासहरूमा छिटफुट रूपमा मात्र प्रकृतवादी चरित्रको झलक पाउन सकिन्छ ।

## २.६.४.नवीन दृष्टान्तहरूको प्रयोग

भवानी भिक्षुले नवीन औपन्यासिक कथ्यहरूको प्रयोग गरेको देखिन्छ । ती कथ्यहरूको संयोजन गरे नयाँ दृष्टान्त गरेको पनि देखिन्छ । उनले आफ्ना उपन्यासहरूमा केही अकल्पनीय अवस्था र भइआएका शैलीभन्दा भिन्न प्रस्तुति गर्ने कार्य गरेको देखिन्छ । परम्परित सैद्धान्तिक आधारका बीचमा कथ्यसंयोजन र दृष्टान्तहरू भिन्न हुनुले उनको उपन्यासकारित थप आकर्षक र अविस्मरणीय बन्न पुगेको छ ।

*सुभद्रा बज्यै* उपन्यासमा भवानी भिक्षुले पनि तात्कालीन परिवेशमा केही नौलो दृष्टान्त प्रस्तुत गरेको देखिन्छ । उक्त उपन्यासकी *सुभद्रा*एकातिर पोइल पठाइएको छ भने अर्कातिर अर्काकी भइ सक्दा पनि एउटा सम्पन्न परिवारको सदस्यले उसैको मायामा तड्पिएको देखाउनु निकै फरक, विरोधी र नवीन प्रस्तुतिका रूपमा लिन सकिन्छ । त्यतिबेलाको समयमा अरुले आँखा लगाएकै आधारमा सम्बन्ध विच्छेद गराउने परम्परा नेपाली समाजमा रहेको यथार्थ पाउन सकिन्छ । तर त्यहाँ एक धनाढ्य र सामाजिक रूपमा सम्मानित व्यक्तिले समेत एक निरीह पात्रको जस्तो र अकल्पनीय स्वभाव देखाइरहेको प्रतीत हुन्छ ।

भवानी भिक्षुले आफ्नो *आगत* उपन्यासमा पनि केही नयाँ दृष्टान्तहरू प्रस्तुत गरेको देखिन्छ । त्यति बेलाको समाज भनेको धनाढ्यहरूले गरीब र निमुखाहरूमाथि दमन गर्ने स्वतः स्वभावलाई अँगाल्ने समाज थियो । एकातिर राणाकालीन परिवेश र अर्कातिर तात्काली रुढीवादी परम्पराको प्रभावले समाजमा कतिपय नैतिक चरित्र र मानवता खतरामा परेको देखिन्छ । तर त्यस उपन्यासका उच्च कुलीन पात्रहरूले एक सहनशील र परोपकारी स्वभाव देखाएको चित्रण यस उपन्यासमा देखाइएको छ । अर्कातिर त्यतिबेलाको उपन्यासको लहर भनेको निम्न वर्गका चरित्रको उजागर गर्ने र उत्थान गर्ने खालको देखिन्छ । *मुलुक बाहिर,बसाईं* आदि उपन्यासमा उनको भन्दा भिन्न शैली अपनाइएको थियो ।

तीउपन्यासहरूमा धनाढ्यलाई भन्दा बढी गरिबहरूलाई मूल पात्रका रूपमा लिइएको थियो । तर उनले त्यसका विपरीत *छोटे सरकार, शर्माहरू, बडे सरकार* आदि पात्रहरूको नवीनतम् कथ्यको संयोजन गरेको देखिन्छ । यसलाई पनि उनको नवीन दृष्टान्तको प्रयोगका रूपमा लिन सकिन्छ ।

भवानी भिक्षुको *पाइप नं २* उपन्यासमा नवीन र अशोभनीय यथार्थहरूको प्रस्तुति दिइएको देखिन्छ । वर्तमानमा समेत समाजमा कलङ्कित पक्षलाई उपन्यासको विषय भिक्षुले त्यति बेला नै गरेको देखिन्छ । यस उपन्यासमा रहेकी निलीमादेवी आफ्नै काकाको छोरासँग सम्बन्ध राखेको विषयलाई स्थान दिइएको छ । ऊ हाडनाता करणी गर्ने र वेश्यावृत्तिमा संलग्न अराजक नारी हो । यस खालकी खराब चरित्रकी पात्रलाई पनि समाज सुधारको पथमा डोऱ्याउने प्रयास भिक्षुले गरेको देखिन्छ । यस कारणले पनि उनको यस उपन्यासमा नवीन दृष्टान्त प्रस्तुत भएको उदाहरण पाउन सकिन्छ ।

भवानी भिक्षुले आफ्नो *सुन्तली* उपन्यासमा पनि केही नयाँ दृष्टान्त प्रयोग गरको देखिन्छ । वेश्यालयमा वेश्यावृत्ति गराउने एक नारीले नै वेश्यावृत्तिका लागि आएकी एक चेलीलाई छोरीका रूपमा पालनपोषण गरेको सन्दर्भ यस उपन्यासमा देखाइएको छ । यसरी जो चोर उही नै साधु बनेको उदाहरण दिने कार्य यसमा भएको छ । अर्कातिर वेश्यावृत्तिमा संलग्न हुने चेलीलाई नै नैतिक चरित्रवान् र सतीसावित्रीका रूपमा स्थापना गराउने प्रयास उनको रहेको देखिन्छ । यो पनि उनको नवीन दृष्टान्तको अर्को उदाहरण हो ।

यसरी भवानी भिक्षुले आफ्ना चार वटै उपन्यासहरूमा केही न केही नयाँ दृष्टान्त प्रस्तुत गरेको देखिन्छ । एकातिर औपन्यासिक परम्परालाई चिरेर नयाँ कुराहरू दिइएको देखिन्छ भने अर्कातिर तात्कालीन समाजले सोच्न नसकेका कुराहरूलाई स्थान दिने कार्य पनि उनले आफ्ना उपन्यासहरूमा गरेका छन् । उनको यो नवीन दृष्टान्तको प्रस्तुतिलाई उनको उपन्यासकारिताको प्रबल पक्षका रूपमा लिइएको पाइन्छ । नारी चरित्रमा बढी सहानुभूति सिर्जना गर्ने लेखन पनि उनका उपन्यासहरूमा देखिन्छन् । उनले ग्रहण गरेको औपन्यासिक विषयवस्तु गहन, विन्यस्त, प्रभावोत्पादक र रुचिपूर्ण रहेको उल्लेख भएको देखिन्छ ।[३३]

---

[३३] पूर्ववत् (पृ १०५)

## २.६.५.मानवतावादी दृष्टिकोण

भवानी भिक्षु मानवतावादी उपन्यासकारका रूपमा समेत देखिन्छन् । आदर्श समाजको अपेक्षा, नैतिक चरित्रको उत्थान, मानव मूल्य र मायाको पक्षपोषण जस्ता कुराहरू उनका उपन्यासमा देखिन्छन् ।उनले आफ्ना *सुभद्रा बज्यै, आगत* लगाएतका उपन्यासहरूमा मानवतावादी दृष्टिकोण देखाएका छन् ।

भिक्षुका *सुभद्रा बज्यै*मा केही मानवतावादी दृष्किोण रहेको पाइन्छ । यस उपन्यासमा *सुभद्रा*ले देखाएको चरित्रलाई आदर्शका रूपमा लिन सकिन्छ । त्यसै गरी *करुणाकर*लाई पनि यस उपन्यासमा मानवतावादी पात्रका रूपमा लिन सकिन्छ । यसबाहेक उनका अन्य उपन्यासहरूका विभिन्न पात्रहरूले मानवता र आदर्श समाजको पक्षमा भूमिका निर्वाह गरेको पाउन सकिन्छ । उनका उपन्यासहरूमा नारीपात्र, उदात्त वर्ग, सम्पन्न समुदाय आदिले निम्न वर्गका चरित्रमा सहानुभूति प्रकट गरेको देखिन्छ । उनीहरूका व्यवहार पनि मानवतावादी रहेको पाउन सकिन्छ ।

मानवताको उदाहरणका रूपमा भवानी भिक्षुको *आगत* उपन्यासलाई पनि लिन सकिन्छ । यस उपन्यासमा सम्पन्न वर्गले निम्न वर्गप्रति प्रस्तुत गरेको व्यवहार निकै अनुकरणीय देखिन्छ । उनले यस उपन्यासमा मानवीय उच्चता र नीचतालाई प्रस्तुत गरेको पनि देखिन्छ । उच्च वर्गले मानवताको व्यवहार प्रदर्शन नगर्दा पनि समाजले सही दिशा प्राप्त गर्न सकेको देखिँदैन । यसर्थ नैतिक र आदर्शवान समाजको अपेक्षालाई उठाउनुपर्ने देखिन्छ । विभिन्न तह र जातजातिबीच विभेद, पुरुष र नारीबीच विभेद, थिचोमिचो आदि पक्षले गर्दा समाज विकृत बन्न पुगेको देखिन्छ । तर भवानी भिक्षुले *आगत* उपन्यासमा मानवताको चित्रण गर्नुका साथै उच्च वर्गलाई पनि थप मानवता प्रदर्शन गर्न प्रेरित गरेको देखिन्छ ।

भवानी भिक्षुको *पाइप नं २* मा झीनो मानवता देखिन्छ । खराब चरित्र र विकृत पात्रलाई पनि समाजमा स्वीकार गर्नु जस्ता उदाहरण दिएर केही मानवताको प्रदर्शन गर्न खोजेको देखिन्छ । तर यस उपन्यासमा त्यति धेरै मानवतावादी र आदर्शवादी सोँच देखिएको पाइँदैन । उनको *सुन्तली* उपन्यासमा भने मानवता र आदर्श भावनाको प्रशस्त छनक पाउन सकिन्छ । उनले *सुन्तली* जहाँ बेचिएकी छे त्यही स्थानमा आमाबाबुको भूमिका निर्वाह गर्ने

मन भएकी पात्र फेला पारेकी छे । यहाँ *सुन्तली* एक मानवतावादी सोँच भएकी नारीको हातमा पुगेकी छे । यसका कारण उसको जीवन यौन व्यवसायीका रूपमा नभई एक असल नारीका रूपमा बित्न पुगेको देखिन्छ ।

यसप्रकार भवानी भिक्षुको उपन्यासमा विभिन्न पात्रहरूले मानवतावादी भावना प्रस्तुत गरेको देखिएको छ ।जहाँ समाजले कठोरता पाइरहेको हुन्छ त्यहीँ नरम भाव र मानवता प्रस्तुत गर्ने शैली उनका उपन्यासहरूमा देखिन्छ । निम्न तथा उच्च वर्ग सबैमा मानवता भाव देखाउने कार्य उनीबाट भएको देखिन्छ ।

## २.६.६.स्थानीय र आञ्चलिक प्रभाव

भवानी भिक्षुको उपन्यास लेखन विभिन्न कृतिहरूको अध्ययनबाट मात्र प्रभावित नभई उनले देखेभोगेको स्थान र परिवेशबाट समेत प्रभावित देखिन्छ । उनका उपन्यासहरूमा उनको ग्रामीण जनजीवन, उनले कर्म थलो बनाएको स्थानको छाप, उनले देखेको जीवनचर्या आदि देखिन्छन् । उनले लिएका कथावस्तु, पात्रहरूको मनोदशा र भूमिका, परिवेश, भाषा आदिमा स्थानीय र आन्चलिक प्रभाव देखिन्छ ।

भवानी भिक्षुको पहिलो उपन्यास *सुभद्रा बज्यै*मा तराई र त्यसको सेरोफेरोलाई लिएर लेखिएको उपन्यासका रूपमा देखिएको छ । तराईको बदलपुरा, शङ्करनगर र त्यस वरपरको स्थान र त्यस स्थानको परिवेश तथा सांस्कृतिक सेरोफेरोलाई उपन्यासमा स्थान दिइएको देखिन्छ । भिक्षुको यस उपन्यासमा स्थानीय रङ् र आन्चलिक प्रभाव प्रशस्त मात्रामा पाउन सकिन्छ ।

भवानी भिक्षुको *सुभद्रा बज्यै*पछिको अर्को उपन्यास *आगत* हो । अघिल्लो उपन्यासमा झैँ उनको दोस्रो उपन्यासमा पनि कुनै क्षेत्र र त्यस क्षेत्रको सांस्कृतिक विषयलाई चित्रण गरिएको छ । यो उपन्यासको क्षेत्र अलिक फरक रहेको छ । यस उपन्यासमा नेपालको गासाइँपुर, विराटनगर, काठमाडौँ तथा भारतको वनारस र लखनऊ आदि व्यापक क्षेत्रलाई स्थान दिइएको छ । यस उपन्यासका शर्माहरूको भूमिकाले कुनै समय वा युगलाई नै प्रतिनिधित्व गरेको उल्लेख भएको देखिन्छ । यही परिवेशमा केन्द्रित भई त्यस क्षेत्रको धार्मिक, सामाजिक, राजनीतिक, शैक्षिक आदि विषयवस्तु र सन्दर्भ पनि यस उपन्यासमा समावेश गरिएको छ ।

भवानी भिक्षुको *पाइप नं. २* उपन्यास नगरको परिवेशका रचित उपन्यास हो । यो विशेष गरी मनोविश्लेषणात्मक उपन्यास हो । यसबाहेक उनले लेखेको *सुन्तली* उपन्यासमा पनि केही स्थानीय परिवेशको झलक पाउन सकिन्छ । यसका क्षेत्रहरूमा नेपालको ग्रामीण परिवेशमात्र नभई भारतको दार्जलिङका केही भुभागसमेत परेका छन् ।

भवानी भिक्षुका पूर्वार्द्ध चरणका उपन्यासहरूमा उत्तरार्द्ध चरणका उपन्यासहरूमा भन्दा बढी स्थानीयता र आन्चलिकताको प्रभाव रहेको देखिन्छ । उनका उपन्यासहरूमा तात्कालीन राणाकालीन प्रभाव, परम्परित संस्कार आदिको चित्रण भएको देखिन्छ । उनको *आगत* उपन्यासमा जुद्धशमसेरकालीन शासन व्यवस्थाको झलक रहेको मानिन्छ । त्यस बेलाको सामाजिक, राजनीतिक र आर्थिक छविचित्र प्रस्तुत गर्ने र वि. सं २००७ सालको क्रान्तिको पृष्ठभूमिलाई प्रस्तुत गर्ने कार्य *आगत* उपन्यासमा भएको छ । भिक्षुका उपन्यासमा वि. सं. २००७ सालपूर्वको अवस्थामात्र होइन त्यसपछिका अवस्थाहरूको समेत चित्रण गरेको देखिन्छ । उनका अन्य उपन्यासहरूमा त्यस परिवेशको चित्रण गरेको देखिन्छ ।

यसरी हेर्दा भवानी भिक्षुको *आगत* उपन्यास नै स्थानीयता र आन्चलिकताको विशेष उदाहरणका रूपमा रहेको देखिन्छ । उनको आगत उपन्यासमा तराईका जनजीवनको यथार्थ चित्रण गर्नुका साथै त्यहाँको परिवेशगत प्रस्तुति समेत गरेको देखिन्छ । उनी आफू तराईमा नै जन्मे हुर्केकाले पनि त्यस क्षेत्रको वास्तविक चित्रण गर्न सक्षम भएको देखिन्छ । आफूले देखेभोगका आचारविचार, रहनसहन, संस्कृति आदिको प्रशस्त चित्रण गर्ने कार्य भवानी भिक्षुले गरेको देखिन्छ । उनले यस उपन्यासमा गोसाइँपुरको प्राकृतिक चित्रण प्रशस्त गरेको देखिन्छ । गोसाइँपुरको वातावरण पनि यस उपन्यासमा चित्रण गरेको देखिन्छ । उनले लिएको गोसाइँपुरको क्षेत्रको चित्रणले सिङ्गो तराईसँग मिल्दोजुल्दो परिवेशको चित्रण गरिएको देखिन्छ । उपन्यासका शर्माहरूमा देखिने भव्यता, तराईको सडक, अभाव आदि विषय यस उपन्यासमा प्रस्तुत गरिएको देखिन्छ । यसरी सम्पन्नदेखि विपन्न वर्गको स्थानीय तथा आन्चलिक चित्रण गर्ने कार्य *आगत* उपन्यासमा गरिएको छ ।

## २.६.७.विविध चरित्रको चयन

भवानी भिक्षुका उपन्यासमा चारित्रिक विविधता पनि प्रशस्त रूपमा देखिन्छ । विभिन्न मनोदशाका पुरुष तथा नारी पात्रहरूको चयन गर्ने कार्य उनले गरेको देखिन्छ ।

यसबाहेक वर्गका दृष्टिमा पनि उनका उपन्यासहरूका चारित्रिक विविधता देखिन्छ । खराब र असल पात्रहरूको चयन गर्ने, धूर्तहरूको भूमिकाले सताइएका आदर्श पात्रहरूको चित्रण गर्ने आदि कार्य उनले गरेको देखिन्छ ।

भवानी भिक्षुले आफ्नो पहिलो उपन्यास *सुभद्रा बज्यै*मा राम्रा र नराम्रा उपन्यासहरूको मिश्रण गराएको देखिन्छ । यस उपन्यासमा *सुभद्रा* असल पात्रका रूपमा रहेको देखिन्छ भने केही पात्रहरू नराम्रा प्रवृत्तिका रहेको देखिन्छ । खराब पात्रहरूको चलखेलका कारण नै *सुभद्रा* अर्को ठाउँमा जान बाध्य भएको देखिएको छ । *सुभद्रा* नहुँदामा तड्पिने पात्रका रूपमा एक धनी परिवारको मानिस रहेको देखाउने कार्य यस उपन्यासमा भएको छ । यसले एकातिर खराब पात्रहरूको निकृष्ट भूमिका र अर्कातिर असल पात्रहरूको असल मनोभावनालाई स्थान दिएको स्पष्ट गर्दछ । वास्तविक घटनामा आधारित मानिएको यस उपन्यासमा नारी तथा पुरुष पात्र, निम्न तथा उच्च वर्गीय पात्र, कुन्ठित र पीडित पात्र, धूर्त र खराब पात्र आदिको उपस्थिति रहेको देखिन्छ । परम्परालाई अँगाल्ने, केही आधुनिकता बोक्ने, केही परिवर्तन चाहने, केही मायाममताका पछि लाग्ने आदि पात्रहरूको समायोजन यस उपन्यासमा भएको देखिन्छ ।

भवानी भिक्षुको *आगत* उपन्यास पात्रगत विविधताका दृष्टिले उनका अन्य उपन्यासका तुलनामा बढी नै प्रभावकारी देखिएको छ । यसमा विभिन्न समाज, संस्कृति, परम्परा, भूगोल, रीतिरिवाज, आनीबानी आदि भएका पात्रहरूको उपस्थिति रहेको छ । उच्च वर्गका पात्रहरू र निम्न वर्गका पात्रहरूको कुशल संयोजन पनि यस उपन्यासमा भएको देखिन्छ । विभिन्न खाले मनोदशाका नारी तथा पुरुष पात्रहरूको संयोजन गरी तिनीहरूका मनोदशाको चित्रण गर्ने कार्य भिक्षुले गरेको देखिन्छ ।

भवानी भिक्षुले आफ्ना उपन्यासहरूमा निकै खुला हृदय भएका पात्रहरूदेखि कपटी र कुटील पात्रहरूको संयोजन गराएको देखिन्छ । उनले अति क्षुद्र पात्रहरूको समेत चयन गरेको देखिन्छ । *आगत* उपन्यासमा शर्मा परिवारकी गुह्यश्वरीका अतिरिक्त प्रायः सबै सदस्यहरू, सुभद्रा, करुणाकर आदि पात्रहरू खुला हृदय भएका पात्रहरू हुन् । यी पात्रहरूले आदर्श स्वभाव प्रदर्शन गरेको देखिन्छ । तर करुणाकरकी विधवा बहिनी, खेमानन्द, लाहुरे जस्ता पात्रहरू आदर्शवान र नैतिक चरित्रका देखिएका छैनन् । यी पात्रहरू निकै धूर्त, जाली, कुभावनायुक्त र खराब स्वभावका देखिन्छन् । यसबाहेक भवानी भिक्षुले रामु, रामनाथ

तेवारी, लाला हनुमानलाल जस्ता स्वामीभक्त र इमानदार सेवकहरूलाई पनि उचित स्थान दिएको देखिन्छ ।

भवानी भिक्षुको *आगत* उपन्यासलाई ठुलो आकारको उपन्यासका दर्जामा राखिएको पाइन्छ । उनका अन्य तीनवटा उपन्यासहरूलाई भने लघु उपन्यासका दर्जामा राखिएको समेत पाइन्छ । उनका उपन्यासहरूमा पुरुष पात्रहरूको अधिक मात्रा रहेको देखिन्छ । सङ्ख्याका आधारमा जेजस्तो देखिए पनि प्राथमिकता र प्रधानताका हिसाबले उनले बढीजसो नारी पात्रलाई स्थान दिएको देखिन्छ । उनका *सुभद्रा बज्यै* र *सुन्तली* दुई उपन्यासहरूमा नारी पात्रकै नामबाट उपन्यासको नामकरण गरिएको छ । त्यसै गरी *पाइप नं. २* मा पनि नारी पात्रको प्रधानता देखिन्छ । पुरुष पात्रको बाहुल्यता रहेको उपन्यास *आगत*मा पनि मालिक्नी, लक्ष्मी, सरला, सम्झनाजस्ता नारी चरित्रको उल्लेखनीय भूमिका रहेको देखिन्छ । यी चरित्रहरूले उनको *आगत* उपन्यामा उल्लेखनीय भूमिका निर्वाह गरेको देखिन्छ । यस उपन्यासमा खास गरी मालिक्नीले हैकम जमाएको देखिन्छ । यसबाहेक अन्य तीन उपन्यासमा झन् नारी पात्रको प्रधानता नै रहेको देखिन्छ ।

भवानी भिक्षुका उपन्यासमा विभिन्न वर्गका पात्रहरूको उपस्थिति रहेको देखिन्छ । प्रचलित परम्परा र समाजका मान्यताप्रति असहमति जनाउने पात्रहरूको प्रयोग समेत उनका उपन्यासमा भएको देखिन्छ । यी पात्रहरूको भूमिका भने प्रत्यक्ष रूपमा विद्रोहीका रूपमा देखिँदैन ।उनीहरू केही असहमत हुँदाहुँदै विद्रोह गर्ने र विपक्षमा उभिएर सङ्घर्ष गरेको देखिँदैन । यसको अर्थ ती पात्रहरू समग्रमा सामाजिक मूल्य र मान्यतालाई तोडेर बाहिर आउन सकेको देखिँदैन । पारिवारिक मर्यादा र अनुशासनलाई पनि धेरै पात्रहरूले तोडेको देखिँदैन । तर केही खल चरित्र र नारी चरित्रहरूले भने सबै सामाजिक मूल्य र मान्यतालाई अनुसरण गरेको देखिँदैन । भिक्षु नारी पात्रको विवशता, बाध्यता र दयनीय अवस्थाको चित्रण गरेको देखिन्छ तर उनी विशेष गरी ती नारी पात्रहरूको मनोदशाको विश्लेषण गर्न उद्धत रहेको देखिन्छ । परम्परागत मान्यताको विद्रोह गर्ने सन्दर्भमा अन्य पात्रहरूका तुलनामा सम्झना र निलीमादेवी केही अगाडिजस्ता देखिन्छन् ।

कठोर विकृत पात्रहरूमा केही परिवर्तन आएको देखाउने कार्य पनि भवानी भिक्षुले गरेको देखिन्छ । केही दुष्ट क्रियाकलापमा संलग्न पात्रहरूमा पनि समयान्तरालमा केही नैतिक भावना प्रस्तुत भएको देखाउने कार्य भवानी भिक्षुले गरेको देखिन्छ । *निलीमादेवी* र

*सुन्तली* उपन्यासकी मालिक्नी यसका उदाहरणका रूपमा देखिएका छन् । *निलीमादेवी* विसङ्गत जीवनबाट नारीत्वले पग्लेकी देखिन्छे भने मालिक्नीमा मातृत्वको विकास भएका कारण आफू देह व्यापारमा संलग्न गराई पैसा कमाउने भएर पनि *सुन्तली*लाई छोरीका रूपमा संरक्षण गरेको देखिन्छ । उसले *सुन्तली*लाई पालनपोषण गर्नुका साथै शिक्षादिक्षा दिने एक असल आमाको भूमिका निर्वाह गरेको देखिन्छ ।

आफ्नो शैलीविज्ञान नामक पुस्तकमा मोहनराज शर्माले भवानी भिक्षुले *आगत* उपन्यासमा रुढ, प्रयोजनपरक, सामन्जस्यमूलक, प्रतीकात्मक, बलात्मक तथा सङ्केतात्मक पात्रहरूको प्रयोग गरेका छन् । शर्माका अनुसार उनले गरेका यस्ता पात्रहरूको प्रयोग र नामकरणले उपन्यासमा प्रभावशालिता र अर्थव्यन्जनात्मकता सिर्जना भएको छ । उनका उपन्यासहरूमा नारीत्व र मातृत्वले मानसिक परिवर्तन ल्याएको देखिन्छ । उनका उपन्यासमा केही पात्रहरू विद्या र बुद्धिले सम्पन्न भएर पनि खराब स्वभावका देखिन्छन् । मनका कुराहरू व्यक्त गर्न नसक्ने पात्रहरू पनि उनका उपन्यासहरूमा देखिन्छन् ।

## २.६.८.जटिल भाषिक संरचना

भवानी भिक्षुका उपन्यासहरूका विषयवस्तु स्थानीय र आन्चलिक तथा सामाजिक भए पनि उनका सबै उपन्यासमा प्रयुक्त भाषाशैली सरल र स्पष्ट देखिँदैनन् । उनका उपन्यासमा प्रयोग भएका वाक्यहरू सरल देखिँदैनन् । त्यसैले जटिल भाषिक संरचनालाई पनि उनको भाषिक प्रवृत्तिका रूपमा देखा पर्दछ ।

भिक्षुका उपन्यासमा प्रयोग भएका भाषाहरूमा सुसंस्कृत र काव्यात्मक भाषा शैली रहेको देखिन्छ । उनका भाषामा आदरार्थी वाक्यहरूको प्रयोग पनि भएको देखिन्छ । आफू जन्मेहुर्केको स्थानको भाषिक प्रभाव रहेर पनि त्यसमा तत्सम शब्द तथा जटिल वाक्यको प्रयोग भएको भाषा उनका उपन्यासहरूमा पाइन्छ । प्रतीकात्मक र व्यन्जनात्मक भाषाको प्रयोगबाट उनका कतिपय अभिव्यक्तिहरू झट्ट बुझिने खालका देखिँदैनन् । उनका भनाइहरू घुमाउरा र केही जटिल वाक्यहरूको प्रयोग गरेको देखिन्छ । यसरी उनका भाषाहरू पछिल्ला उपन्यासहरूमा केही सरल बन्दै गएको पाइन्छ । *सुभद्रा बज्यै* हुँदै *सुन्तली*सम्मको यात्रा क्रमशः सरलतातिर उन्मुख भएको उल्लेख भएको मानिन्छ ।

## २.६.९.काव्यिक भाषाशैली

भवानी भिक्षुका उपन्यासहरूमा काव्यात्मक भाषाशैलीको प्रभाव देखिन्छ । उनले विं सं. २०१७ सालमा केही कविता सङ्ग्रहसमेत प्रकाशन गरेको देखिन्छ । यसले उनका काव्यात्मक भाषाशैलीका प्रयोक्तासमेत भएको स्पष्ट गर्दछ । यही प्रभाव उनको उपन्यास लेखनमा समेत देखिन्छ ।

विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गर्नुका साथैं वक्रोक्तिको प्रभावसमेत उनका उपन्यासका भाषाहरूमा देखिन्छ । उदाहरणहरू र विभिन्न आलङ्कारिक भाषाको चयन गर्ने कार्य उनले गरेको देखिन्छ । यी कारणले गर्दा उनका उपन्यासहरूमा काव्यिक प्रभाव देखिएको मानिन्छ । *सुभदा बज्यै* उपन्यासमा केही मात्रामा काव्यात्मक प्रभाव देखाएको देखिन्छ भने उनको *आगत* उपन्यास काव्यिक भाषाको प्रयोगको उत्कृष्ट नमुना मानिन्छ । कतिपयले यस उपन्यासलाई काव्यान्याससमेत भनेको देखिन्छ ।

## २.६.१०.नारी संवेदनाको बोध र नारी प्रधानता

भवानी भिक्षुका उपन्यासमा नारी संवेदनाको बोध र नारी प्रधानता स्पष्ट रूपमा देखिन्छ । उनका उपन्यासहरूमा नारीहरूको भूमिका आर्दश र विकृत दुवै खाले देखिए पनि प्रधानताका दृष्टिले नारीलाई नै पहिलो स्थान दिएको देखिन्छ । उनका उपन्यासहरूमा एकातिर नारी संवेदनाको बोध देखिन्छ भने अर्कातिर नारी पात्रको प्रधान भूमिका रहेको देखिन्छ ।

उपन्यासकार भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास नारी पात्रको केन्द्रीयतामा रचित उपन्यास हो । भिक्षुको यस उपन्यासमा नारी संवेदनालाई निकै ख्याल गरिएको देखिन्छ । *सुभद्रा* पात्र एक आदर्शवान नारीको प्रतिनिधि पात्र हो । त्यस पात्रका विवशता, बाध्यता र समस्याका साथै उसले अँगालेका नैतिक पथहरू अनुकरणीय छन् । यतिमात्र नभएर *सुभद्रा* यस उपन्यासकी प्रमुख पात्रसमेत हो । यस उपन्यासमा नारी संवेदनाको बोध तथा अभिव्यक्ति स्पष्ट रूपमा देखा पर्दछ भने नारी पात्रको प्रधानतासमेत देखा पर्दछ ।

भवानी भिक्षुको *आगत* उपन्यासमा नारी तथा पुरुष पात्रका राम्रा र नराम्रा चरित्रहरूको चित्रण गरिएको देखिन्छ । नारी पात्रहरूको असल र खराब भूमिकाले उपन्यास

थप रोचक र आकर्षक बनेको देखिन्छ । उच्च कुलीन तथा निम्न वर्गीय पात्रहरूका नारी सुलभ स्वभाव र आदर्शहरूलाई नै यस उपन्यासमा स्थान दिइएको देखिन्छ । छलकपट, नारीव विवशता, षडयन्त्र आदि विषयलाई समेत यस उपन्यासमा स्थान दिइएको देखिन्छ ।

भवानी भिक्षुको तेस्रो उपन्यासका रूपमा *पाइप नं. २* रहेको छ । यस उपन्यास आदर्श नारी पात्रविमुख उपन्यासका रूपमा देखिएको छ । यस उपन्यासमा*निलीमा देवी*को भूमिका असामाजिक र अशोभनीय देखिन्छ । एक नारीको विकृत चरित्र र मनोदशाको चित्रण गर्न भिक्षु अग्रसर भएको कुरा यस उपन्यासले देखाउँछ । समाजमा हुने घृणित, कलूषित र तिरस्कृत व्यवहारहरूलाई उदाङ्गो पार्ने कार्यसमेत यस उपन्यासले गरेको छ । यस उपन्यासमा पनि नारी पात्रको प्रधानता नै देखिन्छ ।

भवानी भिक्षुको *सुन्तली* उपन्यास नारी प्रधान उपन्यास हो । उक्त उपन्यासमा प्रस्तुत गरिएकी अभिभाविका आमाको भूमिका निकै रोचक र आदर्शवान देखिन्छ । एउटी नारी पात्रले नारीमाथि प्रदर्शन गरेको अकल्पनीय आदर्शभाव र व्यवहारलाई प्रदर्शन गर्ने कार्य भवानी भिक्षुले यस उपन्यासमा गरेको देखिन्छा । *सुन्तली*को चरित्र, उसको भूमिका, जीवनयापन आदि विषयमा केन्द्रित यस उपन्यासमा सामाजिक षडयन्त्रको पर्दाफास गर्ने कार्य समेत भएको छ । एक नारी पात्र *सुन्तली*कै नामबाट उपन्यासको नाम राखिनुले पनि यसमा भएको नारी प्रधानतालाई स्पष्ट गर्दछ । यसप्रकार उनका उपन्यासहरूमा नारी संवेदनाको बोध र अभिव्यक्ति भएको देखिन्छ भने अर्कातिर नारी चरित्रको प्रधानतासमेत देखा पर्दछ । उनका जम्मा चार वटा मध्ये तीन वटा उपन्यासहरू नारी प्रधान देखिन्छन् । यसले पनि उनी नारी प्रधान चरित्रयुक्त उपन्यासहरूका रचयिता हुन् भन्ने कुरामा कुनै शङ्का गर्नुपर्ने देखिँदैछ ।

## २.६.११.शास्त्रीयताको प्रभाव

शास्त्रीयतावादले उच्च भाषिक शैलीको अपेक्षा राख्दछ । अभिजात वर्गको विषयलाई स्थान दिनुपर्ने मान्यता राख्दछ । यसले पात्रगत चयनमा समेत अभिजात वर्गको स्थानलाई अग्रस्थान दिन रुचि राख्दछ । कालक्रमिक घटनाक्रमको अपेक्षा राख्दछ । विषयवस्तु र कथावस्तु अभिजात वर्गको हुनुपर्ने, पर्यावरण, परिवेश र संस्कृति उच्च कुलीन हुनुपर्ने, भाषाको स्तर उच्च हुनुपर्ने, चरित्रहरूको छनौटमा पनि अभिजात वर्गलाई स्थान दिनुपर्ने

जस्ता अपेक्षाहरू शास्त्रीयतावादी विचारभित्र पर्दछन् । नीतिपरक चेतना, सामाजिक मर्यादा आदिको परिपालना जस्ता कुराहरू पनि शास्त्रीय चिन्तनका अपेक्षाभित्र पर्दछन् । भवानी भिक्षुका उपन्यासहरूमा शास्त्रीयतावादी प्रभाव पनि केही मात्रामा रहेको देखिन्छ ।

भिक्षुको *सुभद्रा बज्यै* उपन्यासमा उच्च वर्गका जीवनशैलीलाई केही रूपमा स्थान दिइएको देखिन्छ । यहाँ आदर्शलाई प्राथमिकतामा राख्ने कार्य भएको देखिन्छ । उनको *आगत* उपन्यासमा उच्च वर्गका व्यवहार र आदर्शलाई प्रमुख स्थान दिइएको देखिन्छ । उच्च वर्गका भाषा, संस्कृति र परम्पराको पक्षपोषण गर्ने कार्य यस उपन्यासमा भएको देखिन्छ । यस प्रकार पनि यस उपन्यासमा शास्त्रीयतावादी प्रभाव रहेको देखिन्छ ।

भवानी भिक्षुका *पाइप नं. २* र *सुन्तली* उपन्यासहरूमा विषयवस्तु र पात्रहरू शास्त्रीयतावादी परिधिमा कम रूपमा परेको देखिन्छ । यी उपन्यासहरूमा यौन मनोविश्लेषण र सामाजिक विषयलाई उजागर गरिएको देखिन्छ । तर यी उपन्यासहरूमा पनि उच्च र शिष्ट भाषाको प्रयोग गरेको देखिन्छ । भाषा र अभिव्यक्तिहरूका आधारमा यी उपन्यासहरूमा समेत केही शास्त्रीयतावादी चिन्तनको प्रभाव रहेको देखिन्छ । उनका उपन्यासमा समय क्रम मिलेको समेत देखिन्छ ।

## २.६.१२.कारुणिकता

भवानी भिक्षुका उपन्यासहरूमा करुणा र सहानुभूति देखाउने प्रवृत्ति देखिन्छ । उनका उपन्यासहरू भावुक समेत देखिन्छन् । उनले गरेका वस्तु-संयोजनहरूमा कारुणिकता प्रदर्शन भएको देखिन्छ ।उनका *सुभद्रा बज्यै, आगत, पाइप नं. २* र *सुन्तली* उपन्यासहरूमा कारुणिकता देखिन्छ । यी उपन्यासका पात्रहरूको भूमिका सुखदबाट दुखद बन्दै गएको देखिन्छ ।

भिक्षुको *सुभद्रा बज्यै* उपन्यासमा *सुभद्रा* र *करुणाकर*को सानो कमजोरीका कारण उपन्यासमा दुखपूर्ण अवस्था सिर्जना भएको देखिन्छ । *सुभद्रा* एक आदर्शवान र असल पात्रका रूपमा रहेकी पात्र हो तर उसलाई परेको समस्या र उसको कथाको भूमिकाको स्वरूपका कारण निकै कारुणिक अवस्थाको सिर्जना भएको देखिन्छ । सुभद्रा र करुणाकरको हृदयविदारक वियोग यस उपन्यासमा देखाइएको छ ।

भिक्षुको *आगत* उपन्यासमा पनि कारुणिकता झल्किएको देखिन्छ । यस उपन्यासमा उच्च वर्गका पात्रहरूमा पनि करुणा दर्शाउने गरी कथावस्तु र परिवेशको संयोजन गर्ने कार्य उनले गरेको देखिन्छ । *आगत* उपन्यासमा शर्मा परिवारले उच्चताबाट निम्नस्तरको जीवन यापन गरेको अवस्था सिर्जना गर्ने कार्य उनले गरेको देखिन्छ । यस परिवारमा देखिएको आर्थिक पतनलाई पनि कारुणिकताको एक अविस्मरणीय उदाहरणका रूपमा लिन सकिन्छ । भारतीय हिरासतमा गएको देखाउनु र मालिक्नीलाई हृदयाघात भएको देखाउनुले यस उपन्यासलाई थप कारुणिक बनाएको छ । यस उपन्यासमा त्यतिबेलाका शोषित र पीडितहरूको कारुण चित्र उतार्ने कार्यसमेत भिक्षुले गरेका छन् । उनले रैतीहरूको दुखद अवस्थाको समेत चित्रण गरेको देखिन्छ ।

भवानी भिक्षुको *पाइप नं. २* उपन्यासमा नारी मनोविश्लेषणलाई उतरिएको छ । यस उपन्यासमा *नेली*को गरीबी, बाध्यता, अभाव र विवशतालाई स्थान दिइएको देखिन्छ । *ने*लीको पश्चात्तापजन्य व्यवहार पनि निकै करुण बन्न पुगेको देखिन्छ । उनको *सुन्तली* उपन्यास पनि करुणाजन्य स्थिति उत्पन्न गराउने उपन्यास हो । नेपाली भूमिमा जन्मे-हुर्केकी नारीको जीवनकथा सुखद र रोमान्चक छैन । यसरी कारुणिक भावधाराका उपन्यासको लेखन गर्न पनि भवानी भिक्षु निकै सक्षम देखिन्छन् ।

## २.६.१३.परम्पराको अनुसरण

नेपाली साहित्यमा *रूपमती*को प्रकाशन (वि. सं. २००३) देखि त्यसपूर्वका समयको प्रभाव केही रूपमा रहे पनि सामान्यतः आदर्शोन्मुख यथार्थवादी लेखनले स्थान पाएको देखिन्छ । त्यसै गरी लैनसिंह वाङ्देलको *मुलुकबाहिर* (वि. सं. २००४) पछि भने केही यर्थाथले स्थान पाउँदै गएको देखिन्छ । यसरी यी उपन्यासहरूपछिका उपन्यासमा यी प्रवृत्तिहरू देखा पर्दै आएको देखिन्छ । यसपछि अन्य प्रवृत्तिहरू पनि क्रमशः देखा पर्दै गएको देखिन्छ । भवानी भिक्षुका उपन्यासहरूमा पनि यी प्रचलित परम्पराहरूको प्रशस्त प्रभाव रहेको देखिन्छ ।

भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास आदर्शोन्मुख यथार्थवादी उपन्यास हो । यस उपन्यासमा उनीपूर्व देखिएका केही प्रवृत्तिहरू देखा पर्दछन् । उनले आफूपूर्व देखिएका आदर्शोन्मुख यथार्थवादी विचारको केही प्रभाव यसमा प्रदर्शन गरेको देखिन्छ । विभिन्न कथा

र उपन्यासहरूमा देखा परेका मनोविश्लेषणात्मक धारालाई पछ्याउने कार्य पनि उनले गरेको देखिन्छ । उनको *पाइप नं. २* मा मनोविश्लेषणात्मक प्रवृत्ति देखा पर्दछ ।

भवानी भिक्षुले आफ्ना औपन्यासिक कृतिहरू विं सं. २०१९ सालपछि मात्र ल्याएको देखिन्छ । यतिबेलासम्म देखा परेका विभिन्न प्रवृत्तिलाई उनले अँगालेको देखिन्छ । विशेषतः वर्णन गर्ने शैली र विश्लेषण गर्ने शैलीको प्रयोग भएको उनका उपन्यासहरूमा पाउन सकिन्छ । तर यिनले खुलेर *मुलुकबाहिर*मा देखिएको प्रवृत्तिलाई अँगालेको देखिँदैन र गोविन्दबहादुर गोठालेको *पल्लो घरको झ्याल*को प्रवृत्ति पनि स्पष्ट देखिँदैन ।

भवानी भिक्षुले *सुभद्रा बज्यै* र *आगत* उपन्यासमा वि. सं. २०१६ सालपूर्वका प्रवृत्ति अँगालेको देखिन्छ । यतिबेलासम्म यथार्थ र आदर्शको मिश्रण भएको प्रवृत्ति देखा पर्दछ । तर त्यसपछिका उपन्यासहरूमा उनले मनोविश्लेषात्मक प्रवृत्तिलाई लिएको देखिन्छ । उनले लेखेका उपन्यासहरूमा उपन्यासमा पात्रहरुले पत्येक्ष रुपमा थालेका कार्यकलापभन्दा पहिल्यै भएका घटनाहरूको समीक्षात्मक टिप्पणी गरेको पनि देखिन्छ । यसरी उनका कतिपय उपन्यासहरूको विकास भएको देखिन्छ ।

भवानी भिक्षुका उपन्यासका पात्रहरूका बारेमा घटना वा सन्दर्भहरूको सहाराबाट चिनाउने कार्य भिक्षुले त्यति सबल रूपमा गरेको देखिँदैन । उनले पात्रहरूको परिचय दिने कार्य आफैले गरेको देखिन्छ । उनका पात्रहरू भावुक र अन्तर्मुखी चरित्रका देखिन्छन् । उनका पूर्वार्द्ध चरणका उपन्यासहरूमा केही बढी वर्णनात्मकता र समाख्यानात्मकता देखिन्छ भने उत्तरार्द्धका उपन्यासहरूमा वर्णन गरिएका र नाटकीय चरित्र देखा पर्दछ । यी प्रवृत्तिहरू पनि उनका नयाँ र मौलिक नभएर परम्पराको अनुसरणका रूपमा देखा पर्दछन् ।

भवानी भिक्षुले आफूपूर्वका उपन्यासकारहरूका प्रवृत्तिहरूलाई थोरबहुत अँगालेको देखिन्छ । उनले आफ्नो *आगत* उपन्यासमा उपन्यासमा रुद्रराज पान्डे, रूपनारायण सिंह आदिले सुरु गरेको मानिएको परिच्छेद विभाजन परम्पराको अनुसरण गरेको देखिन्छ । उनले यो प्रवृत्तिलाई सबै उपन्यासमा अपनाउने कार्य भने गरेका छैनन् । भिक्षुले परम्परा अनुसरण गर्ने क्रममा केही उपन्यासको नामकरण अभिधात्मक रूपमा गरेको देखिन्छ । उनले उनका समकालीनहरूका यथार्थवादी र प्रयोगवादी धारलाई भन्दा केही पहिलेका परम्परालाई आत्मसात गरी आदर्शोन्मुख यथार्थवादी उपन्यासहरू लेखेको देखिन्छ । यसरी समग्रमा हेर्दा उनले नवीनतम प्रयोग र प्रवृत्तिमा भन्दा परम्परित शैलीमा जोड दिएको देखिन्छ ।

## २.६.१४.कथानकको सघनता

भवानी भिक्षुको उपन्यास लेखनमा परम्परित शैलीको प्रभाव परेको देखिन्छ ।सघन कथावस्तु र कथानक देखिनु पनि उनको एउटा औपन्यासिक प्रवृत्तिमा पर्दछ । उनका उपनन्यासहरूमा क्षीण कथानक नभएर सघन र प्रबल कथानक भएको पाउन सकिन्छ। तर उनका कतिपय समकालीन लेखकहरूमा भने क्षीण कथानकलाई पनि स्थान दिइने गरेको देखिन्छ।

भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास आफैमा आकारगत रूपमा केही सानो भए पनि कथावस्तु प्रबल नै भएको देखिन्छ । त्यसै गरी उनको *आगत* उपन्यासमा झन कथावस्तु सघनमात्रामा रहेको पाउन सकिन्छ । यस उपन्यासमा समग्र समाजको प्रतिनिधित्व हुने गरी कथावस्तुको संयोजन गरिएको छ। *पाइप नं. २* र *सुन्तली* उपन्यासमा पनि कथानक सघन नै रहेको देखिन्छ । यसरी हेर्दा सघन कथावस्तु लिने प्रवृत्ति उनको उपन्यास लेखनमा देखिन्छ।

## २.६.१५. प्रभावग्रहण

भवानी भिक्षु सानैदेखि विभिन्न भाषाका पुस्तकहरू अध्ययन गर्ने साहित्यकारका रूपमा चिनिन्छन् । उनले हिन्दी, बङ्गाली, नेपाली आदि विभिन्न भाषाका साहित्यको अध्ययन गरेको देखिन्छ। यसै क्रममा तिनै कृतिहरूमा अपनाइएका प्रवृत्तिहरूको अनुकरण गर्ने र प्रभाव ग्रहण गर्ने गरेको पाइन्छ । यसमध्ये बङ्गाली साहित्यको प्रभाव विशेष उल्लेखनीय देखिन्छ।

भवानी भिक्षु भारतीय साहित्यकारहरूप्रेमचन्द, शरत्चन्द, रवीन्द्रनाथ आदिका साहित्यिक कृतिहरूबाट प्रभावित भएको पाउन सकिन्छ। शरत्चन्दलाई त उनले आदर्श लेखकका रूपमा लिएको उल्लेख भएको पाइन्छ । भवानी भिक्षुको *आगत* उपन्यासमा विभिन्न प्रकारका उपकथाहरू रहेको देखिन्छ। ती उपकथाहरूमा *सम्झना*सँग सम्बन्धित उपकथा बङ्गाली उपन्यासकार शरत्चन्द चटोपाध्यायको *चरित्रहीन* उपन्यासकी नारी चरित्र *किरणमयी*का कतिपय प्रसङ्गबाट प्रेरित भएको कुरा विभिन्न शोधमा उल्लेख गरिएको पाइन्छ। उनका अन्य उपन्यासहरू लघु उपन्यासका रूपमा समेत चिनिने भएकाले तिनमा त्यति धेरै उपकथाहरू पाउन सकिँदैन । नारी मनका अन्तर्मन प्रकट गर्ने शैली पनि

शरत्चन्दबाट ग्रहण गरेको कुरा पनि शोधहरूमा उल्लेख भएको पाइन्छ । यसरी उनका लेखनमा बङ्गाली साहित्यको बढी नै प्रभाव रहेको देख्न सकिन्छ ।

## २.७. निष्कर्ष

साहित्यकार भवानी भिक्षुको जन्मको समय विवादित रहे पनि वि. सं. १९६६ साललाई नै उनको वास्तविक जन्मसाल मानिएको देखिन्छ । उनको जन्म कपिलवस्तु जिल्लाको तौलिहवा नगरमा भएको हो । साहित्यमा उनको नाम *भवानी भिक्षु* रहे पनि न्वारनको नाम भने *नोहरराम* भएको उल्लेख भएको देखिन्छ । उनले कविता, कथा आदि विधामा कलम चलाएपछि उपन्यास विधामा कलम चलाएको देखिन्छ । भिक्षुको पहिलो उपन्यास *सुभद्रा बज्यै* हो भने अन्तिम उपन्यास *सुन्तली* हुन पुगेको छ ।

भवानी भिक्षुको कलम उपन्यासका क्षेत्रमा पनि निकै उच्च रहेको देखिन्छ । *आगत*उपन्यासले भिक्षुलाईथप उचाइ प्रदान गरेको देखिन्छ । कारुणिक पात्र र परिवेश जुटाउने कार्य उनले उपन्यासहरूमा गरेका छन् । उनका उपन्यासहरूमा मानवता, आदर्श, यथार्थ, मनोविश्लेषण, संस्कारको प्रभाव, परम्परित शैली, उदात्त भाषिक शैली आदि प्रवृत्तिहरू देखा पर्दछन् । विभिन्न अग्रज लेखक तथा उपन्यासकारहरूको प्रभाव उनका परेको देखिन्छ । प्रभावका क्रममा बङ्गाली साहित्यकार शदत्चन्दको प्रभाव उल्लेखनीय देखिन्छ । यसबाहेक नेपाली, हिन्दी आदि भाषाका साहित्यकारहरूका कृतिहरू पनि अध्ययन गर्ने कार्य उनले गरेको देखिन्छ । यसले उनमा एकातिर लेखनको क्षमता विकास गराएको देखिन्छ भने कतै उपकथाहरूको निर्माणमा टेवा पुऱ्याएको समेत देखिन्छ ।

परिच्छेद-तीन

# उपन्यास विश्लेषण सिद्धान्त

## ३.१.परिचय

उपन्यासलाई चिनाउने क्रममा विभिन्न विद्वानहरूले फरकफरक तरिकाले मतहरू अभिव्यक्त गरेको भए पनि समग्रमा विभिन्न पात्र, कथानक, जीवनशैली, परिवेश, उद्देश्य आदिका आधारमा रचेको आख्यानात्मक वृहत् आकारको कृतिलाई उपन्यास भन्ने कुरामा कसैको असहमति रहेको देखिँदैन । उपन्यासलाई इन्साइक्लोपेडिया ब्रिटानिका(भाग १८)मा मान्छेका अनुभवहरूलाई केही जटिलताका साथ कल्पनाको सहयोगले प्रस्तुत गरिने साहित्यिक वर्णनात्मक गद्यविधाका रूपमा चिनाइएको देखिन्छ । उपन्यासलाई जेजसरी परिभाषित गरेको देखिए पनि जीवन वा यससँग सम्बन्धित घटित वा घट्न सक्ने घटनाहरूलाई आख्यानात्मक रूपमा प्रस्तुत गर्ने विधाका रूपमा उपन्यासलाई लिने कुरामा कसैको विमति रहेको देखिँदैन । उपन्यासलाई विश्लेषण गर्नका लागि बनेका मान्यताहरू पनि विभिन्न प्रकारका भएको पाउन सकिन्छ । तिनै विभिन्न मान्यताहरूका आधारमा उपन्यासको विश्लेषण गर्न सकिन्छ । यस शोध पत्रको तेस्रो परिच्छेदका रूपमा रहेको यस परिच्छेदमा पनि उपन्यासलाई विश्लेषण गर्ने सिद्धान्तहरूको परिचय दिई *सुन्तली* उपन्यासलाई विश्लेषण गर्ने आधारहरूको पहिचान गर्ने कार्य भएको छ ।

## ३.२. उपन्यास विश्लेषणका सिद्धान्त र आधारहरू

उपन्यास विश्लेषणका विभिन्न सिद्धान्तहरू छन् । उपन्यास विश्लेषणका लागि विधातात्त्विक अध्ययनलाई विशेषतः आधारका रूपमा लिइएको देखिन्छ । रचयिताले रचना गरेका औपन्यासिक कृतिहरूमा देखिएका प्रवृत्तिका आधार पनि उपन्यासको विश्लेषण गर्न सकिन्छ । विशेष गरी उपन्यासमा प्रयुक्त विषयवस्तु, कथानक, चरित्र, परिवेश, संवाद आदिका आधारमा कुनै पनि कृतिको विश्लेषण गर्ने गरिन्छ । *कृष्णहरि बराल* र *नेत्र एटम*ले *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* शीर्षकको पुस्तकमा उपन्यास विश्लेषणका लागि आवश्यक पर्ने प्रमुख तत्त्वहरूनिम्नवमोजिम प्रस्तुत गरेको देखिन्छः

१. कथानक

२. चरित्र र चरित्रचित्रण

३. पर्यावरण

४. दृष्टिविन्दु

५. सारवस्तु

६. भाषा

७. प्रतीक र बिम्ब

८. गति र लय

यसप्रकार यहाँ प्रस्तुत गरिएका आठ वटा आधारहरू र यसबाहेकका कथानक परिचय तथा औपन्यासिक संरचनालाई उपन्यासको विधातात्त्विक विश्लेषण गर्न सकिन्छ । हुन त विभिन्न आधारहरू प्रस्तुत गरेको देखिए पनि समग्रमा उपर्युक्त आधारहरू नै प्रचलित रहेको देखिन्छ । ती सैद्धान्तिक आधारहरूको संक्षिप्त परिचय तल प्रस्तुत गरिएको छ ।

## ३.२.१.कथानक

कथा र कथानकबीच देखिने भिन्नतालाई सामान्यतः चासो दिइएको देखिँदैन ।कथानकलाई उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचाका रूपमा चिनाइन्छ भने कथालाई समयक्रममा आएका घटनाहरूको कारणहीन ढाँचाका रूपमा लिइएको देखिन्छ । कथामा आएका विभिन्न खन्डखन्डमा रहेका घटनाहरू र तिनका कारणहरूसमेत भएको संरचनालाई कथानकका रूपमा लिन सकिन्छ । कारणहरू र त्यसका लागि प्रयुक्त तर्क, बुद्धि, कल्पना आदिको प्रयोग भएको संरचनाका रूपमा पनि कथानकलाई बुझ्न सकिन्छ । यसमा तर्क, बुद्धि, विश्लेषण, परिवेश आदिको प्रयोग गरी पाठकमा कौतुहलता उत्पन्न गराउने कार्य भएको हुन्छ । कुनै घटनालाई प्रमुख मान्दा ती घटनापूर्वका अवस्थाहरू कहिले सोझै आउन सक्छन् भने कहिले थाह नपाइकन आउन सक्छन् । ती प्रमुख घटना र तीपूर्व आएका कारण वा पृष्ठभूमिहरूसमेतको संरचनालाई कथानक भनिने हुँदा यो कथाभन्दा ठूलो संरचनाका रूपमा देखिन जान्छ ।समयका क्रममा रहेको घटनाको क्रमका रूपमा पनि कथालाई चिनाइन्छ । तर सबै उपन्यासका खन्डहरूमा कार्य र कारणको एकैसाथ उपस्थिति नहुन पनि सक्छ ।

कथा र कथानकलाई चिनाउनका लागि *कृष्णहरि बराल* र *नेत्र एटमले* *मुलुकबाहिर* उपन्यासको आधारमा एउटा उदाहरण पेश गरेको देखिन्छ ।[३४] यस क्रममा उक्त उपन्यासको पात्र *रनेले* *म्याउचीलाईधकेलेर* मार्नु र आफू पनि मर्नुलाई कथा भनेर उदाहरण पेश गरिएको देखिन्छ । तर मार्नु र मर्नुका पछिका कारणहरू तर्कसहित प्रस्तुत गरिएको संरचनालाई भने उनीहरूले कथानक भनेका छन् । यहाँ *भनेको नमान्नु* मार्नुको कारणका रूपमा आएको देखिन्छ भने *अपराध बोध गर्नु* मर्नुको कारणका रूपमा आएको देखिन्छ ।यसरी भनेको नमानेर मारेको र अपराध बोध भएर आफू पनि मरेको भन्ने अर्थ दिने समग्र संरचनालाई कथानक भनी स्पष्ट गरिएको देखिन्छ ।

कथानकका विभिन्न स्रोतहरू भएको मानिन्छ । इतिहास, यथार्थमूलक अनुभव, मिथक, रागात्मक सौन्दर्य, स्वैरकल्पना आदि कथानकका स्रोतका रूपमा रहने मानिन्छ । कतिपय ऐतिहासिक उपन्यासहरूमा इतिहासलाई आधारका रूपमा ग्रहण गरेर कथानकको निर्माण गरिएको हुन्छ । केही पौराणिक सन्दर्भका आधारमा पनि कथानकको निर्माण गरिएको हुन सक्छ । मानवमा निहित आशा, निराशा, खुशी, आवेग, संवेग आदि कुराहरूलाई पनि कारणका रूपमा प्रस्तुत गरी कथानकको निर्माण गर्न सकिन्छ । त्यस्तै उडन्ते कल्पना सिर्जना गरेर पनि कथानकको सिर्जना गर्न सकिन्छ ।यसप्रकार विभिन्न स्रोतहरूका आधारमा कथानकको संरचना तयार भएको पाउन सकिन्छ ।तर्क, बुद्धि, विचार, दृष्टिकोण आदिका कारण पनि कथानक थप प्रभावकारी बन्दछ ।

कथानकमा पात्रहरूका बाह्य र आन्तरिक द्वन्द्वकोउपस्थिति हुनुका साथै उक्त द्वन्द्वबाट उत्पन्न क्रियाको झलक देखिन्छ । यसरी विकसित द्वन्द्वले विभिन्न चरणहरू पार गरेको हुन्छ । कथानकको आङ्गिक विकासलाई आदि, मध्य र अन्त्यको यथोचित विन्यासका रूपमा बुझ्न सकिन्छ । कथानकको आङ्गिक विकास आदि चरणमा आरम्भ र सङ्घर्षविकासका रूपमा, मध्य चरणमा सङ्कटावस्थाको शृङ्खला र चरमका रूपमा र अन्त्य चरणमा सङ्घर्षह्रास र उपसंहारका रूपमा गरी तीन प्रकारले भएको देखिन्छ ।

कथानकको ढाँचाका बारेमा पनि उल्लेख भएको पाइन्छ । कथानक रेखीय वा वृत्ताकारीय दुई प्रकारको हुने मानिन्छ । रेखीय कथानक भन्नाले समयक्रमसँगै अघि बढ्ने

---

[३४] कृष्णहरि बराल र नेत्र एटम. *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (वि.सं. २०५८, दो.सं.), ललितपुरः साझा प्रकाशन, पृष्ठ २३ ।

क्रमिक घटनाहरू उनिएको कथानक हो भने वृत्ताकारीय कथानकमा आवश्यकता अनुरूप पूर्वदीप्ति आदिको प्रयोग हुन सक्छ । त्यसै गरी मुख्य पात्रको कथानकलाई मुख्य कथानक र सहायक पात्रको कथानकलाई सहायक कथानक भनिन्छ । कथानकलाई व्यवस्थित र अव्यवस्थित, सरल र संयुक्त, हास्य-सुखान्तक आदि विभिन्न वर्गमा विभाजन गरेको पनि देखिन्छ ।

उपन्यासमा भएका कथानकहरू कथाभन्दा भिन्न रूपमा वा कारणसहितको संरचनाका रूपमा आएको देखिन्छ । यो ऐतिहासिक, पौराणिक, यथार्थ अनुभव आदि स्रोतबाट निस्किन सक्छ । यसमा द्वन्द्व र क्रिया सँगै देखिन्छन् । कथानकको ढाँचा पनि भिन्नाभिन्नै हुन्छ । कुनै उपन्यासमा रेखीय र कुनैमा वृत्ताकारीय ढाँचा देखा पर्दछन् । कथानकको उत्कृष्टताका कारण उपन्यासले पनि उत्कृष्टता हासिल गर्दछ ।

## ३.२.२. चरित्र र चरित्रचित्रण

उपन्यासमा भूमिका निर्वाह गर्ने मानवीय वा मानवेतर पात्रहरू हुन सक्छन् । कुनै पक्ष वा विषयको यथार्थमूलक वा काल्पनिक भूमिका निर्वाह गर्ने कार्य चरित्रले गर्दछ । चरित्रहरू कुनै वर्गका वा वैयक्तिक हुन सक्छन् । यी चरित्रहरूको भूमिकाका आधारमा तिनको अन्तर्मुखीपन वा बहिर्मुखीपन चिन्न सकिन्छ । चरित्रहरू कुनै सार्वभौम हुन्छन् भने कुनै आन्चलिक हुन सक्छन् । कुनै पात्र पारम्परिक वा मौलिक जेसुकै पनि हुन सक्छन् ।[३५] पात्रहरूलाईविभिन्न वर्गमा विभाजन गरेर अध्ययन गर्ने गरिएको देखिन्छ । उपन्यासमा प्रयोग हुने चरित्रका केही प्रकारहरू तल दिइएको छ :

१. वातावरण वा कुनै घटनाले परिवर्तन हुने पात्र गतिशील र नहुने गतिहीन,

२. समाजका यथार्थमूलक स्वभावको प्रतिनिधित्व गर्ने यथार्थमूलक र सन्देश दिने आदर्शमूलक,

३. सांसारिक प्रचलनदेखि टाढा बस्न रुचाउने र मनका कुरा व्यक्त गर्न नसक्ने अन्तर्मुखी र सांसारिक प्रचलनदेखि नजिक बस्न रुचाउने र मनका कुरा बाहिर व्यक्त गर्ने बहिर्मुखी

---

[३५] पूर्ववत्, पृ. ३०-३५ ।

४. जीवनलाई जटिल रूपमा भोग्ने र क्षणक्षणमा विशेषता परिवर्तन गरी कथानकलाई रोमान्चक बनाउने गोला र सोभ्कै बुभ्कन सकिने च्याप्टा

५. सबै स्थानमा ग्रहण गर्न सकिने पात्र सार्वभौम र निश्चित पर्यावरणमा विशिष्ट पहिचान लिएर बसेका पात्र आन्चलिक

६. प्रचलित परम्पराका पात्र परम्परित र नयाँ विशेषता भएका पात्र मौलिक आदि ।[३६]

यसप्रकार चरित्रलाई विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । यसबाहेक लिङ्गका आधारमा नारी वा पुरुष, कार्यका आधारमा प्रमुख, सहायक र गौण, प्रवृत्तिका आधारमा अनुकूल र प्रतिकूल, स्वभावका आधारमा गतिशील र गतिहीन, जीवन चेतनाका आधारमा वर्गीय र व्यक्तिगत, आसन्नताका आधारमा मन्चीय र नेपथ्यीय, आबद्धताका आधारमा बद्ध र मुक्त, नेतृत्वका आधारमा नायक र अनायक, नाकत्वका आधारमा एकनाकयत्व र बहुनायकत्व आदि तरिकाले समेत चरित्रहरूको वर्गीकरण गर्ने गरिन्छ ।

चरित्रचित्रण गर्दा उपन्यासकारले प्रत्यक्ष वा वर्णनात्मक पद्धतिबाट गरेको छ वा अप्रत्यक्ष वा नाटकीय पद्धतिबाट गरेको छ भन्ने कुराको पनि ख्याल राख्नुपर्ने हुन्छ । जस्तो चरित्रको स्थिति, सोचाइ, विचार, अनुभवजस्ता कुराहरूमा उपन्यासकार स्वयंले आफ्नो दृष्टिकोण व्यक्त गर्ने कार्य गर्न सक्छ । कुनै पात्र कस्तो स्वभावको हो, उसको पृष्ठभूमि केकस्तो हो, उसको रुचि र क्षमता केकस्तो हो भन्ने कुराको जानकारी उपन्यासकारले नै दिन्छ भने यसमा उपन्यासकारले प्रत्यक्ष रूपमा चरित्रको चित्रण गरिरहेको भन्ने बुभ्किन्छ । तर कुनै सन्दर्भ, परिवेश वा उपन्यासमा पात्रको स्वभाव उसको व्यवहार, भूमिका, क्रियाकलाप आदिबाट मात्र जान्न सकिन्छ भने त्यस खालको चित्रण अप्रत्यक्ष वा नाटकीय हो । यस्तो सन्दर्भमा चरित्रलाई आफै प्रदर्शित हुने अवसर मिलाउने वातावरणमात्र उपन्यासकारले गरेको हुन्छ । एउटा पात्रलाई अर्को पात्रका बारेमा विचार ओकेल्न वा वर्णन

---

[३६] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ३०-३५ ।

गर्न दिने कार्य समेत यसमा हुन्छ । अप्रत्यक्ष पद्धतिबाट चरित्रचित्रण गर्दा उपन्यासकारले सङ्केत, घटना, मनोवाद र संवादको प्रयोग गरेको देखिन्छ ।[३७]

## ३.२.३. पर्यावरण

कुनै पनि उपन्यासमा पात्रहरूको कार्यकलाप गर्ने वा घटनाहरू घट्ने स्थान, समय, परिस्थिति र त्यसको मानसिक प्रभावसमेतलाई पर्यावरण भनिन्छ । पर्यावरणले पाठकहरूलाई बाँध्ने कार्य गर्दछ । सम्बन्धित घटना, चरित्र र विषयसँग आत्मसात गर्न सघाउने कार्य पनि पर्यावरणले नै गर्दछ । यसप्रकार पर्यावरण अन्तर्गत देशकाल र वातावरण पर्दछन् ।[३८]

कुनै पनि औपन्यासिक कृतिमा कुनै न कुनै देश वा स्थानको केही न केही प्रभाव रहेको पाउन सकिन्छ । यतिमात्र नभएर कुनै समय वा कालखन्डको उपस्थिति पनि उपन्यासमा भएको देखिन्छ ।कुनै पनि चरित्र वा सन्दर्भको कार्यव्यापार, त्यसको स्थान र समयलाई देशकालका रूपमा बुझ्न सकिन्छ । यसमा पात्रका माध्यमबाट अभिव्यक्त हुने जीवनका कथा, रीतिरिवाज, रहनसहन, सामाजिक व्यवहार, परम्परा, प्राकृतिक पूर्वाधार र परिवेशजस्ता तत्त्वहरू पर्दछन् । कुनै उपन्यासमा आन्चलिक प्रभाव बढी हुन्छ भने कुनै उपन्यासमा आन्चलिकता र स्थानीय रङ्ग कम हुने गर्दछ ।

उपन्यासमा विभिन्न प्रकारका कार्यव्यापारहरू हुन्छन् । कुनै कार्यव्यापारले कुनै क्षेत्रका पाठकहरूलाई बढी प्रभाव पार्दछ भने कुनैले अर्को क्षेत्रका पाठकहरूलाई बढी प्रभाव पार्न सक्छ । यसरी उपन्यासमा हुने कार्यव्यापारले पाठकमा पार्ने प्रभावलाई वातावरण भनिन्छ ।[३९] उपन्यासको कथानक अघि बढ्दै जाँदा पाठकमा उन्पन्न हुने दुःखसुख, घृणा, क्रोध, आदि भावनाको उद्बोधन र तिनको प्राप्तिलाई वातावरण भनिन्छ । यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग हुने मानिन्छ । उपन्यासमा देशकाल र वातावरणको उचित प्रबन्ध मिलाउन सके उपन्यास आकर्षक हुने देखिन्छ ।

---

[३७] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ३०-३५ ।

[३८] ऐजन्, पृष्ठ ३६-३९ ।

[३९] ऐजन्, पृष्ठ ३६-३९ ।

## ३.२.४. दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथावाचनका लागि एउटा विन्दु रोज्ने गर्दछ । त्यही विन्दुमा रहेर उसले कथा वाचन गरिरहेको हुन्छ । यस खालको विन्दुलाई दृष्टिविन्दु भनिन्छ ।[४०] कुनै पनि घटना एवम् चरित्रहरूलाई वर्णन तथा उपस्थापन गर्न अँगाल्ने विन्दु वा आधारका रूपमा यो आएको हुन्छ । यो विन्दुका आधारमा कथा कस्ले भनेको छ र कसरी भनिएको छ भन्ने कुराको जानकारी गराएको हुन्छ । सामान्यतः उपन्यासमा बाह्य र आन्तरिक वा तृतीय पुरुष र प्रथम पुरुष गरी दुई प्रकारका दृष्टिविन्दुको प्रयोग हुने गरेको मानिन्छ ।

कुनै कथयिता उपन्यासका बारेमा पुरै जानकारी राख्दछ भने यस खालको कथयिता विन्दुलाई बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भनिन्छ । यस खालको दृष्टिविन्दुमा कथयिताले कुनै पनि घटनाको वर्णन गर्दा, कुनै पात्रको परिचय दिँदा वा चित्रण गर्दा तृतीय पुरुषीय शैलीमा वर्णन गरिरहेको हुन्छ । यसलाई पनि सर्वज्ञ र सीमित गरी दुई भागमा बाँड्न सकिन्छ । सबै घटना र विषयको जानकारी राख्ने दृष्टिविन्दु सर्वज्ञ दृष्टिविन्दुमा पर्दछ । यो दृष्टिविन्दु पनि हस्तक्षेपी र निर्वैयक्तिक गरी दुई भागमा बाँडेर हेर्न सकिन्छ । लेखक आफैले सोझै वर्णन गर्नु र कुनै नाटकीय संवाद आदि सिर्जना गरी वर्णन गर्नुलाई क्रमशः हस्तक्षेपी र निर्वैयक्तिक दृष्टिविन्दुका रूपमा लिन सकिन्छ ।

सीमित पक्षबाट मात्र पात्रको र व्यवहारका बारेमा जानकारी गराउने कार्य पनि विभिन्न उपन्यासहरूमा गरेको देखिन्छ । कथयिताले आफूलाई कम प्रत्यक्ष रूपमा कुनै पात्र वा विचारको पक्षपोषण गरिरहेको अवस्था छ भने त्यहाँ सीमित दृष्टिविन्दुको प्रयोग भएको मान्नुपर्छ । यसरी हेर्दा तृतीय पुरुष दृष्टिविन्दुमा पनि सीमित र प्रत्यक्ष गरी दुई प्रकारका दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

कुनै पात्रको वा घटनाको वर्णन गर्दा आफूलाई पनि उपन्यासमा प्रवेश गराएको छ भने त्यस उपन्यासमा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको छ भनी मान्नुपर्दछ । आन्तरिक दृष्टिविन्दु भएको उपन्यासमा कथयिताले चाहेका जुनसुकै कुराहरू आत्मपरक रूपमा वा *म* पात्रका रूपमा व्यक्त गर्ने कार्य गर्दछ । यस खालका उपन्यासहरूमा कथयिता प्रायः

[४०] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ३९-४१ ।

उपन्यासको प्रमुख पात्रका रूपमा रहन सक्छ । यो दृष्टिविन्दु पनि केन्द्रीय र परिधीय दुई प्रकारको हुन सक्छ ।

## ३.२.५. सारवस्तु

कुनै पनि उपन्यासले दिने सन्देश वा वैचारिक अभिव्यक्तिलाई सारवस्तु भनिन्छ । उपन्यासकारले कुनै विचार वा अभिप्रायलाई नाटकीकरण वा वर्णन वा चरित्रचित्रणबाट पाठकसमक्ष साधारणीकरण गराउने प्रयास गर्दछ ।[४१] उपन्यासकारको सो अभिप्राय वा विचारलाई नै सारवस्तु मान्न सकिन्छ । कुनै उपन्यासको बीज वा उदभव सारवस्तु हो भने कुनै उपन्यासले लेखकलाई थाहै नभएको विषय पनि सारसन्देशका रूपमा प्रस्तुत गरेको देखिन्छ ।

कुनै उपन्यासमा नाटकीकरणबाट सन्देशहरू प्रवाह गरिएको हुन्छ भने कुनै उपन्यासहरूमा सीधै उपदेश वाक्यका रूपमा सन्देश दिने पनि गरिएको हुन सक्छ । तर सन्देशका रूपमा सीधै भन्दा केही खोक्रोपन र कलात्मक मूल्यलाई न्यून गर्दछ । त्यसैले नाटकीकरण गरेर कुनै माध्यमबाट विचार सम्प्रेषण गरेका उपन्यासहरूको मूल्य उच्च रहने मानिन्छ । कुनै उपन्यासले नयाँ विचारहरूको प्रतिपादन गर्न सक्छन् भने कुनै उपन्यासहरूले भएका स्थापित विचारहरूलाई उद्घाटन गर्ने कार्य गर्दछन् ।

सारवस्तु स्थानीय वा सार्वजनीन गरी दुई प्रकारका हुन्छन् । स्थानीय सारवस्तुले कुनै देशकालमा सीमित रही स्थानीय यथार्थ र सन्देश सम्प्रेषण गर्दछ । कतिपय आन्चलिक र ऐतिहासिक उपन्यासहरूमा स्थानीय सारहरू प्रकट भइरहेका हुन्छन् । तर ती सबै उपन्यासहरू विश्वव्यापी रूपमा सार्वजनीन हुन नसक्ने नै हुन्छन् भन्ने हुँदैनन् ।[४२] विश्वजनीन विषयवस्तुको पक्षपोषण गर्ने कार्य विश्वजनीन सारवस्तु दिने उपन्यासहरूमा गरिन्छ ।

---

[४१] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ४१-४२ ।

[४२] ऐजन्, पृष्ठ ४१-४२ ।

## ३.२.६. भाषा

कुनै पनि उपन्यासमा लेखकीय शैली र भाषा रहेको हुन्छ । उपन्यासमा पात्रहरूको चरित्र चित्रण गर्ने कार्य, कुनै अभिप्राय व्यक्त गर्ने कार्य, कार्यव्यापारलाई अगाडि बढाउने कार्य आदि सबै भाषाकै माध्यमबाट हुन्छ । साहित्यमा प्रयुक्त भाषा गद्य र पद्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा भने गद्य भाषाको प्रयोग गरिन्छ । काव्यलाई श्रव्य प्रधान मानेझैँ, नाटकलाई दृश्यप्रधान मानेझैँ उपन्यासलाई पाठ्यप्रधान विधाका लिइन्छ । विविध घटना, दृश्य, देशकाल आदि कुराहरू नाटकमा दृश्यात्मक रूपमा आउँछन् भने उपन्यासमा वर्णनात्मक वा भाषिक रूपमा आउँछन् ।[४३]त्यसैले पनि उपन्यास नाटकभन्दा भिन्न प्रकृतिको विधाका रूपमा देखिएको छ ।

साहित्यमा आकर्षणका लागि आआफ्ना भाषिक कला अभिव्यक्त गर्नका लागि भाषालाई विभिन्न स्वरूपमा व्यक्त गर्न सकिन्छ । भाषाको पदक्रमलाई मान्ने वा नमान्ने, क्रमविहीन बनाएर प्रस्तुत गर्ने वा नगर्ने, विभिन्न कलात्मक शैली र लयहरू सहभागी गराउने वा नगराउने, विशुद्ध गद्य रूपमा प्रस्तुत गर्ने वा नगर्ने जस्ता कुराहरू साहित्यकारका ऐच्छिक विषयहरू हुन् । कविता आदि विधामा प्रयोग हुने भाषा र उपन्यासमा प्रयोग हुने भाषाका बीचका अन्तर हुन्छ । उपन्यासमा समेत केही विचलनयुक्त भाषा प्रयोग भए पनि कविता र अन्य विधामा प्रयोग हुने भाषाहरू भिन्न हुन्छन् । घटना वा चरित्रका अभिव्यक्तिलाई जीवन्त बनाउन उपन्यासमा प्रयोग हुने संवादहरूमा बढी कथ्य शैलीको भाषा प्रयोग पनि हुने गर्दछ ।

नेपाली उपन्यासमा प्रयोग हुने भाषा तत्सम शब्दहरूको प्रयोग गर्ने पनि देखिन्छ । कुनै उपन्यासकारले भने स्थानीय प्रभावका कथ्य र अनुकरणात्मक शब्दहरूको प्रयोग पनि गर्दछन् । त्यसैले लेख्य र कथ्य दुवै खालका भाषाको प्रयोग उपन्यासहरूमा हुन्छन् । पाठ्य विधाका रूपमा रहेको उपन्यास विधामा उपन्यासकारले सन्दर्भ वा घटनाअनुकूलका शब्द वा भाषाहरू प्रयोग गर्न सक्छन् । कविता वा नाटकहरूमा भन्दा भिन्न प्रकृतिको भाषा र शैली उपन्यासमा हुने भए पनि पछिल्लो समयमा पूर्णतः यी विधाभन्दा भिन्न भएर उपन्यास जान सक्दैन भन्ने मानिन्छ ।

---

[४३] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ४२-४३ ।

## ३.२.७. प्रतीक र बिम्ब

साहित्यिक विधामा विभिन्न प्रकारका प्रतीक वा बिम्बहरूको प्रयोग गर्ने गरिन्छ । ती प्रतीक बिम्बका कारण एकातिर साहित्य आकर्षक र स्मरणीय बन्दछ भने अर्कातिर त्यसले अर्थलाई गहिरो पनि बनाउँछ । कुनै वस्तु वा घटनालाई कुनै वस्तुले प्रतिनिधित्व गर्ने गरी प्रतीकहरूको निर्माण गरिन्छ । प्रतीकको प्रयोगले भाषालाई संक्षिप्त र सारगर्वित समेत बनाउँदछ । त्यसै गरी बिम्बको प्रयोग पनि अन्य साहित्यिक विधाहरूमा जस्तै गरेर उपन्यासमा पनि गरिएको हुन्छ ।

बिम्बलाई कुनै पनि वस्तुको मस्तिष्कमा पर्ने छायात्मक प्रभाव हो । विभिन्न कलात्मक अभिव्यक्ति दिएर वा प्रतीकहरूको प्रयोग गरेर उपन्यासकारले बिम्बको सिर्जना गर्ने गरेको देखिन्छ ।[४४]जेजसरी बिम्बको सिर्जना गरे पनि आखिर भाषा नै बिम्ब सिर्जनाको माध्यमका रूपमा रहेको देखिन्छ । भाषाका माध्यमबाटश्रोता वा पाठकका मस्तिष्कमा कुनै स्थिति, स्थान, घटना, वा पात्रको यथार्थसदृश छाया पार्ने पद्धतिलाई बिम्बविधान भनी उल्लेख गरिएको देखिन्छ । बिम्बले अमूर्तलाई मूर्तता प्रदान गर्न अमूर्त विषयको सहारा लिने गर्दछ भने प्रतीकमा मूर्त विषयको प्रयोग गरिन्छ । बिम्बको सिर्जना चित्रण वा वर्णनबाट पनि गर्ने गरिन्छ ।उपन्यासको विधातात्त्विक विश्लेषण गर्दा केकसरी बिम्बहरूको प्रयोग गरिएको छ वा छैन भन्ने कुराको अध्ययन गर्नु पनि आवश्यक हुन्छ ।

## ३.२.८. गति र लय

उपन्यासमा विभिन्न चरित्रहरूको भूमिकालाई वर्णनात्मक वा नाटकीकरण गरी प्रस्तुत गर्ने गरिएको पाइन्छ । विभिन्न घटनाहरूलाई जोड्ने कार्य उपन्यासकारले उपन्यासमा गरिरहेको हुन्छ । उपन्यासमा कालक्रमलाई अँगाल्ने वा नअँगाल्ने दुवै प्रवृत्तिहरू निहित हुन्छन् । जेजसरी प्रस्तुत गरे पनि समयलाई समेत उपन्यासले लिएको हुन्छ । यस क्रममा उपन्यासमा पनि गति र लयको प्रायोजन गरिएको हुन्छ ।

गतिलाई दृश्यात्मक पद्धति र संक्षेप पद्धति भनी निर्धारण गरिएको देखिन्छ । दृश्यात्मक पद्धतिमा उपन्यासकारले उपन्यासमा घटित घटना र कार्यव्यापारलाई दृश्यका

---

४४ कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ४३-४५ ।

रूपमा प्रदर्शन गरेर कथानकको गतिलाई अघि बढाउने मानिन्छ । पात्रहरूको संवाद गराएर वा परिवेशको विस्तृत बिम्ब प्रस्तुत गरेर पाठकसमक्ष प्रस्तुत गर्ने कार्य भएको मानिन्छ । उपन्यासकारले पात्रको मानसिक अवस्था, द्वन्द्व, सामाजिक गतिविधि आदि प्रस्तुत गरेको हुन्छ । संवाद र वर्णनको मिश्रणबाट उपन्यासको गति तलमाथि गराई रोचकता प्रस्तुत गर्ने कार्य हुन्छ ।[४५]

संक्षेप पद्धतिमा भए गरेका घटना र कार्यहरूको आवश्यकता अनूरूप प्रस्तुत गर्ने कार्य गरिन्छ । समयक्रमको कुरा पनि यस पद्धतिले सरोकार राख्दैन । उपन्यासमा आउने अनावश्यक र पट्यारलाग्दा घटना वा कार्यव्यापारलाई संक्षेपमा प्रस्तुत गरी उपन्यासलाई गति प्रदान गर्ने कार्य गरिन्छ । उपन्यासका मूल पात्रहरूको विषयमा चित्रण गर्दा र तीसँग सम्बन्धित रोचक र महत्त्वपूर्ण घटनालाई पस्तुत गर्दा गतिलाई मन्द पारेर दृश्यात्मक पद्धति अपनाइन्छ भने गौण पात्र एवम् गौण कार्यको चर्चा गर्दा संक्षेप पद्धति प्रयोग गरी उपन्यासको मूल विषयलाई अगाडि बढाउन गति प्रदान गरिन्छ । कुनै घटना वा सन्दर्भलाई धुलाएर दिँदा उपन्यासको गति मन्द बनेको हुन्छ भने तिनै घटना वा सन्दर्भलाई संक्षेपमा दिँदा गति तीव्र बनेको हुन्छ । यसप्रकार उपन्यासको लेखनमा विभिन्न प्रकारका उपाय वा आधारहरुको प्रयोग गरिएको हुन्छ । कथा आदिमा पनि उपन्यासमा देखिने धेरैजसो तत्त्वहरु देखा पर्दछन् । त्यसैले कथा र उपन्यास, कविता र उपन्यास, खन्डकाव्य र उपन्यास आदिका बीचमा पाइने भिन्नता यिनै तत्त्वका आधारमा छुट्टाउन सकिन्छ ।

## ३.३. निष्कर्ष

कुनै पनि उपन्यासको विधातात्त्विक अध्ययनमा सामान्यतः सो उपन्यासको कथावस्तु के हो? उपन्यासको संरचना केकस्तो छ? जस्ता कुराहरू जानकारी दिनुका साथै अन्य कोणबाट समेत विश्लेषण गरिन्छ । कुनै घटनाको वर्णन गर्दा कथानकमा केकस्ता तर्कहरू र कारणहरू प्रयोग भएका छन् वा छैनन्? कथानकको विकास केकसरी भएको छ? यसका श्रोतहरू केकस्ता रहेका छन्? आदि कुराहरूको जानकारी गराउन कथानकका आधारमा कृतिको विश्लेषण गरिन्छ । त्यसै गरी पात्रहरू केकस्ता छन् र ती पात्रहरूको

[४५] कृष्णहरि बराल र नेत्र एटम. *पूर्ववत्,* पृष्ठ ४६-४८ ।

स्वभाव केकस्तो रहेको छ? भन्ने कुराको जानकारी गराउन चरित्र र चरित्रचित्रणका आधारमा विश्लेषण गरिन्छ । पर्यावरण, भाषा, दृष्टिविन्दु, बिम्ब र प्रतीक, गति र लय, सारवस्तु आदिको अध्ययन गर्नु पनि विधातात्त्विक विश्लेषणका लागि आवश्यक हुन्छ । यसरी यस अध्यायमा दिइएका विभिन्न आधारहरूलाई आधार मानी यस शोध पत्रमा *सुन्तली* उपन्यासको विधातात्त्विक विश्लेषण गर्ने कार्य गरिएको छ । नेपाली समाजको चित्रण, नेपाली नारीहरुको मनोदशा, युवकको मनोदशा आदि विषय र नारीवर्गमा निहित मातृत्व जस्ता विषयलाई महत्त्व दिएको उपन्यासका रुपमा रहेको सुन्तली उपन्यासको विश्लेषणमा यी तत्त्वहरुले सहयोग पुऱ्याउने देखिन्छ ।

परिच्छेद-चार

# *सुन्तली* उपन्यासको विधातात्त्विक विश्लेषण

## ४.१.परिचय

भवानी भिक्षु नेपाली आख्यानका क्षेत्रमा प्रसिद्ध साहित्यकार हुन् । उनले कविता, नाटक र निबन्ध समेत रचना गरेको देखिन्छ । आख्यानका क्षेत्रमा प्रसिद्धि कमाएका भिक्षुले *सुभद्रा बज्यै* शीर्षकको उपन्यासका पहिलोचोटि रचना गरेको देखिन्छ । उनको पहिलो उपन्यास आदर्शोन्मुख यथार्थवादी चेत हावी भएको उपन्यासका रूपमा देखा पर्दछ । भिक्षु त्यसपछि *आगत* उपन्यास लिएर आएको देखिन्छ । बृहत् आकारको मानिने उक्त उपन्यासले भने भवानी भिक्षुको औपन्यासिक व्यक्तित्वलाई निकै माथि उचालेको मानिन्छ । यसपछि क्रमशः उनले *पाइप नं २* र *सुन्तली* उपन्यासको रचना गरेको देखिन्छ । उनको *पाइप नं २* उपन्यास केही असामाजिक मनोवृत्ति विकास भएकी नारी पात्रको मनोभावनामा केन्दित देखिन्छ भने *सुन्तली* उपन्यास सामाजिक यथार्थ र केही आदर्श युक्त नारीप्रधान उपन्यास बन्न पुगेको देखिन्छ । विशेषतः यस शोधपत्र *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ ।

*सुन्तली* उपन्यास भिक्षुका उपन्यास हो । यो उपन्यास उनको मृत्युपश्चात् *गरिमा* पत्रिकाले धारावाहिक रुपमा प्रकाशित गरेको हो । यसअघिका उपन्यासहरुमा उठाएका कतिपय विषयहरु यस उपन्यासमा पनि परेका छन् । नारी मनोदशा, एक पीडित नारीमा विकसित भएको खराब चरित्र र उत्तरार्द्धमा देखिएको सुधारको झलक, मातृत्वभाव, आदशोन्मुख यथार्थ, मानव बेचबिखन हुने नेपाली गाउँहरुको चित्रण जस्ता कुराहरु *सुन्तली* उपन्यासमा देखिन्छ । यसले एक अनिश्चित र लक्ष्यहीन जीवन शैलीमा बाँचेको युवक र व्यवहारिक युवतीका बीचमा देखिने अप्रत्यक्ष द्वन्द्वसमेत देखाइएको छ । सुन्तली उपन्यासको सैद्धान्तिक विश्लेषण तलका कथावस्तु, चरित्रचित्रण, पर्यावरण, सारवस्तु जस्ता विभिन्न प्रकारका उपशीर्षकहरुमा क्रमशः गरिएको छ ।

## ४.२. कथावस्तु

*सुन्तली*उपन्यासमा *सुन्तली* नौडाँडाकी बालाका रूपमा प्रस्तुत भएकी छे । उसको बालकालमै उसलाई अकस्मात समस्या आइलाग्छ । यसले गर्दा उसको साथी *शिबू* र ऊ आपसमा त्यति हासखेल गर्न पाउँदैनन् । आफ्नो गाउँठाउँ र घरपरिवारबाट ऊ सानैमा टाढिन पुग्छे । उसलाई उसको गाउँबाट अत्तोपत्तो नहुने गरी गायब पारिन्छ । यस कुकार्यमा सोही गाउँको एक *लाहुरे* सक्रिय हुन्छ । उसलाई *लाहुरे*ले फकाइफुलाई गायब पारेपछि उसलाई कलत्ताको कोठीमा पुऱ्याइन्छ । उसको बाबुको नाम *धर्मे* हुन्छ । उसको बाबुले छोरी गाउँबाट गायब हुँदा पनि खोजी गर्दैन । कुनै पनि चासो नदेखाउनुले उपन्यासमा अचम्मको आशङ्का गर्ने वातावरण सिर्जना गर्दछ । बाबु *धर्मे* पनि कहिलेकाहीँ गाउँबाट बेपत्ता हुने गरेको देखिन्छ । यसको कारण स्पष्ट नभए पनि भारत जाने र केही पैसा लिएर आउने गरेका क्रियाकलापहरू देखिन्छन् । केही समय यसबारे गाउँलेहरू अनविज्ञ नै रहन्छन् । पछि भने उसको भेद खुल्दै जान्छ । ऊ छोरीद्वारा पठाएको पैसा लिन एक भारतीय साहूकोमा जाने गरेको रहस्य विस्तारै सबैलाई थाह हुँदै जान्छ ।

*सुन्तली*लाई भगाउने व्यक्ति गाउँकै चिनेजानेको व्यक्ति हो । ऊ आफू एउटा लाहुरे पनि हो ।उसले ललाइफकाइ गरेर *सुन्तली*लाई कलकत्ताको कोठीमा बेचेको हुन्छ । कलकत्ताको एउटा कोठीकी मालिक्नीले उसलाई किनेकी हुन्छे । उपन्यासकारले यहाँ भने केही रोचक र अपत्यारिलो आदर्श पात्रका रूपमा मालिक्नीलाई प्रस्तुत गरेका छन् । उसले किनेपछि कुनै वेश्यावृत्तिमा संलग्न नगराई आफ्नी छोरीका रूपमा पालनपोषण गर्नतिर लाग्दछे । संयोगवश उसको मन परिवर्तन भई *सुन्तली*लाई छोरीका रूपमा पाल्ने कार्य मालिक्नीले गर्दछे ।

यहाँ संक्षेपमा बताए पनि मालिक्नीको समेत आफ्नै खालको उपकथा छ । उसकी छोरीलाई गाउँमा छोडेर सो कोठीमा बेचिन पुगेकी मालिक्नीको मनोभावना स्मरणका कारण विचलित हुन पुगेको देखिन्छ । ऊ एकातिर विधवा थिई भने अर्कातिर छोरीलाई छोडेर त्यो कोठीमा बेचिन पुगेकी थिई । यसले पनि उसमा मातृत्व जागृत भएको हुन्छ । यसै कारण उसले वेश्यावृत्तिमा छोरीलाई संलग्न गराउँदिन । उसले पैसाका आधारमा हेर्ने हो भने *सुन्तली*लाई खरिद गर्न धेरै नै खर्च गरिसकेकी छे । एक अर्थमा उसले आफ्नो व्यवसायमा लगानी गरेको भन्न पनि सकिन्छ ।

*मालिक्नी*ले पालनपोषणमात्र होइन शिक्षादिक्षामा पनि जोड दिएकी छे । कोठीमा नै बोलाएर शिक्षा दिने प्रबन्ध उसले मिलाएकी छे । ऊ त्यहीँ हुर्कँदै बढ्दै जान्छे । आमाको रूपमा देखिएकी मालिक्नीले उसको राम्रोसँग बिहे गरिदिने सोँच पनि बनाएकी हुन्छे । उसलाई पढाउने शिक्षकहरू पनि उसको बैँस र रूपदेखि लोभिएको देखिन्छ । सित्तैमा पढाइदिने गरेको पनि देखिन्छ । तर पनि उसकी आमारूपी मालिक्नी उसको बिहे गरिदिने पक्षमा देखिन्छे ।

एक दिन उसलाई धनी बङ्गालीसँग रखौटी बनाएर पठाएको देखिन्छ । केटासँग लिएको रु दशहजारको पनि *सुन्तली*लाई नै गहनागुरिया बनाएर पठाउने कार्य मालिक्नीले गर्दछे । उसको घरको जीवन गुज्रँदै जान्छ । केही समयपछि उसले अलिक भिन्न प्रकृतिको आचरण देखाउँछे । ऊ कलकत्ता छाडेर दुर्गन्धित वस्ती दार्जिलिङ्मा जान्छे । ऊ व्यवहारले निकै खुलापन भएकी नारीका रूपमा देखिएकी छे । ऊ दार्जिलिङ् पुगेका बेला *शिबू* सित भेट पनि हुन्छ । *शिबू* ले भेटपछि उसको विगतका बारेमा जान्दछ ।

*सुन्तली*को लोग्ने पनि *सुन्तली*लाई फर्काउन भनी कलकत्ताबाट दार्जिलिङ् नै आएको हुन्छ । ऊ नेपाली र लोग्ने बङ्गाली भएको भन्ने विषयमा भनाभन भएको समेत देखाइएको छ । *सुन्तली*का बारेमा केहीमात्र जानेर आत्तिएको *शिबू* श्रीमान् र श्रीमतीको झगडाका बीचमा *सुन्तली*लाई बङ्गाली भनेको मन पर्दैन र आक्रोशित भई *सुन्तली* हो भन्न पुग्छ । यो घटनापछि *सुन्तली* झन आक्रोशित भई लोग्ने भएको बताउँछे । शिव यसबाट झन तड्पिन पुग्छ । *सुन्तली*को पछिल्लो नाम *सुषमावाला* हो । उसले *सुषमावाला*कोमा काम गर्ने अनिल भन्ने केटोमार्फत् विभिन्न जानकारी लिन खोज्दछ । दार्जलिङ्मा उसको आय कसरी हुन्छ? यस्तो खराब ठाउँमा ऊ किन बसेकी छे जस्ता प्रश्नहरू तेर्साई विभिन्न जानकारी लिन खोज्दछ । यसबाट *सुषमावाला* आक्रोशित समेत बनेको देखिन्छ । तैपनि*शिबू* ले उसको ठाउँठेगाना र जानकारी लिन छोड्दैन । तर पछिल्लो समयमा भने उसले आफ्नो जानकारी *शिबू* लाई समेत पठाएको देखिन्छ । उसले *शिबू* लाई पत्रमा आफूलाई हुर्काएकी कोठीकी *आमा* पेशा छाडेर कतै गएको र सोको बारेमा जानकारी नपाएको खबर पनि पठाएकी छे । त्यही आमाका कारण आफू बिग्रनबाट बचेको कुरा पत्रमा उल्लेख गरेकी छे । ऊ पछिल्लो समयमा आएर अभिभाविका आमाको मायाबाट तड्पिएकी छे । उसले कुनै न कुनै दिन

आमाले आफूसँग भेट्ने आशा राखेको पनि उक्त पत्रमा उल्लेख भएको देखिन्छ । यसरी *सुन्तली* उपन्यासले विश्राम लिएको छ ।

## ४.३. संरचना

भवानी भिक्षुको *सुन्तली* उपन्यास कुनै पुस्तकाकारमा प्रकाशित कृति होइन । यसको आकार बृहत् भएको पनि देखिँदैन । यो उपन्यास *गरिमा* पत्रिकाले धारावाहिक रूपमा प्रकाशित गरेको देखिन्छ । *गरिमा*को वर्ष १ अङ्क ५ देखि वर्ष १ अङ्क ९ सम्म यस उपन्यासलाई स्थान दिइएको देखिन्छ । वि. सं. २०४० साल वैशाखदेखि लगातार ५ अङ्कका गरिमा पत्रिकामा यो उपन्यास धारावाहिक रूपले प्रकाशित गरेको देखिन्छ । अर्थात् यस उपन्यासको धारावाहिक प्रकाशन कार्य वि. सं. २०४० साल भदौ महिनामा सकिएको देखिन्छ । उनी छँदै प्रकाशित नभई उनको मृत्युपश्चात् प्रकाशित भएको उपन्यासका रूपमा समेत यस उपन्यास रहेकाले पुस्तकाकार कृतिका रूपमा प्रकाशित हुन नसकेको देखिन्छ । कतिपय लेखकहरूले यस उपन्यासको सम्पूर्णतामाथि आशङ्का समेत गरेको देखिन्छ । तर यसको समग्र रूप नै यति नै हो भन्ने यकिन गरेर नै उपन्यासलाई धारावाहिक रूपमा प्रकाशित गरिएको देखिन्छ । यति भएर पनि आकारगत हिसाबले भने केही सानो आकारकै देखिन्छ ।*सुभद्रा बज्यै, आगत* र *पाइप नं. २* हुँदै भिक्षुको औपन्यासिक यात्रा *सुन्तली*मा आएर टुङ्गिएको देखिन्छ ।

*सुन्तली* उपन्यासको आकारलाई विश्लेषण गर्दा गरिमा पत्रिकाको पृष्ठका आधारमा गर्नुपर्ने देखिन्छ । *गरिमा* पत्रिकाको आकार ६ × ८ वर्ग इन्च रहेको देखिन्छ । यही आकारको *गरिमा* पत्रिकाका झन्डै ३६(६+७+८+७+८) पृष्ठमा यो उपन्यास फैलिएको छ । यस उपन्यासलाई *धारावाहिक उपन्यास १, धारावाहिक उपन्यास २, धारावाहिक उपन्यास ३, धारावाहिक उपन्यास ४, धारावाहिक उपन्यास समापन* गरी जम्मा पाँच अङ्कमा प्रकाशित गरिएको छ । यी सबै अङ्कमा कम वा बेसी पृष्ठहरू रहेकाले पनि उपन्यासलाई विभिन्न खन्डमा विभाजन गरेको मान्न नसकिए पनि प्रकाशनका हिसाबले पाँच वटा विश्राम भएको देखिन्छ । यी विश्रामका भागहरूले क्रमशः ६, ७, ८, ७ र ८ पृष्ठ लिएको देखिन्छ । यसरी यस उपन्यासको संरचना खन्ड विभाजनको परम्पराभन्दा भिन्न प्रकृतिको देखिन्छ ।

## ४.४. कथानक

*सुन्तली* उपन्यासमामूल कथानक *सुन्तली*को केन्द्रीयतामा घुमेको देखिन्छ । उता *शिबू* को भने आफ्नै खालको चरित्र छ । उसँग जोडिएको घटना वा कार्यव्यापार पनि *सुन्तली*को केन्द्रीयताभन्दा पर वा भिन्न खालको छैन । *मालिक्नी* पनि अर्को चरित्रका रूपमा आएकी छे । उसको आफ्नै जीवन र व्यथा छ । उसको अभावको परिपूरकका रूपमा *सुन्तली* देखिन आएकी छे । *मालिक्नी* छोरीको अभावमा बाँच्नु, *सुन्तली* अलपत्र परेका अवस्थामा संरक्षक वा अभिभावकको खाँचो वा सहारा आवश्यक पर्नु, *शिबू* पनि *सुन्तली*को अभावमा तड्पिनु, *सुन्तली*को श्रीमान् पनि *सुन्तली*का लागि समर्पित हुनु, *लाहुरे, शिक्षक* र *सुन्तली*को बाबु *सुन्तली*बाट फाइदा लिन खोज्नु आदि विभिन्न सन्दर्भ र घटनाहरू यस उपन्याससँग जोडिन पुगेका छन् । यसरी यी विभिन्न प्रकारका सहायक कथाहरू जोडिएर *सुन्तली*को केन्द्रीयतामा उपन्यासको कथानक तयार भएको छ ।

*सुन्तली* उपन्यास नारी प्रधान उपन्यास हो ।यसमा *सुन्तली* मुख्य पात्रका रुपमा रहेकी छे । उसको वाल्यकाल र ऊसँगैको साथी शिबू नौडाँडामा हुर्के बढेका छन् । उनीहरुका वाल्यकाल हाँसीखुशी बितेको कम चित्रण गरिएको छ । यसरी लामो समय हाँस्न खेल्न नपाउनुका पछिको कारण के हो भने उसलाई सानैमा एक खराब पात्रको पन्जामा पारिन्छ । जुन पात्र *लाहुरे* रहेको छ ।

*सुन्तली* उपन्यास *सु*न्तलीलाई परेको समस्या हुँदै उसको समग्र जीवनका विविध पक्षमा केन्द्रित छ । प्रथमतः उसको बालकालमै उसलाई अकस्मात समस्या आइलाग्छ । त्यो समस्या पनि उसको वालसुलभ कमजोरीसँग थोरबहुत जोडिएको छ । लाहुरेको आनीबानी, पहिरन, चलाखी आदिसँग *सुन्तली* प्रभावित भएको देखाइएको छ । यसकै कारण उसलाई शिबूबाट अलग हुने समय आउँछ । यसले गर्दा उसको साथी *शिबू* र ऊ आपसमा त्यति हासखेल गर्न पाउँदैनन् ।

लाहुरेले सुन्तलीलाईबिक्री गर्नका लागि विभिन्न तरिकाले प्रभावित गर्दछ र कलकत्ता लैजान्छ । यसरी गाउँघर छुटाएर कलकत्ता लगेपछि सुन्तलीलाई निकै डर र चिन्ता लाग्छ । ऊ कुनै महिलाद्वारा किनिन्छे । उसलाई त्यतिबेला आफू नराम्ररी फसेको लागेको देखिन्छ । ऊ आफ्नो गाउँघर र आमाबाबु छुटेकोमा निकै चिन्तित हुन्छे । तर संयोगवश उसलाई

जसले खरिद गरेको थियो उही नारी उसको रक्षा र पालनपोषणका लागि तयार हुन्छे । यो देख्दा उसलाई नै अपत्यारिलो दृश्य देखिरहेको र भोगिरहेको लाग्छ । जब त्यस नारीले उसलाई अभिभाविका भूमिका निर्वाह गर्दछे तब ऊ विस्तारै त्यसैमा सन्तुष्ट भएको देखाइएको छ ।

कुनै नारी पात्र आफ्नो गाउँठाउँ र घरपरिवारबाटसानैमा टाढिन पुग्दा हुने समस्या र डर उसबाट हटेको देखाइए पनि ऊ किन आफ्नो घरमा जान सङ्घर्ष गरेको देखाइएको छैन भन्ने कुरा पाठकीय मनमा उब्जिने ठाउँ देखिन्छ । ऊ उक्त महिलाकोमा बस्ताबस्तै लाहुरे बेलाबेलामा आएको र पैसा भए गाउँमा लगिदिने बताएको कुरा समेत उल्लेख गरिएको छ । उसलाई उसको गाउँबाट अत्तोपत्तो नहुने गरी गायब पारिएको देखाइए पनि विस्तारी गाउँलेहरुले उसको बाबुको समेत संलग्नता भएको पाउँछन् ।

सुन्तलीलाई फकाईफुलाई कुकार्यमा लाग्न विवश बनाउन सोही गाउँको *लाहुरे*ले त्यसपछि अन्य नारी चरित्रलाई पुनः बिक्रीका लागि उसकी अभिभाविका आमाकोमा लगेको कुरा कम उल्लेख गरिएको देखिन्छ । उसलाई *लाहुरे*ले फकाइफुलाई कलत्ताको कोठीमा पुऱ्याएपछि अभिभाविका आमाको मनमा परिवर्तन आएको हो वा पहिलै उसमा त्यस खालकी केटीलाई लिएर पाल्ने इच्छा थियो भन्ने प्रश्न उठाउन सकिने समेत देखिन्छ । यसका पछि पनि केही कारण छ । त्यो महिलाले उसको विगतको व्यथा सम्झेर मातृत्वको भावना प्रदर्शन गरेको भए त्यसअघि किन उसको मनमा किन त्यस प्रकारको सोँच नआएर सुन्तलीकै लागि त्यसो हुन गयो? यस खालका योजनाले गर्दा सबल योजना भन्दा पनि अस्वाभाविक परिदृश्यको आयोजन गर्ने कार्य भिक्षुबाट भएको हो कि भन्ने प्रश्न उठ्ने स्थान प्रशस्त देखिन्छ ।

सुन्तलीको बाबुको नाम *धर्मे*हो । यस उपन्यासमा उसको भूमिका निकै संदिग्ध देखिन्छ । नाम *धर्मे* हुनु र काम शङ्कास्पद हुनुले केही विरोधाभाषजस्तो पनि देखिन्छ । आफ्नै छोरी हराएकोमा कुनै खोजतलास गर्नुको साटो चुपचाप बसेर बेलाबेलामा पैसा लिने अनैतिक चरित्र उसले प्रदर्शन गरेको देखिन्छ । उसको बाबुले छोरी गाउँबाट गायब हुँदा छोरीको खोजी नगर्ने मात्र होइन कुनै विस्मात र दुःख भाव प्रकट गरेको समेत छैन । भिक्षुले ल्याएको यस खालको पात्र कतै यथार्थ हुन सक्छ भने कतै सुन्तलीको क्रियाकलापमा जोड दिँदा उसको बाबुको प्रसङ्गलाई कम महत्त्व दिइएको हुन समेत सक्दछ । यसले यसबाहेक

अर्को कुरा समेत सङ्केत गर्दछ, त्यो के भने कुनै पशुले आफ्ना सन्तान हराउँदा कति धेरै निराशाभाव व्यक्त गर्दछन् तर कुनै मानिसहरु त्योभन्दा पनि निम्न कोटिका हुन्छन् । उसको बाबुले देखाएको व्यवहार कुनै तल्लो स्तरका व्यक्तिहरुसँग मिल्न सक्ने देखिन्छ । हालको समयमा पनि कतिपय स्थानमा बाबुआमाकै मिलेमतोबाट चेलीबेटीहरु बेचिएको समाचार प्रकाशित भएको पाउन सकिन्छ ।

उपन्यासमा भवानी भिक्षुले सुन्तलीको बाबुले सीधै पैसा लिएको नदेखाई थाह नपाउने रुपमा पैसा लिएको देखाएका छन् । बाबु *धर्मे* कहिलेकाहीँ गाउँबाट बेपत्ता हुने गरेको देखिन्छ । एकातिर गाउँको विषयवस्तुमा उपन्यास कम केन्द्रित देखिन्छ भने अर्कातिर पाठकमा कौतुहलता सिर्जना गर्नका लागि कहिलेकाहीँ बेपत्ता भएको सन्दर्भ उल्लेख गरिएको हुन सक्ने देखिन्छ । उपन्यासमा यसको कारण स्पष्ट नभए पनि भारत जाने र केही पैसा लिएर आउने गरेका क्रियाकलापहरू देखिन्छन् र उक्त क्रियाकलाप सुन्तलीले दिएको पैसा लिएको भन्ने अनुमान धेरै पछिमात्र गाउँलेले लगाउन पुग्छन् । बुझ्दै जाँदा ऊ छोरीद्वारा पठाएको पैसा लिन एक भारतीय साहूकोमा जाने गरेको रहस्योद्‌घाटनसमेत गरिएको छ र यो कुरा विस्तारै सबैलाई थाह हुँदै जान्छ । पहिल्यै लाहुरेसँग केके कुरा भएका थिए? केकस्ता शर्तमा लाहुरेलाई छोरी लैजान भनिएको थियो वा पछिमात्र थाह पाइएको थियो? आदि विषयबारे उपन्यासकारले त्यति स्पष्ट गरेको देखिँदैन । यसले एकातिर उसको बाबु अनैतिक नभएर नैतिक वा अनैतिक छुट्टाउन नसक्ने लहडे पात्र थियो कि भन्ने प्रश्नसमेत उब्जाउन सक्छ । सबै बाबुआमाले छोराछोरीको भलो नै चाहन्छन् भन्ने छैन भन्ने त देखाएको छ नै पालनपोषण गर्न नसक्ने भएपछि विवश भएर पठाइएको भन्ने दृश्यसमेत देखाइएको छैन । घरमै बस्दा सुन्तली शिक्षित नहुनुले उसका आमाबाबुमा शिक्षाको प्रभाव नरहेको समेत यस उपन्यासले स्पष्ट गर्दछ ।

सुन्तली उपन्यासमा उठाइएको विषयलाई लिएर अन्य अनुमानसमेत लगाउन सकिन्छ । जस्तो, *सुन्तली*लाई भगाउने व्यक्ति गाउँकै चिनेजानेको व्यक्ति हो । ऊ आफू एउटा लाहुरे पनि हो । उसले ललाइफकाइ गरेर *सुन्तली*लाई कलकत्ताको कोठीमा बेचेको हुन्छ । कलकत्ताको एउटा कोठीकी मालिक्नीले उसलाई किनेकी हुन्छे । उपन्यासकारले यहाँ भने केही रोचक र अपत्यारिलो आदर्श पात्रका रूपमा मालिक्नीलाई प्रस्तुत गरेका छन् । उसले किनेपछि कुनै वेश्यावृत्तिमा संलग्न नगराई आफ्नी छोरीका रूपमा पालनपोषण

गर्नतिर लाग्दछे । संयोगवश उसको मन परिवर्तन भई *सुन्तली*लाई छोरीका रूपमा पाल्ने कार्य मालिक्नीले गर्दछे । यसले सुन्तली सोझी र नादान पात्र हो भन्ने स्पष्ट गर्दछ । लाहुरे चाहिँ गाउँलेहरुको मन जितेको पात्र हो वा गाउँलेहरुले नराम्रो रुपमा नै बुझेको पात्र हो भन्ने कुरा त्यति स्पष्ट गरिएको छैन । उसले अन्य नारीहरु पनि बेच्दछ वा उसले सुन्तलीलाई परिवारको सल्लाहबाट मालिक्नीको प्रस्तावबमोजिम लिएर गएको हो भन्ने कुराले केही पाठकहरुमा थप कौतुहलता सिर्जना गर्न सक्छ । मालिक्नी त्यसरी आदर्श पात्र बन्नुका पछिको कारण के छ? भन्नेबारे त्यति स्पष्ट गरेको नदेखिए पनि आकस्मिक स्वभाव प्रस्तुत गरेको मान्न नसकिने देखिन्छ ।

उपन्यासमा मालिक्नीको समेत आफ्नै खालको उपकथा छ । ऊ पनि कुनै समय वेश्यालयमा बेचिएकी पात्र नै हो । उसको घटनाको स्मरणले भने पाठकहरुमा यो कुरा यकिन गर्न बाध्य बनाउँछ कि चेलीहरु कुनै प्रलोभनमा परेर बेचिँदै आएका थिए र त्यही शृङ्खलाको एउटा पात्रका रुपमा सुन्तली आएकी हो । सुन्तली बेचिनु र मालिक्नी पहिलै बेचिनुमा केही अन्तर छ । नारीमा एक खालको कमजोरी हुन्छ, त्यो हो राम्रो लाउने, मीठो खाने र रमाइलो जीवन बिताउने । सुन्तली सानी भएका कारण लाहुरेले ललाइफकाइ गऱ्यो भन्ने सोच्न सकिन्छ तर मालिक्नीको सन्दर्भ निकै फरक छ । उसकी छोरीलाई गाउँमा छोडेर ऊ बेचिन पुगेकी छे । बिहे गरेर छोराछोरीसमेत जन्माइसकेकी मालिक्नी किन र कसरी कुनै पुरुषबाट प्रभावित भएर घरबार छोड्न पुगी? यो गम्भीर सवाल हुन सक्छ । कि ऊ बलजफत बेचिएकी हुनुपर्छ कि त ऊ आफै सुखसयलको खोजीमा फसेको हुनुपर्छ । यस खालका अनुमान पाठकहरु लगाउन सक्छन् ।

सोही कोठीमा बेचिन पुगेकी मालिक्नी पछि आफू पनि मानव तस्करीका रुपमा रहेको कुरा उल्लेख गरिएको देखिन्छ । कोठीमा बेचिँदा छोरीबाट अलग हुनुको पीडा ऊसँग थियो भने उसकी छोरी कहाँ थिई वा छे भन्ने कुराको चासो मालिक्नी हुँदाको अवस्थासम्म जान्न नसकेको देखिन्छ । त्यही पीडाका कारण सुन्तलीलाई छोरीका रुपमा ग्रहण गरेको देखाउन उपन्यासकार लागि परेको देखिन्छ । कथानकमा घटनाका पछि कारण दर्शाउनुपर्ने मानिन्छ र मालिक्नीले सुन्तलीलाई खरिद गरेपछि वेश्यावृत्तिमा लगाउनुको साटो किन आफ्नी छोरीका रुपमा उसलाई पालनपोषण गरी भन्ने कुराको आधार प्रस्तुत गर्नका लागि

उसको करुण विगतलाई थोरबहुत रुपमा प्रस्तुत गरिएको हुन सक्ने सहज अनुमान लगाउने ठाउँ यस उपन्यासमा रहेको देखिन्छ ।

भिक्षुको सुन्तली उपन्यासको कथानकमा देखिएको कारण वा सुन्तलीको संरक्षणका पछि लुकेको कारणका रुपमा एकातिर मालिक्नीको करुण विगत जोडिएको देखिन्छ भने अर्कातिर पश्चात्तापको उपजका रुपमा त्यस प्रकारको परिघटना सिर्जना हुन सक्ने देखाउन समेत त्यसो गरिएको हुन सक्छ । कुनै पनि मानिसले असामाजिक प्रवृत्ति धेरै लामो समयसम्म टिकाउन सक्दैन । सुख, ऐश र धन दौलत सँधैका लागि नहुन सक्छ । त्यसैले आफ्नो गल्तीलाई छोप्न र समाजमा असल देखिने प्रयत्न गर्न मानिसले कुनै न कुनै प्रयास गर्न सक्छ । मालिक्नीको उक्त प्रयासलाई यही सन्दर्भसँग जोड्न पनि सकिने ठाउँ उपन्यासकारले छोडिदिएको देखिन्छ । वेश्यालयकी एउटी मालिक्नीले आदर्शभावना प्रस्तुत गरेको कुराले उपन्यास फरक मोडतिर उन्मुख भएको छ ।

भवानी भिक्षुले आफ्नो *पाइप नं २* उपन्यासमा निलीमादेवीले पापमोचनका लागि गरेको प्रयास र सुन्तली उपन्यासमा मालिक्नीले देखाएको आदर्शभावनाका बीच कतै झिनो सम्बन्ध त छैन? यो प्रश्न उठेको छ । हुन त यी दुवै उपन्यासका सन्दर्भ र विषयवस्तु नितान्त अलग छन् तर गल्ती गर्ने र समाजमा प्रचलित विभिन्न उपायबाट असल बन्न खोज्ने स्वभावको झलकका रुपमा यसलाई हेर्न पनि सकिने देखिन्छ ।मालिक्नीको भूमिकालाई भिक्षुले सन्दर्भ जोड्न जबरजस्ती प्रयास गरेका त होइनन्? भन्ने प्रश्न समेत उठ्न सक्ने देखिन्छ । मालिक्नी एकातिर विधवा थिई भने अर्कातिर छोरीलाई छोडेर त्यो कोठीमा बेचिन पुगेकी थिई । विधवा भएका कारण यौन अतृप्तिले छटपटाएका कारण उसलाई वेश्यालयमा बेच्ने मौका मिलेको हुन पनि सक्ने सम्भावना यहाँ उठाउन सकिन्छ । यसबाहेक उसमा मातृत्व विस्तारै जागृत भएको हुन सक्ने सम्भावना यथावतै रहन्छ । यसै कारण उसले वेश्यावृत्तिमा छोरीरुपी सुन्तलीलाई संलग्न गराउँदिने । आखिर परम्परादेखि विकसित सामाजिक मूल्य र मान्यता नै प्यारो हुने कुरामा मालिक्नी दृढ देखिएको देखिन्छ । त्यसैले उसले अनावश्यक मोज, असामाजिक कृत्य, विकृत मानसिकता, देह व्यापार आदिका पछि नलागी घरव्यवहारमा नै लाग्नु सर्वोत्तम हुने ठहर उसले गरेकी छे । उसले पैसाका आधारमा हेर्ने हो भने *सुन्तली*लाई खरिद गर्न धेरै नै खर्च गरिसकेकी छे । एक अर्थमा

यसलाई उसले आफ्नो व्यवसायमा लगानी गरेको भन्न पनि सकिन्छ । तर अन्ततः ऊ एक परोपकारी र जिम्मेवार नागरिक बन्न उद्धत छे ।

त्यतिबेला धनाढ्यहरु र सुसंस्कृत परिवारले पनि छोरीलाई पढाउनुपर्छ भन्ने मानसिकता नबनाइरहेका बेलामा भवानी भिक्षुले नयाँ सन्देश दिन खोजेको यस उपन्यासमा देखिन्छ । उपन्यासमा *मालिक्नी*ले सुन्तलीलाई पालनपोषणमात्र होइन शिक्षादिक्षामा पनि विशेष जोड दिएकी छे । उसले कोठीमा नै बोलाएर शिक्षा दिने प्रबन्ध मिलाएकी छे । सुन्तली त्यहीँ हुर्कंदै, बढ्दै र पढ्दै जान्छे । एउटा वेश्यालयमा बसेकी महिला अभिभावकले पनि छोरीको शिक्षाका लागि पहल गरेको देखाउनु अर्को उपलब्धि हो । यसबाट उदात्त वर्गमा समेत नारी हकहित र चेतना फिँजाउनका लागि विशेष दबाब सिर्जना हुन सक्थ्यो ।

आमाको रूपमा देखिएकी मालिक्नीले उसको राम्रोसँग बिहे गरिदिने सोँच पनि बनाएकी हुन्छे । उसलाई पढाउने शिक्षकहरू पनि उसको बैंस र रूपदेखि लोभिएको देखिन्छ तर उसले बङ्गाली केटो खोजेर बिहे ने गरिदिन्छे । यसमा ऊ विवाह भएपछि उसमा भएको श्रीमान्को अभावको भावनाले भूमिका निर्वाह गरेको हुन सक्छ । श्रीमानको अभावले ग्रस्त भएर बसेकी र पारिवारिक जीवनको खोजीमा रहेकी मालिक्नीले आफूलाई परेको समस्या छोरीलाई नपरोस् भन्ने भावनाले पनि उसको विवाह गरिदिने र त्यसै विरलिन नदिने मानसिकतामा ऊ भएकी हुन सक्ने देखिन्छ ।

उपन्यासमा शिक्षकले सुन्तलीलाई सित्तैमा पढाइदिने गरेको पनि देखिन्छ । तर पनि उसकी आमारूपी मालिक्नी उसको बिहे गरिदिने पक्षमा देखिन्छे । शिक्षकमा देखिएको नारी हिंसाको मनोवृत्ति र यौन अतृप्तिको झलक समेत उपन्यासकारले प्रस्तुत गर्न खोजेको देखिन्छ । शिक्षकले सित्तैमा किन र के कारणले पढाएका छन्? भन्ने कुरा पाठकको चासोको सन्दर्भ हुन सक्छ । यसले शिक्षकको मनोभावना केकस्तो छ र उसको स्वभाव के हो? भन्ने कुरा पाठकहरुले जान्न चाहन्छन् ।

बिहे गरिदिने भनिए पनि मालिक्नीले उसलाई धनी बङ्गालीसँग रखौटी बनाएर पठाएको देखिन्छ । केटासँग लिएको रु दशहजारको पनि *सुन्तली*लाई नै गहनागुरिया बनाएर पठाउने कार्य मालिक्नीले गर्दछे । यसले मालिक्नी जतिसक्दो छोरीका निम्ति नै केही गर्न चाहन्छे भन्ने देखाउँछ । पैसा लिएर पनि केका लागि भन्ने सवालले उसको मनमा बारम्बार घच्घचाएको त होइन? भन्ने प्रश्न उठाउने ठाउँ यहाँनिर देखिन्छ ।

सुन्तलीको विवाह गरेर पढाएपछि सुन्तलीको घरको जीवन गुज्रँदै जान्छ । उपन्यासमा उसको घरको जीवन र सन्तुष्टि वा असन्तुष्टिका कारणहरु त्यति स्पष्ट गरेको देखिँदैन । केही समयपछि भने सुन्तलीले अलिक भिन्न प्रकृतिको आचरण देखाउँछे । ऊ कलकत्ता छाडेर दुर्गन्धित वस्ती दार्जिलिङ्मा जान्छे । ऊ व्यवहारले निकै खुलापन भएकी नारीका रूपमा देखिएकी छे । ऊ दार्जिलिङ् पुगेका बेला *शिबू* सित भेट पनि हुन्छ । *शिबू* ले भेटपछि उसको विगतका बारेमा जान्दछ । यसरी घर छोडेर जानुका पछि सुन्तलीको असन्तुष्टि हो कि भन्ने स्थान देखिन्छ । यस असन्तुष्टिका पछि उसको बिगतको सम्झनाले भूमिका निर्वाह गरेको छ वा पारिवारिक रुपमा पीडित हुन पुगेकी छे वा यौन अतृप्तिले यसमा भूमिका निर्वाह गरेको छ भन्ने कुरा स्पष्ट खुलाइएको देखिँदैन ।

उपन्यासमा *सुन्तली*को लोग्ने पनि *सुन्तली*लाई फर्काउन भनी कलकत्ताबाट दार्जिलिङ् नै आएको हुन्छ । ऊ नेपाली र लोग्ने बङ्गाली भएको भन्ने विषयमा भनाभन भएको समेत देखाइएको छ । *सुन्तली*का बारेमा केहीमात्र जानेर आत्तिएको *शिबू* श्रीमान् र श्रीमतीको झगडाका बीचमा *सुन्तली*लाई बङ्गाली भनेको मन पर्दैन र आक्रोशित भई *सुन्तली* हो भन्न पुग्छ । यो घटनापछि *सुन्तली* झन आक्रोशित भई ऊ अरु कोही नभएर लोग्ने नै भएको बताउँछे । शिव यसबाट झन तड्पिन पुग्छ । यस प्रकारको घटना देखाएर उपन्यासकारले केही कुरा देखाउन खोजेका हुन् वा कौतुहलमात्र जगाउन खोजेका हुन् भन्ने प्रश्न पाठकले उठाउन सक्ने देखिन्छ ।

पहिले लोग्नेसित झगडा गर्ने सुन्तली जब शिबूले हस्तक्षेप गर्दछ तब झन लोग्नेको नजिक हुन पुग्छे । यहाँ नारीसुलभ गतिशील स्वभावको झल्को दिने खोजेको समेत देखिन्छ । केही असन्तुष्टि जाहेर गर्नुपर्ने भए पनि आन्तरिक रुपमा मालिक्नी आमाले विहे गरिदिएको लोग्नेप्रति कर्तव्यको सम्बन्ध रहेको अनुमान लगाउन सकिने ठाउँ उपन्यासकारले छोडिदिएका छन् । लामो समय सँगै बस्दा नजिकिन पुगेकी सुन्तलीले उसको लोग्ने छोड्न सकेकी छैने । उसले शिबूलाई पुरानो साथीका रुपमा मात्र लिन खोजेकी र शिबूले अनावश्यक अपेक्षा राखेको हुन सक्ने सम्भावना समेत उपन्यासमा दर्शाइएको छ । शिबूले कता सुन्तलीले उसको लोग्ने छोड्ली र मैले आफ्नी बनाउँला भन्ने दाउ हेरेको देखिन्छ ।

उपन्यासमा *सुन्तली*को पछिल्लो नाम *सुषमावाला* हो । किन यस खालको नाम रा।खिएको थियो भन्ने कुरा त्यति खुलेको छैन । खासमा शिबूले चिन्न नसकेको अवस्थाको

चित्रण गर्दा फरक नामको प्रयोग गरिएको हुन पनि सक्छ । त्यस्तै, शिबूले *सुषमावाला*कोमा काम गर्ने अनिल भन्ने केटोमार्फत् विभिन्न जानकारी लिन खोज्दछ । दार्जलिङ्मा उसको आय कसरी हुन्छ? यस्तो खराब ठाउँमा ऊ किन बसेकी छे जस्ता प्रश्नहरू तेर्सार्इ सुन्तलीको बारेमा विभिन्न जानकारी लिन खोज्दछ । यसबाट *सुषमावाला* आक्रोशित समेत बनेको देखिन्छ । तैपनि*शिबू* ले उसको ठाउँठेगाना र जानकारी लिन छोड्दैन । तर पछिल्लो समयमा भने उसले आफ्नो जानकारी *शिबू* लाई समेत पठाएको देखिन्छ । यहाँ शिबूले सुन्तलीलाई जति नजिकबाट जान्न चाहन्छ त्यति सुन्तलीले जान्न चाहेको कुरा उल्लेख गरिएको देखिँदैन । शिबू नारीलाई आफ्नो बन्धनमा राख्न खोज्ने शङ्कालु चरित्रको पात्र हो भन्ने कुरा पनि यहाँ देखाइएको छ । सुन्तलीलेको शिबूप्रतिको दृष्टिकोण पनि स्थायी छैन । कहिले पराइको भावनाले हेर्ने र कहिले नजिकको भावनाले हेर्ने कार्य उसले गरेकी छे ।

सुन्तली निकै गतिशील चरित्रकी पात्रका रुपमा देखिएकी छे । कहिले घर छोडेर दार्जिलिङ् आउने, कहिले लोग्नेसँग झगडा गर्ने, कहिले कसैले सुन्तलीको पक्ष लिँदा तत्काल लोग्नेको पक्ष लिन पुग्ने जस्ता स्वभावहरु उसले प्रदर्शन गरेको देखिन्छ । उसले *शिबू*लाई पत्रमा आफूलाई हुर्काएकी कोठीकी आमा पेशा छाडेर कतै गएको र सोको बारेमा आफूले जानकारी नपाएको खबर पनि पठाएकी छे । त्यही आमाका कारण आफू बिग्रनबाट बचेको कुरा पत्रमा उल्लेख गरेकी छे । यसले उसकी अभिभाविका आमाका बारेमा समेत केही जानकारी गराउँछ । ऊ पनि खुशी र सुखभोगका पक्षमा रहेकी पात्र नभएर विभिन्न समयमा विचार र अवस्था परिवर्तन गर्न सक्ने नारी पात्रका रुपमा रहेकी पात्र हो । सुन्तलीलाई कोठीकी आमा अगाध माया छ तर ऊ सुन्तलीको बिहेपछि कहाँ गएकी छे भन्ने पत्तो छैन । कतै सुन्तलीको बिहेपछि परिवारमा चित्त बुझाउने ठाउँ नभएको महसुस गरेर भौँतारिन पुगेकी त होइने? यो प्रश्न यहाँ उठ्छ । यदि त्यसो हो भने ऊ अवश्य पनि मानव तस्करी गर्ने चरित्रकी नभएर बाध्यता र परिबन्दका कारण त्यसो गर्न पुगेकी हुन सक्छ । ऊ आफै पीडित भएकी नारी चरित्र हो भनेर पनि केही जानकारी दिने कार्य भएको छ ।

सुन्तली पछिल्लो समयमा आएर अभिभाविकाआमाको मायाबाट तड्पिएकी छे । सुन्तलीले आफ्ना वास्तविक आमाबाबुको कुनै सम्झना गर्न पुगेकी छैने । बरु अभिभाविका आमाको चिन्ताले तड्पिएकी छे ।उसले कुनै न कुनै दिन आमाले आफूसँग भेट्ने आशा राखेको पनि उक्त पत्रमा उल्लेख भएको देखिन्छ । यही अवस्थामा नै*सुन्तली* उपन्यासले

विश्राम लिएको छ । यसरी अन्त्यमा आएर सुन्तली पालनपोषण गरेकी आमाको मायामा तड्पिएको देखाइएको छ । घर छाडेर दार्जिलिङ्मा आउने बेलामा उसले किन आमालाई सम्झिने? वेश्यालयमा बसेर पनि अत्यन्तै पवित्र चरित्रकी नारीका रुपमा ऊ कसरी रहन पुगी?दार्जिलिङमा आउँदा लोग्नेसित के कारणले टाढा हुन पुगेकी थिई आदि कुराहरु उपन्यासमा अनुत्तरित नै छन् ।

*सुन्तली* उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थ हो । नेपाली समाजमा देखिने विकृति र विसङ्गतिलाई यस उपन्यासले चित्रण गरेको देखिन्छ । नेपाली चेलीहरू विदेशमा बेचिने यथार्थलाई यस उपन्यासमा स्थान दिइएको छ । *सुन्तली* र उसको परिवारको गरिबी र अशिक्षा, *लाहुरे*को कुकृत्य, *मालिक्नी*को दुखद विगत, शिक्षकको कपटपूर्ण सेवा आदि कुराहरू तात्कालीन यथार्थहरू हुन् । यसै कारण उपन्यासको कथानक आदर्शले लेपन गरेको भए पनि यथार्थ नै यसको वास्तविक श्रोत देखिन पुगेको छ ।

*सुन्तली* उपन्यासमा प्रत्येक्ष द्वन्द्व भएको देखाइएको छैन । तर फरकफरक वातावरणका मानिसबीचको केही मतभेद प्रदर्शन गरिएको छ । सुन्तलीको मनस्थिति र शिबूको मनस्थितिबीच दार्जिलिङ्मा छँदा त्यति मेल देखिँदैन । सुन्तलीको मन आखिर उसको लोग्नेतिरै भएको कुरा थाह पाइसक्दा पनि शिबूले आशा राखिरहनु एक काँचो युवकको स्वभावको प्रस्तुति हो । यस उपन्यासमासङ्घर्षशील पात्रका रूपमा कुनै पात्र स्पष्टतः देखिएका छैनन् । लाहुरेको चरित्र र लाहुरेले ल्याएकी चेली खरिद गर्ने मालिक्नी आमाको विचारमा भिन्नता छ । व्यवसाय समान र सहयोगी प्रकारको भए पनि अँगालेको जीवनको आदर्श यी दुई पात्रको विपरीत नै मान्न सकिन्छ ।

उपन्यासमासमग्रमा सबै पात्रहरू परस्परमा अन्ततः मिलेर नै बसेको देखिन्छ । तर आफ्नै छोरी बेच्न तयार हुने आफ्नै बाबु वा पुरुष पात्र र अर्केको सन्तानलाई पनि आफ्नै छोरीलाई जसरी लालनपालन गर्ने नारी पात्रका क्रियाकलापहरु यस उपन्यासमा निकै गम्भिर प्रकृतिका देखिन्छन् । त्यस्तै लाहुरे पनि खराब प्रकृतिको पुरुष पात्र नै हो । यहाँनिर हेर्दा सम्भवतः नारीको वेदना बुझ्न नारी नै अघि सर्दछन् भन्ने सन्देश दिन खोजिएको हुन सक्छ । यसबाहेक यस उपन्यासमा केही कुकृत्य गर्ने पात्रहरूको अवसान वा उत्थान केही पनि देखाइएको छैन । सामान्य वा झीनो क्रियाका बीच उपन्यास अघि बढेको छ ।

यस उपन्यासका औपन्यासिक घटनाक्रमलाई समयका आधारमा हेर्दा समयक्रममा मात्र घटेको मान्न सकिँदैन । यस उपन्यास संस्मरणात्मक शैलीमा लेखिएको छ । समयका आधारमा हेर्दा क्रम भङ्ग भएको देखिने यस उपन्यासका कथानकलाई आदि मध्य र अन्त्यका भागमा विभाजन गर्न सकिन्छ । *सुन्तली* र *शिबू* को वाल्यकालदेखि लिएर अन्त्यसम्मका विषयलाई यसरी विभिन्न भागमा बाँड्न सकिन्छ ।

*शिबू* र *सुन्तली*को वाल्यावस्था, तिनीहरूको आपसी निकटता, लाहुरेले गरेको कुकृत्यका कारण उनीहरूमा भएको वियोग, *मालिक्नी*ले पुत्रिका रूपमा सुन्तलीलाई लिएको प्रसङ्ग, *सुन्तली*को अध्ययन आदि कुराहरूलाई आदि भागका रूपमा लिन सकिने देखिन्छ । *सुन्तली*को जीवनले यौवनावस्था लिँदै जानु र शिक्षकले केही यौन भावले नजर लगाउनु, *सुन्तली*का सोचाइहरूमा केही परिवर्तन आउनु, अभिभाविका आमाले सुन्तलीको विवाह गराउने सोच्नु, बङ्गाली केटोसँग बिहे हुनु आदि कुराहरू चाहिँ मध्य भागका रूपमा लिन सकिने देखिन्छ । त्यसै गरी सुन्तलीको दार्जिलिङ् पलायनको प्रसङ्ग, दार्जिलिङ्को नराम्रो परिवेश, बालसङ्गाती *शिबू* सँगको भेट र अतीत वर्णन, साम्प्रदायिक तनाव, सुन्तलीको कलकत्ता पुनरागमन, *शिबू* सँगको निकटतामा वृद्धि र अभिभाविका आमाको खोजी आदि कुराहरू अन्त्यको चरणमा राख्न सकिन्छ । यसरी उनका *सुन्तली* उपन्यासले नेपालको भुभागमा जन्मिएर विभिन्न अप्रत्यासित समस्याका बावजूद पनि संरक्षण प्राप्त गरेको देखाउनुका साथै नारी भावना तथा पुरुष तड्पन आदिको प्रस्तुति समेत गरेको छ ।यस उपन्यासको कथानक रैखिक नभई ढाँचामा नभई वृत्ताकारीय ढाँचाको रहेको छ ।

## ४.५. चरित्र र चरित्रचित्रण

*सुन्तली*उपन्यासमा विभिन्न प्रकृतिका चरित्रहरू रहेको देखिन्छ । सबै घटना स्वाभाविक नभए पनि केही चरित्रका व्यवहारहरू स्वभाविक नै देखिन्छन् । यस उपन्यासमा *सुन्तली* मुख्य पात्रका रूपमा देखिएकी छे । लाहुरे, सुन्तलीको बाबु, मालिक्नी, शिबू , शिक्षक, सुन्तलीको श्रीमान्, सुन्तलीको काम गर्ने केटा आदि पात्रहरू यस उपन्यासका उल्लेखनीय पात्रहरूका रूपमा रहेका देखिन्छन् । यहाँयी पात्रहरूमध्ये मूल पात्र, सहायक पात्र र गौण पात्रहरुको चरित्र चित्रण गरिएको छ । यीमध्ये कुनैमा व्यक्तिगत कुन्ठा, छलकपट, आदर्शभाव, मातृत्व, गतिशीलता आदि स्वभाव देखा परेको पाउन सकिन्छ । पात्रहरुको चरित्र चित्रण यसप्रकार प्रस्तुत गरिन्छः

# सुन्तली

*सुन्तली*को केन्द्रीयतामा रचिएको उपन्यासका रूपमा *सुन्तली* उपन्यास रहेको छ । मुख्य पात्र नै *सुन्तली* रहेकाले होला उपन्यासकारले नामकरणसमेत *सुन्तली*कै नामबाट गरेको देखिन्छ । उपन्यासमा *सुन्तली* पहिले केही नादान र सोझी भए पनि समयान्तरालमा केही खुला स्वभावकी भएकी देखिन्छे । वेश्यालयको परिवेशले समेत उसलाई त्यस्तो बनाएको हुन सक्ने देखिन्छ । उसको वाल्यावस्था केकसरी बित्यो भन्ने भन्नुमा भन्दा पनि पछि स्मरणका रूपमा अभिव्यक्त गरिएको सन्दर्भ यस उपन्यासमा राखिएको देखिन्छ ।

*सुन्तली*लाई एक लाहुरेले भारतको कलकत्तामा लगेर वेश्यालयमा बिक्री गर्दछ । यसपछि सो खरिदकर्ता मालिक्नीले उसलाई वेश्यावृत्तिमा लगाउनुको साटो आफ्नी छोरीको प्रतिबिम्बका रूपमा लिन पुग्दछे । यही कारण उसले *सुन्तली*लाई लालनपालन र संरक्षण गर्दछे । उता सुन्तली पनि शिक्षादिक्षा लिँदै जाँदा यौवनावस्थामा प्रवेश गर्दछे । यही समयमा पढाउने शिक्षकले समेत उसलाई यौनेच्छा मेटाउने अपेक्षा राख्दछ । तर उसको बिहे एक बङ्गालीसँग हुन पुग्छ । त्यसको केही समयपछि ऊ पलायन भएर दार्जिलिङ् जान्छे । त्यहाँ उसको बालकालको साथी *शिबू* पनि आइपुग्छ । श्रीमान् श्रीमतीको झगडामा *शिबू* ले सुन्तलीलाई साथ दिए पनि सुन्तलीले भने श्रीमानलाई पुनः श्रीमान् स्वीकार गरी उसैसँग जीवन बिताउनतिर लाग्छे । यसपछि केही समयसम्म *शिबू* र *सुन्तली*का बीचमा पत्रको आदानप्रदानसमेत भएको देखिन्छ ।

*सुन्तली* केही फरक र पीडित पात्र हो तर समयान्तरालमा ऊ संरक्षित हुन पुगेकी पात्र पनि हो । ऊ गतिहीन नभई गतिशील पात्रका रूपमा देखिएकी पात्र हो । उसले बेलाबेलामा आफ्ना स्वभावहरू परिवर्तन गरेको देखिन्छ । श्रीमानलाई श्रीमान् नभएको भन्दै गर्दा *शिबू* ले सुन्तलीको साथ दिइरहेको हुन्छ । तर त्यतिबेलै उसले श्रीमानलाई श्रीमान नै भएको कुरा बताउँछे । केही समय शिबू सँग रिसाउँछे र फेरि पत्राचार कायम राख्दछे । यी विभिन्न चरित्रका कारण पनि ऊ एक गतिशील नारी पात्रका रूपमा देखिएकी छे ।

*सुन्तली*मा सामाजिक र नारीसुलभ यथार्थहरू पनि देखिन्छन् । यसबाहेक आदर्शका भावनाहरू र मायाममताका भावनाहरू पनि विभिन्न समयमा देखा पर्दछन् । समग्रमा उसको चरित्रलाई हेर्दा र भूमिकालाई विश्लेषण गर्दा ऊ एक सामाजिक परिवेशका हुन

सक्ने स्वाभाविक पात्रका रूपमा देखिएकी छे । ऊ पूर्णतः बहिर्मुखी चरित्रकी पनि देखिँदैने । सुन्तलीलाई पारम्परिक नभई मौलिक पात्रका रूपमा लिन सकिन्छ ।

सुन्तलीको पछिल्लो जीवन जेजसरी गुज्रिएको भए पनि वाल्यकाल निकै सरस र रोचक नै मान्न सकिन्छ । त्यतिबेलाकी *सुन्तली*को नाम पछि युवावस्थामा आएर मात्र सुषमावाला राखिएको छ । सुन्तली नेपालको स्याङ्जा जिल्लाको नौडाँडा क्षेत्रमा बसोबास भएकी गरिब परिवारकी सुन्दर कन्या हो । यही कन्या पछि आधुनिक युवतीका रुपमा उपन्यासमा उपस्थित भएकी छ । कथयिता शिबूले प्रस्तुत गरेको निम्न अनुसारको भनाइबाट सुन्तलीको बाल्यकाल ग्रामीण परिवेशको थियो र ऊ अहिले आएर मात्र आधुनिक हुन पुगेकी हो भन्ने कुरा स्पष्ट गर्न सकिन्छः

> कसलाई थाह थियो - सुदूर भारतीय प्रान्त पश्चिम बङ्गालको दार्जीलिङ क्षेत्रमा नेपालको स्याङ्यातिरकी सुन्तलीलाई सुषमावालाको नाउँले प्रतिपादित व्यवहृत देख्न सकुँला?कहाँ स्याङ्जा क्षेत्रकी त्यो सुन्तली नाकबाट अहर्निश सिँगान चुहाइराख्ने र च्यातिएको चिथ्रो चोलाको बाहुलाले प्रत्येक पाँच मिनेटको अन्तरालमा त्यो चिप्लो प्रवाह पुछ्दै पनि गर्ने सुन्तली र कहाँ सामुन्नेकी यो सुषमाबाला । जन्मको पहाडी, वर्ण भने गोरो, जिउकीभुँडुल्की । गर्धनलाई बेह्रिराखेको मैलो गालासम्म पुगेर अनुहारलाई नै धमिलो धूसर, भनूँ कालो मैलो जस्तै पारी खेल्दै, उफ्रँदै हाँस्तै अज्ञात किसिमले शैशव गुमाउँदै, वय वा उमेर बढाउँदै गएकी भुँडुल्कीको सम्झनामा कतिपटक सम्झेको छु ... नजर उठाएर हेर्दा मोस्ट अपटुडेट र पैन्ट, जर्सीधारी, आइमाईको स्ट्रा ह्याट लगाएकी छविमान् नारीका सहास मूर्ति । (गरिमा १/५, ७)

सुन्तलीको पारिवारिक स्थिति निकै कमजोर रहेको देखिन्छ । यही कारण पनि सुन्तली लाहुरेको प्रलोभनमा परेकी हुन सक्ने देखिन्छ ।ऊ सानी छँदा निकै रमाइलो जीवन काटेकी देखिन्छे । उसमा त्यतिबेला कुनै रमाइलोबाट बन्चित भएको पात्रका रुपमा चित्रण गरिएको छैन । यसर्थ पनि उसको वाल्यकाल सुखपूर्ण रहेको मान्न सकिन्छ । यसका साथै शिबूले सानैमा निकै चाहने पात्रका रुपमा पनि सुन्तली रहेको देखिन्छ । तलको भनाइले पनि यस कुरालाई थप पुष्टि गर्दछ :

> घर भने सानो खुम्चिएको पराले झुप्रो यथा बर्सेनी दुई तीन पटक घरमा आउने खेतका जम्मै उब्जाले पनि जेनतेन चारपाँच महिनासम्म मात्रै छाक टार्न पाइने ...

वनकी हरिनी जस्तै उफ्रने, भाग्ने, रुख चढ्ने, फलफूल टिप्ने ध्याउन्न मात्रै ... कति निश्चल, कति सुन्दर,गाईको काँचो दूधजस्तै स्वच्छ, श्वेत, पवित्र र सुस्वादु देवपेय । मोह मने त्यसै दूधै सुन्तलीको छ । आजकी सुषमाबालामा नाता जस्ता, मोह जस्तो, आत्मीयता र संलग्नता जस्तो केही लाग्छ भने त्यो हो त्यही सुन्तली । त्यही सिँगाने सुन्तलीमा मात्रै यो सुषमाबाला छे, सिद्ध छे । (गरिमा १/५, १०)

*सुन्तली* नारी पात्र भइ कन उपन्यासकी प्रमुख पात्र पनि हो । उसको प्रवृत्ति र भूमिकालाई हेर्दा *सुन्तली* अनुकूल पात्रका रूपमा नै देखिन्छे । उसको आफ्नै नीजि स्वभाव र वैशिष्ठ्य देखिन्छ । जसले गर्दा उसलाई वर्गीय नभई व्यक्तिगत पात्रका रूपमा लिन सकिने देखिन्छ । उपन्यासमा कुनै नेपथ्यीय भूमिका निर्वाह नगरी मन्चीय भूमिका निर्वाह गरेकाले आसन्नताका आधारमा उसलाई मन्चीय पात्रका स्थानमा राख्न सकिन्छ । यस उपन्यासमा नायकका रूपमा *सुन्तली* रहेकी छे । उसकै वरिपरिमा उपन्यासको रचना भएको देखिन्छ । सुन्तली अभिभाविका आमाका सहाराले विभिन्न चरण पार गरेकी छे । उसले शिक्षाको अवसर पाएकी छे । ऊ सुन्दर पनि छे । अभिभावकी आमाको ममताका कारण उसको जीवन निकै सबल र सक्षम बन्न पुगेको कुरा उपन्यासमा देखाइएको छ । उसको प्रगति र उसले हासिल गर्दै गएको शिक्षाको प्रसङ्गलाई उपन्यासमा यसप्रकारले देखाइएको छ :

सुन्तलीले अक्षरज्ञान गरिसकेपछि उसलाई केही प्रारम्भिक शिक्षा एउटा हिन्दू नवयुवक शिक्षकसित दिलाइयो । ... सुन्तलीले हिन्दी वा पाए नेपाली भाषाका सान्तिना किताप पढ्न सकने सम्मको शिक्षा त्यहाँ प्राप्त गरी ।अनि स्वभावतः उसको शिक्षा समाप्त भएको थियो । (गरिमा १/६, ५)

ओपन फ्याक्ट, सुन्दर चटपटे सुषमाबाला रानी ... सुषमाबालाले पढाइ नपढे पनि नपढेकी भए पनि जान्ने बोल्ने र अनुभव गर्न सक्ने तमिजदार हाम्रो भाषामा र यस बङ्गालको भाषामा सुसंस्कृत । शिष्ट सभ्य अइमाई हो सुषमाबाला देवी ।(गरिमा १/६, ८)

सुन्तली अत्यन्तै सुन्दर नारी हो भन्ने कुरा भिक्षुले उपन्यासमा देखाएका छन् । उनले आधुनिकपन भएर पनि उत्ताउली नभएकी नारी पात्रका रुपमा सुन्तलीलाई उभ्याएका छन् । उनले अङ्गहरु कोमल भएको, शिष्ट देखिएकी र निकै राम्री भनेर सुन्तलीको वर्णन गरेको देखिन्छ । यस कुरालाई स्पष्ट गर्नका लागि तलको पङ्क्ति हेर्न सकिन्छ :

> उसको बाहिर निस्किने परिधान निकै राम्रो, निकै सुसज्जित पार्ने थियो । ... अचेलकी आधुनिका भएर पनि अत्यन्त शिष्ट, उत्ताउलोपना नभएकी आधुनिका ... हिँडाइ चलाइ संयमित, अनुहार भाव गम्भीर र परिधान परिष्कृत ... एउटी सुसंस्कृतसम्पन्नआधुनिकरकोमालाङ्गी रमणीजस्तै उसको जिउको सम्यक् आभा। ( गरिमा १/७, ५)

उपन्यासकार भवानी भिक्षु बढीजसो नारी पात्रका मनोदशा र आचारव्यवहारको चित्रण गर्न रुचि देखाउने गर्दछन् । *सुन्तली* उपन्यासमा सुन्तलीप्रमुख पात्रका रुपमा रहेकी छे । त्यसैले पनि सुन्तलीको वाल्यावस्थादेखि यौवनावस्थाका विभिन्न अवस्थाको चित्रण गर्ने कार्य गरेको देखिन्छ । उनले सुन्तलीलाई गरिब परिवारबाट एक वेश्याका परिवारसम्मको यात्रा निर्धारण गर्न लगाएका छन् । तत्पश्चात् भने सुन्तलीको विवाह भएको प्रसङ्लाई उपन्यासमा लिइएको छ । विवाहपश्चात् भेटिएको पुरानो प्रेमिले केही आशा राखेको र उसलाई आफ्नो बनाउन प्रयास समेत गरेको देखाइएको छ ।

सुन्तली उपन्यासमा सुन्तली उपन्यासको भूमिका आदिदेखि अन्त्यसम्म रहेको देखाइएको छ । यस उपन्यासको कथयिताका रुपमा शिवशङ्कर अधिकारी आएको छ । कथयिताले आफ्नो कथा नभनी सुषमाबाला वा सुन्तलीको कथा नै भनेको देखिन्छ । तर यहीँ नै उसको भूमिका पनि जोडिएर आएको देखिन्छ । सिङ्गो उपन्यासका घटनाक्रमहरु सुन्तली र उसँग सम्बन्धित विषयसँग जोडिएकाले सुन्तली नै प्रमुख पात्रका रुपमा देखिएकी छे । खराब स्थानमा बसेर पनि असल आदर्शमा अडिग हुन सक्ने पात्रका रुपमा सुन्तली देखिएकी छे । यसो हुँदैमा ऊ गतिशील छैने भन्ने चाहिँ होइन । आफ्नो परिवारका सन्दर्भ र अन्य भूमिकाहरुमा तत्काल परिवर्तन गर्न पछि नपर्ने स्वभाव उसमा देखिन्छ । नेपालमा भएका समस्याहरुमध्ये चेलीबेटी बेचबिखन पनि एक हो । यस खालको समस्याले नेपाली नारीहरु पीडित छन् ।यसको ज्वलन्त उदाहरण सुन्तली र मालिक्नी आमा रहेका छन् । संयोगले मात्र सुन्तलीको भविष्य खराब बन्न नपुगे पनि मालिक्नी आमाको जीवन निकै अनिश्चित र दुखद हुन पुगेको देखिन्छ । उपन्यासको अन्त्यतिर ऊ कहाँ गएकी हो भन्ने कुराको जानकारी नभएको उल्लेखसमेत गरिएको छ । सुन्तलीजस्ता नारी पात्रहरुको प्रयोगबाट नेपालमा विद्यमान चेलीबेटी बेचबिखनको समस्यालाई उजागर गर्न खोजिएको समेत अनुमान लगाउन गाह्रो हुँदैन ।

## शिबू

*शिबू* उपन्यासको एक पुरुष पात्र हो । ऊ प्रमुख पात्रका रूपमा रहेकी *सुन्तली*को प्रेमिसमेत रहेको दाबी गर्ने पात्र हो । ऊ सुन्तलीका लागि निकै लागिपरेको देखिएको छ । खासमा ऊ सुन्तलीको बालकालको साथी हो । उसले सुन्तलीलाई पाउनका लागि उत्कट चाहना राखेको देखिन्छ । सानैदेखिको साथी भएकाले पनि सुन्तली मेरो पक्षमा हनुपर्छ भन्ने आकांक्षा शिबूमा रहेको देखिन्छ । सानैमा साथी भएको ऊ जीवनभर साथ दिन तयार पनि रहेको देखिन्छ । तर सुन्तलीको अनिश्चित भूमिकाका कारण ऊ मर्माहत छ ।

शिबूको स्मरणबाट उपन्यासको कथानक अभिव्यक्त भएको समेत देखिन्छ । कथयिताका रुपमा आएको शिबूलाई शिब शङ्कर अधिकारी भनी चिनाइएको देखिन्छ । शिबू जस्ता पात्रको प्रयोगबाट कुतुहलपूर्ण कथानक र घटनालाई उपन्यासमा उनेर उपन्यास आकर्षक बनाउने कार्य उपन्यासकार भिक्षुले गरेका छन् । प्रमुख पात्रका रूपमा भूमिका निर्वाह नगरे पनि एक अनिवार्य पात्रका रूपमा भूमिका निर्वाह गर्ने कार्य शिबूले गरेको छ ।

शिबू  मनका कुराहरू स्पष्ट राख्न सक्ने र आक्रामक पात्र होइन । ऊ कुनै समयमा सुन्तलीको पक्षमा कुराहरू राख्न पुगे पनि सुन्तलीको असहमतिलाई जबरजस्ती गर्ने चरित्र देखाएको छैन । सुन्तलीले जेजस्ता परिवर्तनशील स्वभाव देखाए पनि उसले उसको प्रेम र अभावमा निमग्नभाव देखाएको छ । शिबू  पनि कुनै सार्वभौम नभई मौलिक र फरक स्वभावको पात्रका रूपमा रहेको देखिन्छ । शिबू लाई उपन्यासको गौण पात्र नभई सहायक पात्रका रूपमा लिन सकिन्छ ।

शिबू  सुन्तलीको बालकालको साथीका रूपमा देखिएको छ । उसले धेरै पछि सुन्तलीलाई भेटे पनि कसै गरी आफ्नी बनाउन सकेको छैन । सुन्तली पनि कतै शिबू तिर नै आउने हो कि जसरी आफ्नो श्रीमान्लाई श्रीमान् नभएको भनिरहेको अवस्थासमेत यस उपन्यासमा देखाइएको छ । तर शिबू ले आफ्नी बनाउन समेत सकेको छैन । त्यसै गरी आसन्नताका आधारमा हेर्दा शिबू लाई मन्चीय पात्रका रूपमा लिन सकिन्छ ।

शिबू बिगत सम्झिएर वर्तमानलाई त्यसैको हिस्सा मान्न तयार हुने पात्र हो । ऊ जब आफ्नी बालसखी सुन्तली भेटिन्छे तब प्रशन्न हुन पुग्दछ । उसले जति बेला पनि सुन्तली आफ्नी कसरी बनाउन सकिन्छ? भन्ने कुरामा जोड दिएको देखिन्छ ।

उपन्यासमाप्रमुख पात्रका रुपमा सुन्तली देखा परे पनि प्रमुख पुरुष पात्रको भूमिका शिबूबाट नै भएको छ। यसर्थ पनि शिबुको भूमिका निकै उल्लेखनीय रहेको छ।

## मालिक्नी

मालिक्नी उपन्यासको सहायक पात्र हो। ऊ आदर्शवान नारी पात्र पनि हो।कुनै समय आफै पनि पीडित भएकी र छोरीको वियोगबाट पीडित भइरहेकी विधवा नारीका रूपमा मालिक्नी देखा परेकी छे। एकातिर छोरीको वियोग र अर्कातिर पतिसँगको वियोग भेलेकी मालिक्नी भारतको कलकत्तास्थित वेश्यालयकी हर्ताकर्ता हो। पछिल्लो समयमा उसको गतिविधि त्यति यकिन नभएको कुरा सुन्तलीको पत्रबाटसमेत देखिन्छ। उसले गर्दा नै सुन्तलीको जीवनको स्वरूप र जीवनयापनमा फरक आउन पुगेको छ। दुखद जीवनको अवस्थामा गुज्रनुपर्नेमा सुखद जीवनको अवस्थामा गुज्रनुपर्ने वातावरण सुन्तलीलाई जुर्नुमा मालिक्नीको भूमिका नै प्रबल हुन पुगेको छ।

मालिक्नीको स्वभाव र भूमिका एकै खालको देखिएको छैन। उसको औपन्यासिक भूमिका पनि महत्त्वपूर्ण नै छ। एकातिर वेश्यावृत्तिमा लाग्ने र लगाउने नारी पात्रका रूपमा रहेकी ऊ पछि छोरीको भल्को लागेकाले होला, सुन्तलीलाई वेश्यावृत्तिमा नलगाइकन संरक्षण र लालनपालन गर्न थालेकी छे। पहिले पीडित, केही समयपछि पीडक र पछि आदर्शवान र ममतामयी नारीका रूपमा ऊ देखा परेकी छे। यसले पनि उसको चरित्र गतिशील वा परिवर्तनशील देखिन्छ।

मालिक्नीको भूमिकाले उपन्यासले नयाँ मोड लिएको कुरामा दुई मत हुन सक्दैन। जहाँ लगेर बिक्री गरिएको हो त्यहींबाट आश्रय पाउने अवस्था सुन्तलीलाई जुर्न पुगेको छ। जहाँबाट कुनै भरोसाको अपेक्षा राख्न सकिँदैन भनिएको थियो त्यही स्थानबाट प्रशस्त लाभ र सहायता प्राप्त हुन पुगेको कुरा यस उपन्यासमा दिइएको छ। आफू कुनै समय पहिले वेश्यावृत्तिमा संलग्न हुने गरी कोठीमा बिक्री भएको र त्यतिबेला उसकी छोरी ऊदेखि टाढा हुन पुगेको बाध्यात्मक अवस्था मालिक्नीसँग रहेको छ। यही कारण उसमा ममता भावना जागेको हो कि भन्ने अनुमान लगाउने गरी उपन्यास तयार पारिएको छ।

आफ्नै छोरीको हालसम्मको अवस्था के छ भन्नेबारे कुनै जानकारी नराख्ने पात्रका रुपमा मालिक्नी रहेकी छे। आफै कोठी सन्चालक हुँदा उसमा धनदौलत र शक्तिसमेत

पर्याप्त भएको जस्तो अवस्था उसमा देखिन्छ । तर ऊ आफ्नी छोरीको स्थितिबारे जानकारी राख्न ध्यान दिइकी छैने ।सन्तानको अभाव पूरा गर्न वा अन्य कुनै कारणले सुन्तलीलाई छोरीका रुपमा पालनपोषण गर्ने पात्रका रुपमा ऊ देखिएकी छे। यस पात्र त्यो समयमा पनि शिक्षाको महत्त्व छ भन्ने सन्देश दिने नमुना पात्रका रुपमा समेत देखिन्छे । मानवको जीवनमा जेजस्ता बाध्यात्मक अवस्था वा परिस्थिति आइ लागे पनि वा जेजस्ता पेशा व्यवसायमा लागे पनि कालान्तरमा गएर खराब कामप्रतिको वितृष्णा सबैमा जाग्न जान्छ भन्ने कुरा यसै पात्रको भूमिकाले समेत स्पष्ट गर्दछ । मानवता र आदर्शको उत्कट अभिप्रायः अभिव्यक्त गर्ने योजना पूरा गर्नका लागि छनौट गरिएको पात्रका रुपमा नै मालिक्नी आएकी छे।

मालिक्नी पारम्परिक पात्र नभई मौलिक पात्रका रूपमा देखिएकी छे। ऊ एकातिर प्रतिकूल भूमिका निर्वाह गर्ने खालकी देखिएकी छे भने अर्कातिर सुन्तलीका सवालमा अनुकूल भूमिका निर्वाह गरेकी छे। ऊ यसका आधारमा नेपथ्यीय नभई मन्चीय पात्रका रूपमा रहेको देखिन्छ । मालिक्नीको पछिल्लो अवस्था भने केही अज्ञातजस्तै रहेको कुरा सुन्तलीले शिबू लाई लेखेको पत्रमा उल्लेख छ । एक अभिभावक आमाको भूमिका निर्वाह गर्ने कार्य उसले गरेकी छे। खरिद गरेर लिएकी सुन्तलीलाई वेश्यावृत्तिमा लगाउनुको साटो छोरीका रूपमा पालनपोषण र शिक्षादिक्षा दिने कार्य उसले गरेकी छे। उसैले सुन्तलीको बिहे पनि गराइदिन्छे। मालिक्नी जन्मले आमा नभए पनि कर्मले सुन्तलीकी आमाको भूमिका निर्वाह गर्ने कार्य उसले गरेकी छे।सुन्तलीले पनि उसकै कारण आफू पतिता हुनबाट बचेको कुरा पत्रमा उल्लेख गरेको देखिन्छ।

मालिक्नीले सुन्तलीलाई निकै माया गरेको देखिन्छ । सुन्तलीको भविष्य र उसको सम्मानसँग मालिक्नी निकै चिन्तित देखिन्छे । उसले विवाह गर्दा पनि निकै धनाढ्य र जिम्मेवार केटोको खोजी गरेको देखिन्छ । पढाउँदा पनि शिक्षकसँग निकै राम्रो पढाउन आग्रह गरेको देखिन्छ। मालिक्नीले विवाहपूर्व उसको लोग्नेसँग राखेको कुराले ऊ साँच्चिकै सुन्तलीलाई सर्वोस्व ठान्दछे भन्ने देखिन्छ :

> यो मेरी छोरी हो, म एउटी आमा हुँ। तपाईंलाई छोरी सुम्पिँदै प्रार्थना गर्दै छु, भाग्य नियतिले कतै कष्ट परे पनि त्यो यसले सहने छे, काल साँच्ने अर्ती पनि यसलाई दिएकी छु, दिने पनि छु, तर त्यसको अपमान नहोओस् । त्यो नहुन दिनुहोला, यही

मात्रै मेरो प्रार्थना छ । यो वेश्या पुत्री होइने । कुलीनकी छोरी बेटी हो भन्ने कुरा कहिले पनि नबिर्सियास् । (गरिमा १/७, ११)

## सुन्तलीको लोग्ने

सुन्तलीले बङ्गाली मूलको केटासँग बिवाह गरेकी छे । ऊसँग बिवाह गर्ने संयोग उसकी अभिभाविका आमा वा मालिक्नीले गरेकी हो । सुन्तलीको श्रीमान् सुन्तलीलाई पर राख्न नचाहने पुरुष पात्र हो । उसका बारेमा धेरै जानकारी नदिए पनि नेपाली मूलकी नारीले फरक मूलको पुरुषसँग बिवाह गराएको देखाउने कार्य भिक्षुले गरेको देखिन्छ । उसले पहिले जेजस्तो व्यवहार देखाए पनि पछिल्लो समयमा सुन्तलीसँग टाढा हुने कुरा रुचाइ रहेको देखिँदैन ।

सुन्तलीको लोग्ने सुन्तलीलाई त्यति रिझाउन नसकेको र त्यति धेरै बिगार पनि नगरेको पुरुष पात्र हो । ऊसँग विवाह भएको केही समय सुन्तलीले केकसरी जीवन बिताएकी थिई भन्नेबारे कम वर्णन गरिएको देखिन्छ । विवाहको केही समयपछि भने सुन्तली घरबाट विरक्तिएर बाहिरिन पुगेको जस्तो देखिन्छ । घरमा कुनै नराम्रो व्यवहार गरे नगरेको भन्दा पनि सुन्तलीले भनेजस्तो भूमिका अवश्य ऊबाट निर्वाह भएको छैन भन्ने कुरा सुन्तली र ऊबीचमा भएको झगडाले समेत पुष्टि गर्दछ ।

सुन्तलीभित्रको नारी सुलभ मनले परम्परा र कर्तव्यका आधारमा आफ्नो लोग्नेलाई अँगालिरहेकी हो वा भित्रैदेखि माया भएर हो भन्ने कुरा उपन्यासमा त्यति धेरै स्पष्ट गरिएको छैन । यौवनको मझधारमा केही समय सँगै कटाइ सकेका सुन्तली र उसको लोग्ने दुवै परस्परमा केही टाढा वा नजिक जसरी जीवन गुजारिहेको देखिन्छ । दार्जीलिङ्मा भेट भएपछि र झगडा भएपछि सुन्तलीले उसको लोग्नेभन्दा फरक रही शिबूलाई पत्र पठाइरहनुलाई एकातिर वाल्यकालको साथीलाई भुल्न नसकेको भन्न सकिन्छ अर्कातिर व्यभिचारी भावनाको प्रतिफलका रुपमा लिन सकिन्छ । उसको लोग्नेले पनि सुन्तलीले आफ्नो घरै छोडेर अन्यत्र जाँदा वा शिबूसँग सम्पर्क कायम राखिरहँदा कुनै प्रतिक्रिया दर्शाएको देखाइएको छैन । उसको पनि आफ्नो गाउँठाउँको र समुदायको छुट्टै मूल्य र मान्यता हुँदाहुँदै सुन्तलीसँग विवाह गर्नुले फरक समुदायका बीचमा मेलमिलाप बढाउन सहयोग पुऱ्याउने सन्देश सम्प्रेषण गरेको मान्न सकिने ठाउँ पाउन सकिन्छ । बाईले निकै

राम्रोसँग सम्झाएर दिएकी हुनाले हो वा आफैमा असल र जिम्मेवार भएकाले हो, सुन्तलीलाई अन्ततः आफ्नो बनाउने कार्य उसले गरेको छ । ऊप्रतिको सुन्तलीको दृष्टिकोण पनि अभिभाविका आमाको विवाहपूर्वको वचनले हो वा आफैमा रहेको जिम्मेवारीपनले हो, कठिन मोडमा समेत सकारात्मक बन्न पुगेको देखिन्छ ।

सुन्तलीको श्रीमान पनि गौण पात्र नभई सहायक पात्रका रूपमा नै देखिन्छ । ऊ कुनै सम्प्रदायको प्रतिनिधित्व गर्ने पात्र पनि हो । उसलाई हटाउँदा उपन्यासले यही कथानक लिन सक्ने कुरामा विश्वास गर्न सकिँदैन । यसले पनि उसको भूमिका उपन्यासमा उल्लेखनीय रहेको देखिन्छ । उसमा कुनै उल्लेखनीय स्वभाव र त्यसको परिवर्तन नदेखिएकाले गतिहीन चरित्रका रूपमा उसलाई लिन सकिन्छ । यसका साथै उसको भूमिका मूल कथानकको प्रतिकूलतामा उभिएको छैन । मूल कथानकले सुन्तलीको इच्छालाई प्रमुख मानेको देखिन्छ भने शिबू को इच्छालाई सहायक मानेको देखिन्छ । यसकारण पनि सुन्तलीको श्रीमानको भूमिका सुन्तलीको पक्षमा उभिएको देखिन्छ । यसले एकातिरबाट हेर्दा शिबू को प्रतिकूलता जस्तो देखिए पनि उपन्यासको मुल प्रवाहलाई हेर्दा अन्ततः उसको भूमिका अनुकूल नै रहेको देखिन्छ ।

## अन्य पात्रहरू

*सुन्तली* उपन्यासमा माथि उल्लेख गरिएका भन्दा भिन्न प्रकृतिका पात्रहरू पनि रहेका देखिन्छन् । कुनै पात्रहरू गौण छन् भने कुनै पात्रहरू सहायकसमेत रहेको देखिन्छ । कुनै पात्र अनुकूल चरित्रका देखिन्छन् त कुनै प्रतिकूल चरित्रका पनि देखिन्छन् । सुन्तलीको बाबु, शिबू की दिदी, लाहुरे, मास्टर जस्ता पात्रहरूले पनि यस उपन्यासमा भूमिका निर्वाह गरेका छन् । यी विभिन्न प्रकृतिका पात्रहरूको भूमिका आआफ्नै प्रकृतिको रहेको छ ।

सुन्तलीको बाबु नेपाली समाजको एक गरिब पात्र हो । ऊ गैर जिम्मेवार र अनैतिक पात्र समेत हो । छोरीलाई खरिद गरेकी मालिक्नीले दिएको पैसा लिएर पनि गाउँलेहरूलाई कुनै खबर नदिने अचम्मको पात्र हो । धेरै समयपछिमात्र छिमेकीहरूले उसले भारत गएर पैसा लिने गरेको जानकारी पाएका छन् । सामाजिक मूल्य र मान्यताको वास्ता नगर्ने एउटा गैरसामाजिक चरित्र प्रदर्शन गर्ने कार्य उसले गरेको देखिन्छ ।कथानकको मूल धारलाई

आधार मान्ने हो भने यस पात्रलाई गौण पुरुष पात्रका रूपमा लिन सकिन्छ । यसबाहेक मन्चीय र गतिहीन चरित्र पनि उसमा देखिन्छ ।

शिबूकी दिदी पनि उपन्यासमा रहेकी छे । व्यथित नारी चरित्रका रूपमा देखिएर गौण भूमिकामा उसकी दिदी रहेकी छे । उसको उपस्थिति गौण रहेको छ । यो नारी पात्रलाई कथयिताले भारत आउँदा भेटेको प्रसङ्ग उल्लेख गरिएको पाउन सकिन्छ । कतै यस पात्रको जीवन र सुन्तलीको जीवन समान हुने सपना वा कल्पना त गरेको होइन भन्ने झल्को उपन्यासमा देखिन्छ । यस नारी पात्र विधवा नारी पात्रका रुपमा देखिएकी छे । कथयिताले यो पात्रका बारेमा यसरी सम्झिएको पाउन सकिन्छ:

> त्यस परिवारमा रहेकी तिनै विधुवी, मेरी फुपूकी छोरी, मेरी एकान्तकी आफन्त आत्मीय भएकी थिइन् । मेरा बुबा चाहिँ नौडाँडा आउन थाल्दा उनले मलाई आउन दिइनन् र बुबासँग भनेर केही दिनका लागि मलाई आफूसँगै राखिन् । मलाई अघिदेखि नै सिकाए अनुसार म उनलाई दिदी भन्थेँ । (गरिमा १/८, ६)

कथयिताले यस नारी पात्रलाई कतै सुन्तलीसँग दाँज्न पुगेको देखिन्छ । पहिले गाउँले जीवन गुजारेको र पछि सुन्तलीकै जस्तो जीवन गुजारेको अवस्था देखेको झलक कथयिताले प्रस्तुत गरेको देखिन्छ :

> सम्झँदै छु यसै नौडाँडाकी फ्याउरी सुन्तलीको धृष्टता र त्यसै अनुदृश्यमा मेरी उनै दिदीको कोमलकान्त अनुहारको गरिमा महिम मधुरिमा, निधारको नैसर्गिक दीप्ति र अश्रुसिन्चित परेलाभित्रका अरुण हेराइ । एउटी विधुवी युवती र एउटी प्रगल्भ, अविकसित, गाउँले केटीको सादृश्य विरोध । (गरिमा १/८, ७)

सुन्तली उपन्यासमा *लाहुरे* पनि रहेको छ । लाहुरेले सुन्तलीका हकमा प्रतिकूल भूमिका निर्वाह गरेको देखिन्छ । उसकै कारण उपन्यासमा दु:ख र समस्याजन्य परिवेश सिर्जना गरेको हुन्छ । ऊ गाउँमा सबैलाई छक्क पार्ने गरी मगमगाएर हिँड्ने र चेलीहरुलाई फन्दामा पार्ने खराब चरित्रको पात्रका रुपमा देखिएको छ । पछि बाईले नै सही व्यवहार प्रदर्शन गरेकाले मात्र सुन्तली अलपत्र पर्नबाट बच्न पुगेको देखिन्छ । यसबाहेक उपन्यासमा धर्मे पनि रहेको छ ।सुन्तलीकी आमा अत्यन्तै गौण पात्रका रूपमा त्यो पनि नेपथ्यीय भएर आएकी देखिन्छ ।

## ४.६. पर्यावरण

अन्य उपन्यासमा झैँ *सुन्तली* उपन्यासमा पनि विभिन्न स्थान, समय र वातावरणको झलक पाइन्छ । यसको क्षेत्र स्याङ्जा, नौडाँडा, दार्जिलिङ्, कलकत्ताक्षेत्र, सिलाङ आदि भूभागमा देखिएको छ । यी विभिन्न क्षेत्रमा एकपछि अर्को गर्दै घटनाहरू घटेका कुराहरू उपन्यासमा वर्णन गरिएको छ । एउटा बालकालका जोडीहरूबीचको निकटता एक लाहुरेका कारण टाढिन पुगेको र पुनः भेट भई पूर्वावस्थाको स्मरण गरेको कुरा यस उपन्यासमा प्रस्तुत गरिएको छ ।

स्याङ्जाको नौडाँडाका शिवशङ्कर अधिकारी र सुन्तलीको घर हुन्छ । यसै स्थानमा यिनीहरू परस्परमा मिल्ने खेल्ने, रमाउने आदि कार्यकलाप गर्दछन् । यहाँ धर्मेलाई सुन्तलीका पत्रहरू सुनाउने र धर्मेका तर्फबाट चिठी लेखिदिने कार्यमा शिबू  लागिपरेको देखिन्छ । यसबाहेक उसकी फुपूकी छोरीसँगको घटनाको स्मरणसमेत उसले गर्दछ । त्यसपछि सुन्तली एउटा लाहुरेको फन्दामा परेर कलकत्ता बेचिन्छे । कलकत्ताको वेश्यालयको परिवेशसमेत यस उपन्यासमा उल्लेखनीय रहेको छ । मानव तस्करधन्दामा लागेकी मालिक्नीले भिन्न शैलीको प्रवृत्ति प्रदर्शन गर्नु अनौठो हुन गएको छ । उसले छोरीसरह ठानी सुन्तलीलाई पालनपोषण गर्दछे । यही समयमा उसलाई शिक्षादिक्षा दिने कार्यसमेत मालिक्नीले गरेको देखिन्छ । यो समय एकातिर सुन्तलीको यौवनावस्था प्रवेश गर्ने समय हो भने अर्कातिर उसको बिहेको सन्दर्भसमेत यसै समयको हाराहारीमा सम्बन्धित छ ।

फरक सम्प्रदायका बीचमा हुने विवाह, सङ्कीर्ण भावना र साम्प्रदायिक सोँच लिने सामाजिक परिवेश, दार्जिलिङ्को खराब अवस्था, खेतीपाती, सिलाङ्को परिवेश, सुन्तलीको रहस्यमय जीवनयापन, लोग्नेस्वास्नीको सामान्य कलझगडा आदि विषयलाई यस उपन्यासमा उठाउने कार्य भएको देखिन्छ । यस उपन्यास शिबू को संस्मरणमा केन्द्रित देखिन्छ । यस संस्मरणका आधारमा हेर्दा झन्डै एक वर्षको अवधिमा यस उपन्यास सीमित रहेको देखिन्छ । दार्जिलिङ्को साम्प्रदायिक विवाद, विभिन्न स्थान र समयमा शिबू ले गरेका क्रियाकलाप, सुन्तलीको चियोचर्चोको प्रसङ्ग आदि विषयलाई पनि यस उपन्यासले स्थान दिएको देखिन्छ ।

सुन्तली उपन्यासमा पात्रहरूको भेषभुषा, आचार व्यवहार, वैयक्तिक आवेग र रुचि, आस्था र साम्प्रदायिकता, सङ्कीर्ण सोँच आदि विषयलाई विभिन्न परिवेशमा चित्रण गर्ने

कार्य उपन्यासकारले गरेको देखिन्छ । सामाजिक सोभ्रो पन, सामाजिक समस्या, परम्परा, आदर्शको खोजी, शहरीया र गाउँले जीवनयापनबीच देखिने अन्तर, मातृत्व, आत्मीयता, कर्तव्य, आदर्श र सेवाभावना आदि पक्षलाई यस उपन्यासले थप रूपमा प्रदर्शन गरेको देखिन्छ । यसरी नेपाल तथा विदेशका विभिन्न स्थानहरूको चित्रण गर्दै सम्बन्धित स्थानको यथार्थभित्र पात्रहरूका आआफ्ना स्वभाव र परम्परा तथा विगतलाई प्रस्तुत गर्ने कार्य भिक्षुबाट भएको छ । भिक्षुको सुन्तली उपन्यासले एउटी गाउँले केटीको जीवनको कथालाई प्रमुख विषय बनाएर अन्य पात्रहरूका कार्यकलापहरूलाई प्रस्तुत गर्ने कार्य गरेको छ ।

## ४.७. भाषा

सुन्तली उपन्यासको भाषा निकै परिमार्जित देखिन्छ । अघिल्ला उपन्यासहरूका तुलनामा यस उपन्यास भाषिक दृष्टिले थप उल्लेखनीय देखिन्छ । उनी विभिन्न भाषाका कृतिहरूको अध्ययन गरेका साहित्यकारसमेत भएकाले अन्य भाषाका शब्दहरूको प्रयोग हुन सक्ने कुरामा त्यति विमति हुने देखिँदैन । तर उनले विशेष गरी तत्सम शब्दहरूको प्रयोग निकै गरेको देखिन्छ । ठेट नेपाली शब्दहरूमा पनि उनको मोह देखिन्छ । उनले अङ्ग्रेजी भाषाका नयाँ शब्दहरूको प्रयोग पनि गरेका छन् ।

शिबू ले विभिन्न घटनाहरू सम्भ्रेको देखिन्छ । त्यससँगै मिल्दो र अनुकूल भाषाको प्रयोग गर्ने कार्य भवानी भिक्षुले सुन्तली उपन्यासमा गरेको देखिन्छ । वाक्य गठन र शब्द संयोजन बढी जटिल नभए पनि सहज खालका देखिँदैनन् । प्रतीकात्मक भाषाको प्रयोग गरी विभिन्न सन्दर्भलाई आकर्षक बनाउने कार्य उनीबाट भएको देखिन्छ । उनका कतिपय वाक्यहरू विचलनयुक्त देखिन्छन् । कविताको पृष्ठभूमि रहेकाले होला काव्यात्मक र प्रवाहमय भाषा उनको उपन्यासमा देखिन्छ । यस उपन्यासका सुन्तलीको मानसिक परिवर्तन र वय विकासमा केन्द्रित देखिन्छ ।

## ४.८. दृष्टिविन्दु

सुन्तली उपन्यास शिबू को आत्मकथनबाट अगाडि बढेको छ । शिबू ले संस्मरण गरेको विगतसँग जोडिएर उपन्यासको स्वरूप अगाडि बढेको देखिन्छ । शिबू ले आफ्नो वाल्यकालदेखिको सम्भ्रना गर्ने कार्य गरेको छ । उसले सुन्तलीसँग जोडिन पुगेका घटना, अन्य पात्रसँग जोडिएका घटना र आफ्ना सरोकारका घटनाहरूलाई संस्मरणका रूपमा व्यक्त

गरेको देखिन्छ । त्यसैले यस उपन्यासलाई आन्तरिक दृष्टिविन्दु शैलीमा उपन्यासकारले नियालिरहेको देखिन्छ । यसमाआन्तरिक दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

सुन्तली उपन्यासमा घटनास्थल वा कार्यव्यापारबाट पर रहेर कुनै अवलोकनकर्ताले जसरी कथानक अगाडि बढाइएको देखिँदैन । यसमा आन्तरिक दृष्टिविन्दुको प्रयोग भएर पनि केन्द्रीय र केही परिधीय दृष्टिविन्दुको प्रयोग भएको आभास हुन्छ । शिबू ले सबै उपन्यासका घटना र कार्य व्यापारका बारेमा वर्णन गरेको छ । ऊ आफै पनि उन्यासका कार्यव्यापार र घटनाको उल्लेखनीय पात्र हो ।

## ४.९. बिम्ब र प्रतीक

कनै उपन्यासकारले उपन्यास लेख्दा प्रतीक बनाएर लेख्ने वा नलेख्ने जे पनि गर्न सक्छन् । यहाँ विश्लेषणका लागि लिइएको *सुन्तली* उपन्यास भने कुनै प्रतीकात्मक उपन्यास होइन । तर काव्यचेतको प्रभाव भएका कारण पनि भिक्षुले लेखेको सुन्तलीमा उपन्यासमा उनका अन्य उपन्यासमा जसरी विभिन्न प्रतीक र बिम्बहरूको प्रयोग गरिएको पाउन सकिन्छ ।

सुन्तली उपन्यासमा बिम्बहरूको प्रयोग यथेष्ट मात्रामा भएको देखिन्छ । उनको भाषामा काव्यात्मकताको प्रभाव देखिन्छ । उनले सुन्तलीको वाल्यावस्थाको चित्रण गर्दा वा वयस्क अवस्थाको चित्रण गर्दा विभिन्न बिम्बहरूको प्रयोग गरेको देखिन्छ -

> ... तुरुन्तै मुख बङ्ग्याएर, जिभ्रोचाहिँ बाहिर भित्र दगुराउँदै उसले मलाई फेरि जिस्काई । एउटा ढुङ्गो उठाई हान्ने उपक्रम गरेँ । ऊ भागी । (गरिमा १/५, ८)

माथिको अंशले शिबू  र सुन्तलीको वाल्यावस्थाको सम्झना गर्दै शिबू ले वर्णन गरिएको अवस्थालाई चित्रण गरेको छ । मुख बङ्गाउने, जिभ्रो बाहिर भित्र दगुराउने र जिस्काउने क्रिया आफैमा वाल्यावस्थाको झलक दिने खालको छ । यो निकै सशक्त बिम्बका रूपमा देखा पर्दछ ।

> सुन्तलीको तात्कालिक सम्झना अनुसार- जादूकै अचम्म ! लाहुरेको च्याप्टो कालो सन्दुस, थिच्यो कि बन्द हुने र साँचो लगाएपछि मात्रै खुल्ने । राम्रो रातो बट्टामा राखेको साबुन, गजपैको बास आउने । फेरि टल्कने फलामे काइँयोले थाहै नपाउने

> गरी दाह्री काट्ने, अझ दाह्री खौरिनुअघि बास उठ्ने फीँजैफिँज अनुहारभरि पोत्ने । लुगाफाटा पनि कस्ता खालका । (गरिमा १/५, ९)

यहाँ दिइएको उदाहरणले लाहुरेको आनीबानी, रुचि, शान र जीवनशैलीबारे चित्रण गरेको देखिन्छ । यहाँ उसको सरसफाइ, चालढालको बिम्बात्मक चित्रणले परिवेशको वास्तविक र गहिरो बुझाइमा निकै सहयोग पुऱ्याएको देखिन्छ । यहाँ उनको बिम्ब उतार्ने कला उच्च रूपमा झल्किएको देखिन्छ ।

भिक्षुले बदनाम टोल र वेश्यालयजस्ता स्थानहरू सुन्तलीका लागि बस्ने र जीवन यापनका स्थलहरू बनाएका छन् । यसले उसको असल ठाउँमा बस्न मन नपराउने प्रवृत्तिलाई थप जोड दिएको देखिन्छ । उनले स्पष्टतः प्रतीकहरूको प्रयोग कम गरे पनि केही प्रतीकहरू परोक्ष रूपमा देखिएका छन् :

> गर्धनलाई बेह्रिराखेको मैलो गालासम्म पुगेर अनुहारलाई नै धमिलो धूसर, भनूँ कालो मैलो जस्तै पारी खेल्दै, उफ्रँदै, हाँस्तै, अज्ञात किसिमले शैशव गमाउँदै, वय वा उमेर बढाउँदै गएकी भुँडुल्कीको सम्झनामा कति पटक सम्झेको छु - त्यस दिन दार्जीलिङको एउटा अग्लो ठाउँको एउटा बदनाम टोललाई आफ्नो दाहिनेतिर पारी आह्रालो बाटोमा ओल्हिरहेको बखत कुनै नारीकण्ठले आफ्नो नाउँ लिएको सुनेको थिएँ - हलो, शिबू, तिमी कहाँ? शिबू नै होइन? (गरिमा १/५, ७)

यहाँ विगतको सम्झना गर्दै पछिल्लो समयमा फरक देखिएकी सुन्तलीको वर्णन गर्ने कार्य भएको देखिन्छ । अप्रत्यक्ष रूपमा मैलोले सुन्तलीको परिवेश र पृष्ठभूमिलाई सङ्केत गरेको देखिएको छ । यस अभिव्यक्ति आफैमा प्रतीकात्मक समेत रहन पुगेको छ । यसरी उपन्यासमा बिम्ब र प्रतीकहरूको प्रशस्त प्रयोग गरिएको देखिन्छ ।

## ४.१०. गति र लय

उपन्यासहरूमा घटनाहरूलाई दिइने प्राथमिकताले पनि निकै भूमिका खेलेको हुन्छ । उपन्यासकारले घटनाहरूलाई केही बढी मसिनो गरी वर्णन गर्ने वा संक्षिप्त जानकारीबाट पाठकहरूलाई महत्त्वपूर्ण विषयतिर लैजाने गर्न सक्छन् । कतिपय घटनाको सानासाना

वर्णन गर्ने गरेको पाइन्छ । सुन्तली उपन्यासमापनि उल्लेखनीय घटनाका सन्दर्भमा मन्द गति प्रदान गर्ने कुनै घटनालाई तीव्रता दिने गरिएको देखिन्छ ।

*सुन्तली* उपन्यासमा शिबूले आफूले *सुन्तली*लाई भेटेपछिका केही घटनाहरूलाई धेरै मन्द गति प्रदान गरेको देखिन्छ । यस क्रममा पनि पुर्वावस्थाको सम्झना गर्ने कार्य शिबूले गरेको देखिन्छ ।शिबू र सुन्तलीले बिताएका वाल्यकालको चित्रण भने त्यति धेरै हुन पाएको देखिँदैन । लाहुरेले छलेर लगेका कुरा, वाल्यकाल, अभिभाविका आमाको अवस्थाको जानकारी, सुन्तलीका बाबुआमाको प्रसङ्ग, सुन्तलीको दार्जिलिङ आउनुपूर्वको पारिवारिक अवस्था आदिको संक्षिप्त रूपमा चर्चा गरिएको देखिन्छ । यसरी कतै संक्षिप्त र कतै विस्तृत रूपमा वर्णन गर्दै गतिमा उतारचढाव ल्याउने कार्य सुन्तली उपन्यासमा भएको देखिन्छ । केही घटना र चरित्रहरुलाई सादृश्य बनाएर प्रस्तुत गर्ने कार्य पनि यस उपन्यासमा भएको छ । मालिक्नीको विगतका बारेमा राखिएका सन्दर्भ, सुन्तलीको वाल्यकाल, फुपूकी छोरीको सम्झना आदि कुराहरुलाई तीव्रता प्रदान गरेर प्रस्तुत गरेको देखिन्छ ।

## ४.११. सारवस्तु

*सुन्तली* उपन्यासमा दिइएको सार कथयिताको हस्तक्षेप र खोक्रोपनबाट निर्देशित छैन । मानव मनमा हुने राम्रा र नराम्रा भावनाहरूको एकसाथ परिचय दिँदै आदर्श भावनालाई विकसित गराउने उद्देश्य यस उपन्यासमा रहेको देखिन्छ । सामाजिक यथार्थलाई चित्रण गर्दै समाजमा भएका राम्रानराम्रा विषयहरूलाई प्रस्तुत गर्ने कार्य यस उपन्यासमा भएको देखिन्छ । यस क्रममा कुनै खराब पेशामा लागेको मानवमा अन्तर्निहित ममताभावलाई अभिभाविका आमाका तर्फबाट प्रस्तुत गरिएको छ ।

सुन्तली उपन्यासमाशिबू र सुन्तलीको वाल्यकाल हुँदै उनीहरूको पछिल्लो अवस्थासम्मको चित्रण गरिएको देखिन्छ । सुन्तली सानैदेखिकी साथी भएर पनि पछिल्लो समयमा शिबूले त्यस्तो आत्मीयता पाउन सकेको देखिँदैन । समय र सङ्गतले निरीह सुन्तलीलाई एक निडर, साहसी र खुला नारी चरित्रका रूपमा उभ्याएको छ । यस अवस्थासम्म आइपुग्नुमा सुन्तलीलाई उसकी आभिभावकी आमाले खेलेको भूमिका उल्लेखनीय देखिन्छ । यस घटनाले दुखद यथार्थबीच आदर्शलाई प्रवेश गराउने कार्य गरिएको स्पष्ट गर्दछ । सुन्तलीको समग्र जीवन ममता र आदर्शको प्रतिफलका रूपमा

देखिएको छ । यसबाहेक सामाजिक यथार्थलाई पनि यस उपन्यासमा प्रशस्त मात्रामा स्थान दिइएको देखिन्छ ।

नेपाली भूमिमा जन्मिएकी एक नारी चरित्रको वाल्यकाल सुखद नरहेको विषयसँगै सुन्तली उपन्यास अघि बढेको देखिन्छ । गाउँले नारीहरू केकसरी खराब मानिसको प्रलोभनमा फस्न पुग्दछन् र खराब मानिसहरूले उनीहरूको कमजोरीमाथि कसरी फाइदा पुऱ्याउँदछन्? भन्नेबारे यस उपन्यासले केही जानकारी दिने कार्य गरेको छ । यसरी खराब मानिसको पन्जामा परेकी सुन्तलीलाई एक खराब पेशा अँगालेकी नारीले अकस्मात सौँच परिवर्तन गरी असल व्यवहार प्रर्दशन गरेको घटनाले उपन्यास सुखद बन्दै गएको देखिन्छ । यसरी सामाजिक यथार्थ र त्यसभित्र छिपेको मानवतालाई नै यस उपन्यासले प्रमुख स्थान दिने लक्ष्य राखेको देखिन्छ ।

नेपाली गाउँघरमा अझै पनि मानव तस्करीको सम्भावना हटेर गएको देखिँदैन । यो एक अर्थमा नेपाली समाजको यथार्थजस्तो पनि देखिन्छ । सुन्तलीको परिवारका सदस्य नै छोरीको बेचबिखन हुँदा चिन्तित नहुनुले नेपाली समाजमा भएको अभाव, नीचता, शिक्षाको अभाव, आर्थिक अभाव जस्ता कुराहरुलाई यस उपन्यासले छर्लङ्ग पार्दछ । त्यसबाहेक जेजस्तो भए पनि मानिस ढिलोचाँडो मानवताको पक्षमा नआइकन सन्तुष्टि छैन भन्ने कुरा बाईको भूमिकाले स्पष्ट गर्दछ । आदर्श, नारी शिक्षा, मानवता, ममताको खोजी आदि कुराहरुमा यस उपन्यासले सकारात्मक प्रभाव पार्ने देखिन्छ ।

## ४.१२. निष्कर्ष

यस शोधपत्रको यस परिच्छेदमा सुन्तली उपन्यासको विधातात्त्विक विश्लेषण गर्ने कार्य भएको छ । अघिल्लो परिच्छेदमा प्रस्तुत गरिएका आधारहरूलाई शिरोपर गर्दै सुन्तली उपन्यासमा भएका विभिन्न विषय वस्तु, सार, चरित्र, कथावस्तु, कलात्मक पक्ष आदिको बारेमा जानकारी गराउने कार्य यस परिच्छेदमा गरिएको छ । एउटी ग्रामीण नारी चरित्रले आकस्मिक रूपमा भोग्नु परेको सन्त्रासजन्य अवस्था र अकस्मात पाएको सहारासँग सम्बन्धित विभिन्न घटना आदिलाई उपन्यासमा स्थान दिइएको देखिन्छ । उपन्यासको पर्यावरण केकस्तो छ? भाषा, बिम्ब, प्रतीक, गति, सार आदि केकस्ता छन् भन्ने कुराको जानकारी गराउने कार्य यस परिच्छेदमा गरिएको छ ।

परिच्छेद-५

# भवानी भिक्षुको योगदान

## ५.१. परिचय

यस शोधपत्रको यस परिच्छेदमा भवानी भिक्षुको औपन्यासिक स्थान, योगदान र उपन्यासकारिताको मूल्याङ्कन गरिएको छ । भवानी भिक्षु नेपाली साहित्यका विविध विधामा कलम चलाउने साहित्यकार हुन् । कथा र उपन्यासमा उनको विशेष पकड रहेको देखिन्छ । उनका जम्मा चारवटा उपन्यासहरू प्रकाशित भएको देखिन्छ । *सुभद्रा बज्यै, आगत, पाइप नं. २* र *सुन्तली* उनका चार उपन्यासहरू हुन् । उनले परम्परागत रूपमा चल्दै र नेपाली साहित्यमा अन्य व्यक्तित्वबाट भित्राइएका प्रवृत्तिहरू अँगाल्दै उपन्यास लेख्ने गरेको देखिन्छ । विशेषतः आदर्शोन्मुख यथार्थवादी उपन्यासहरू लेख्ने कार्य उनले गरेका छन् । उनको *पाइप नं २* भने प्रकृतवादी उपन्यासको एउटा नमुनाका रूपमा लिइन्छ । फ्रायडीय मनोविश्लेषणलाई पनि उनले अँगालेको देखिन्छ । यहाँ उनको स्थान, योगदान र मूल्याङ्कनको चर्चा गरिएको छ ।

## ५.२. नेपाली उपन्यासका परम्परामा भवानी भिक्षुको स्थान

नेपाली उपन्यासले विभिन्न चरण पार गरेको देखिन्छ । वि. सं. १९९१ सालमा देखिएको सामाजिक यथार्थवादले नै नेपाली उपन्यास आधुनिकतातिर उन्मुख भएको भनी उल्लेख गरेको पाइन्छ । आजसम्म आइपुग्दा भने नेपाली उपन्यासले स्वच्छन्दतावादी धारा, सामाजिक यथार्थवादी धारा, मनोवैज्ञानिक धारा, विसङ्गतिवादी-अस्तित्ववादी धारा, प्रयोगवादी धारा आदिलाई आत्मसात गरेको देखिन्छ । नेपाली उपन्यासमा देखिएका यी विविध प्रवृत्तिहरूलाई प्रथम र द्वितीय चरणमा विभाजन गर्ने गरिएको देखिन्छ । वि. सं. १९९१ सालदेखि वि. सं. २०२० सालसम्मको अवधिलाई प्रथम र त्यसपछिको चरणलाई द्वितीय चरणमा विभाजन गरेको देखिन्छ । भवानी भिक्षु भने प्रथम चरणमा उदाएर द्वितीय

चरणमा फष्टाएका उपन्यासकारका रूपमा चिनिन्छन् ।[४६] यही कालखन्डमा राखेर उनको औपन्यासिक स्थान निर्धारण गर्नुपर्ने देखिन्छ ।

आधुनिक नेपाली उपन्यासको प्रारम्भको श्रेय रुद्रराज पान्डेलाई दिइन्छ । उनले वि. सं. १९९१ सालमा प्रकाशित गरेको *रूपमती* उपन्यासलाई नेपाली उपन्यासमा प्रथम आधुनिक उपन्यासका रूपमा लिइएको देखिन्छ । उनले यस उपन्यासमा आदर्शोन्मुख यथार्थवादी धारा प्रबल रूपमा आत्मसात गरेको उल्लेख भएको देखिन्छ । यसपछि क्रमशः अन्य धारालाई आत्मसात गरेका उपन्यासहरू देखा पर्दै गएको देखिन्छ ।

वि. सं. २०१६ सालमा गोविन्दबहादुर मल्ल *गोठाले*को *पल्लो घरको झ्याल* देखा परेको देखिन्छ । यस उपन्यासलाई मनोवैज्ञानिक धाराको प्रारम्भ गर्ने उपन्यासका रूपमा चित्रण गरेको देखिन्छ । यसपछिका उपन्यासकारले बाह्य सामाजिक यथार्थभन्दा पनि आन्तरिक यथार्थलाई बढी स्थान दिने गरेको देखिन्छ । जस्तो विजय मल्लले *अनुराधा*मार्फत् र अन्य उपन्यासकारले अन्य उपन्यासमार्फत् मनोवैज्ञानिक धारालाई अगाडि बढाएको देखिन्छ ।यसै क्रममा आएका उपन्यासकार भवानी भिक्षुले पनि आफ्नो उपन्यासहरूमा नारी मनोभावनाको चित्रण गर्ने कार्य गरेको देखिन्छ । तर वि. सं. २०१९ सालमा प्रकाशित भएको *सुभद्रा बज्यै* उपन्यासमा मूलतः आदर्शोन्मुख यथार्थवादी चिन्तनले स्थान लिएको देखिन्छ । यही समयदेखि भिक्षुले आफ्नो औपन्यासिक यात्रा अगाडि बढाएको देखिन्छ ।

नेपाली उपन्यासले विभिन्न मोडहरूमा नयाँ सैद्धान्तिक मान्यताको प्रवर्तन गर्नुका साथै नयाँ मान्यताहरूको अनुसरण समेत गरेको देखिन्छ । विश्वबजारमा देखिएका नव मान्यतालाई केही उपन्यासकारहरूले अँगालिरहेका बेला नेपाली साहित्यमा इन्द्रबहादुर राईले नयाँ सैद्धान्तिक धारको उपन्यास प्रस्तुत गरेको देखिन्छ । उनको *आज रमिता छ* (वि. सं. २०२१) ले एउटा नयाा मान्यता आगालेको देखिन्छ । संरचना र रूपविन्यास नै परम्पराभन्दा भिन्न रहेकाले यस उपन्यासको विशेष महत्त्व रहेको मानिन्छ । यसरी देखिएको नयाापनलाई पारिजातको *शिरीषको फूल*ले थप व्यापकता दिएको देखिन्छ । राईले आत्मगत यथार्थलाई आयामेली आन्दोलनसाग जोडेर लेखेको मानिन्छ भने पारिजातले शून्यवादी दर्शनलाई नयाा शिल्प प्रविधिद्वारा प्रस्तुत गरेको मानिन्छ ।

---

[४६] दीपकप्रसादगौतम. *आगत उपन्यासको कृतिपरक अध्ययन,* अप्र. शोधपत्र, ने. के. वि. कीर्तिपुर, वि. सं. २०५८ ।

वि. सं. २०३० को दशकमा नेपाली साहित्यका क्षेत्रमा नयाँनयाँ खाले प्रयोगहरू हुन थालेको देखिन्छ । यसै क्रममा नेपाली उपन्यासका क्षेत्रमा समेत परम्परागत लेखनका तुलनामा केही भिन्न प्रवृत्तिका प्रयोगहरू देखिन थालेको देखिन्छ । यही दशकमा भवानी भिक्षुका दुई उपन्यासहरू देखा परेको देखिन्छ । वि. सं. २०३२ सालमा *आगत* र वि. सं. २०३४ सालमा *पाइप नं २* शीर्षकका उपन्यासहरू प्रकाशित भएको देखिन्छ । यसको केही समयपछि वि. सं. २०४० सालमा उनका *सुन्तली* उपन्यास प्रकाशित भएको देखिन्छ । यस समयमा आएर पनि उनले परम्परागत शैलीको धारलाई अँगालेको देखिन्छ । उनको *आगत* उपन्यासले आदर्शोन्मुख यथार्थवादी धार समातेको देखिन्छ । यस धारका उपन्यासलाई कुनै प्रयोगको धारमा राखिएको देखिँदैन । यस बाहेक उनको *आगत* उपन्यासको आकार त्यतिबेलासम्मका अन्य उपन्यासकारहरूका उपन्यासका तुलनामा निकै ठूलो देखिन्छ । यसबाहेक उनको उक्त उपन्यासले त्यतिबेला मदन पुरस्कारसमेत प्राप्त गरेको थियो । उदात्त वर्गका कोमल भावना, आदर्श, नीच प्रवृत्तिका पात्रहरूको चित्रण जस्ता कुराहरू उनको *आगत* उपन्यासमा देखिन्छ ।

वि. सं. २०३० को दशकमा लेखिएको *पाइप नं २* उपन्यासलाई नेपाली साहित्यमा केही प्रयोगका दृष्टिले हेरिएको पाइन्छ । हालको समाजले समेत पचाउन नसक्ने सन्दर्भ र विषयहरू उक्त उपन्यासमा रहेको देखिन्छ । एउटी असामाजिक मनोभावना भएकी नारीको साहस र मनोदशालाई स्थान दिएर भिक्षुले केही नयाँ प्रयोग गर्न खोजेको देखिन्छ । कतिपय समालोचकहरूले प्रकृतवादी उपन्यासको उदाहरणका रूपमा उनको *पाइप नं २* लाई लिएको देखिन्छ । उनले पनि प्रयोगको लहर आइरहेका समयमा केही अनौठो विषयवस्तु दिन खोजेको यस उपन्यासले स्पष्ट गर्दछ ।

भवानी भिक्षुले परम्परित धारलाई अँगाले पनि घटना र कथानकहरूमा केही नवीनता दिने कार्य गरेको देखिन्छ । उनको यो प्रवृत्ति नेपाली उपन्यासको परम्परामा अविस्मरणीय समेत रहेको देखिन्छ । आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा देखिएको *आगत*मा मात्र होइन उनको पछिल्लो चरणमा देखिएको *सुन्तली* उपन्यासमा समेत सो झलक देख्न सकिन्छ । उनले *सुन्तली* उपन्यासमा एउटी मानव तस्करको रूपमा पेशा अँगालेकी नारी पात्रले देखाएको अनौठो स्वभावलाई अपत्यारिलो रूपमा उपन्यासमा प्रवेश दिएको देखिन्छ । अभिभाविका आमाका रूपमा भूमिका निर्वाह गर्ने पात्रका रूपमा उक्त नारी

पात्रलाई उभ्याउने र *सुन्तली*लाई खरिद गरेर पनि वेश्यावृत्तिमा नलगाई छोरीका रूपमा पालनपोषण र शिक्षादिक्षा दिने कार्य उसले गरेकी छे । यस खालको प्रवृत्ति जुनकुनै मानिसमा देखिन्छ भनेर कम विश्वास गर्ने गरिन्छ ।

भवानी भिक्षुको उपन्यास लेखन भाषिक दृष्टिले पनि नेपाली औपन्यासिक परम्पराकमा अविस्मरणीय देखिन्छ । उनले राष्ट्रियता र मानवतालाई प्रशस्त स्थान दिने कार्य गरेको देखिन्छ । परिवर्तन र क्रान्तिलाई प्रोत्साहन गर्ने कार्य समेत उनको उपन्यासमा भएको देखिन्छ । उनी प्रकृतिप्रेमि समेत देखिन्छन् । भाषामा सहज आलङ्कारिता, मनमोहकता, ग्रामीण परिवेश आदि कुराले कतै स्वच्छन्दतावादी स्वभावसमेत देखिन्छ । तर अभिजात वर्गको पक्षपोषण गरेको आरोप पनि उनलाई लगाइएको देखिन्छ ।

नेपाली उपन्यासको परम्परामा देखिएका कतिपय प्रवृत्तिहरू भवानी भिक्षुका उपन्यासमा देखिन्छन् । उनमा पहिल्यैदेखि प्रवेश पाएका आदर्शोन्मुख यथार्थवादी चेत विशेष रूपमा देखिन्छ । सामाजिक आदर्शको विकासका लागि उनका उपन्यासहरूको अविस्मरणीय योगदान रहेको देखिन्छ । कुनै आदर्श पात्रको कल्पना गरेर असल आचारविचारको विकास गर्नका लागि अभिप्रेरित गर्ने कार्य उनले गरेको देखिन्छ । रुद्रराज पान्डेका आदर्शोन्मुख यथार्थवादी उपन्यासमा र भिक्षुका आदर्शोन्मुख यथार्थवादी उपन्यासहरूमा केही समानता रहेको देखिन्छ ।

नेपाली उपन्यासको परम्परामा भवानी भिक्षुका केही प्रवृत्तिहरू विश्वेश्वर प्रसाद कोइरालाका उपन्याससँग पनि मिलेको देखिन्छ । उनका केही कथा र कोइरालाका कतिपय कथाहरूमा समेत प्रवृत्तिगत आधारमा समानता देखिन्छ । मानव मनका भावनाहरूको उजागर गर्ने र आन्तरिक स्वभावको चित्रण गर्ने कार्य जसरी कोइरालाबाट भएको देखिन्छ त्यसरी भिक्षुले पनि आफ्ना उपन्यासहरूमा ती प्रवृत्तिहरू प्रदर्शन गरेको देखिन्छ । उनको *पाइप नं २* मा नारी मनोदशाको चित्रण र यौनको विकृत स्वरूपको चित्रण गरेको देखिन्छ ।

भवानी भिक्षुका उपन्यासमा देखिने भाषिक शैलीहरू केही नवीन र आकर्षक देखिन्छन् । उनको लेखनमा तत्सम शब्दको प्रचुर मात्रामा प्रयोग भएको देखिन्छ । तर पनि पात्र सुहाउँदो संवादको खोजी उनीबाट भएको देखिन्छ । उनले जहिले पनि राष्ट्रियता र मानवतालाई केन्द्रमा राख्ने गरेको टिप्पणी समेत गरिएको देखिन्छ । सामाजिक परिवर्तन, क्रान्तिमा जोड, प्रकृतिप्रतिको प्रेम, सहज भाषिक अभिव्यक्ति, आलङ्कारिकता आदि

विशेषताका कारण उनको लेखनमा स्वच्छन्दतावादी झलक देखिएको मानिन्छ । तर उनले अभिजात वर्गको पक्षपोषणमा जोड दिएको र भाषामा पनि सोही प्रभाव देखिएको कुरासमेत उठेको देखिन्छ । स्वच्छन्दतावादी झलकका आधारमा हेर्दा भिक्षुको *आगत* रूपनारायण सिंहको *भ्रमर* उपन्यास उच्च कोटिको रहेको भनी उल्लेख भएको पाइन्छ ।

भवानी भिक्षुको औपन्यासिक प्रवृत्तिलाई उपन्यासकार लैनसिंह वाङदेलका प्रवृत्तिहरूसँग समेत तुलना गरिएको पाइन्छ । भिक्षुको *आगत* उपन्यासमा पाइने कथानकमा स्वभाविकता, कारुणिक भावना सिर्जना गर्ने शैली, मनोद्वन्द्वको प्रयोग, मानवतावादी प्रस्तुति, दुःखान्तक अवस्थाको चित्रण आदि कुराहरूलाई लैनसिंह वाङदेलका लेखन स्वभावसँग तुलना गर्ने गरिएको देखिन्छ ।

लैनसिंह वाङदेलका उपन्यासहरूमा आन्चलिकताको उपस्थिति रहेको देखिन्छ । भाषामा सरलता र प्रभावकारिता, आकर्षक भाषाशैली, पात्रको परिस्थिति र परिवेशअनुरूपको भाषा र वातावरण सिर्जना गर्ने आदि स्वभावहरू वाङदेलमा देखिन्छ । नेपालीले भोग्नु परेका दुखद अवस्था, मानवताको अभाव भएको दृश्यको प्रस्तुति गर्दै मानवताको खोजी गर्ने शैली आदि कुराहरू पनि वाङदेलमा देखिन्छ । भवानी भिक्षुका उपन्यासहरूमा पनि यस खालका स्वभावहरूको उपस्थिति रहेको पाउन सकिन्छ । यसर्थ लैनसिंह वाङ्देलका औपन्यासिक प्रवृत्तिको अनुसरण भिक्षुबाट समेत भएको मानिन्छ । यस्ता विभिन्न प्रवृत्तिहरू भिक्षुमा भेटिए पनि उनको गुणात्मकता वाङदेलको भन्दा माथि नगएको उल्लेख भएको पाइन्छ । सामाजिक यथार्थको चित्रणमा भवानी भिक्षु वाङदेलको हाराहारीमा पुग्न नसकेको देखिन्छ । यसर्थ भवानी भिक्षुको लेखनका केही पक्षहरू लैनसिंह वाङदेलसँग जोडिएको पाउन सकिन्छ ।

भवानी भिक्षु र वाङदेल आदि उपन्यासकारहरूका प्रवृत्तिहरूमा केही समानता देखिए पनि भित्री रूपमा हेर्दा केही भिन्नताहरू देखिन्छन् । भिक्षुले अन्य उपन्यासकारका तुलनामा फरक शैलीका पात्रहरूको चयन गरेको देखिन्छ ।उनले अभिजात वर्गका पात्रहरू पनि आदर्शवान भएको कुरा चित्रण गर्नुपर्छ भन्ने कुरा उनका उपन्यासले देखाउँछन् । वि. सं. २००७ सालको नेराघेराका नेपाली समाजमा देखिने छायाको चित्रणका दृष्टिले भिक्षुको औपन्यासिक उपलब्धि निकै उपयोगी बन्न पुगेको देखिन्छ ।

उपन्यासकार गोविन्दबहादुर *गोठाले* मल्लले *पल्लो घरको झ्याल*मार्फत् नेपाली उपन्यासमा मनोवैज्ञानिक यथार्थलाई भित्राएको देखिन्छ । यही प्रवृत्तिलाई भवानी भिक्षुले पनि केही मात्रामा अँगालेको देखिन्छ । *पल्लो घरको झ्याल* उपन्यासमा भएकी *मिसरी*कै स्वभाव भएकी नारी चरित्रको आयोजन नगरेको भए पनि केही मनोवैज्ञानिक यथार्थलाई अँगाल्ने कार्य भिक्षुबाट भएको देखिन्छ । भिक्षुको *आगत* उपन्यासमा भएकी *सम्झना* पात्र पनि मिसरीझैँ यौन अतृप्तिले पिरोलिएकी पात्र हो । त्यसै गरी भिक्षुले एउटी अनौठाको स्वभाव भएकी नारी पात्रका रूपमा *पाइप नं २* की *निलीमादेवी*लाई उतारेको देखिन्छ । *पल्लो घरको झ्याल*की *मिसरी* भने यौन अतृतिका कारण अत्तालिएर पनि श्रीमान्को देहावसानपछि परपुरुषसँग सम्पर्क गरेकी छैन । यस कारण भिक्षुमा स्पष्ट रूपमा नभए पनि थोरबहुत रूपमा *गोठाले*को जस्तोमनोवैज्ञानिक यथार्थवादी चरित्रको प्रस्तुति भएको देखिन्छ ।

उपन्यासकार विजय मल्लको *अनुराधा* उपन्यास फ्रायडीय मनोवैज्ञानिक चेतयुक्त उपन्यास मानिन्छ । यसमा सो चिन्तनलाई अक्षरसः पालना गरिएको देखिन्छ । भवानी भिक्षुले पनि फ्रायडीय चिन्तनलाई अँगालेको देखिन्छ तर त्यो पात्रको माध्यमबाट मात्र नभई लेखकीय दृष्टिबाटसमेत प्रस्तुत गरेको देखिन्छ । आफू तटस्थ बसेर पात्रलाई नै भन्न लगाउने प्रवृत्ति भने भिक्षुमा कम देखिन्छ । उदाहरणका रूपमा पात्रहरूको भूमिका निर्वाह नभई कुनै व्याख्या वा दर्शनको अभिव्यक्तिका रूपमा कथयिताले प्रस्तुत गर्दा कतिपय अवस्थामा सहजता र प्राकृतिकतामा आँच आउन सक्ने सम्भावना बढी हुन्छ । भिक्षुको लेखनमा यस खालको कमजोरी समेत रहेको देखिन्छ ।

भवानी भिक्षुका उपन्यासहरूमा सबै खालका प्रवृत्तिहरूको प्रवेश भएको छ भन्ने आधार छैन । नेपाली साहित्यका क्षेत्रमा देखिएका कतिपय प्रवृत्तिहरू उनका उपन्यासमा कुनै उपस्थिति देखिँदैन । उपन्यासकार इन्द्रबहादुर राईको *आज रमिता छ* उपन्यास आयामेली आन्दोलनको सशक्त उपन्यास मानिन्छ । यस उपन्यासमा देखिने निस्सारता र शून्यता भने उनको आगत उपन्यासमा देखिँदैन । भिक्षुका उपन्यासमा विसङ्गतिबोध हुने तर बाँच्न र अस्तित्वको खोजी गर्ने पात्रहरूको उपस्थिति देखिन्छ ।

मनोविश्लेषणवादी उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा यौनका अतृप्त चाहना र झलकहरू प्रस्तुत भएको देखिन्छ । यस खालका स्वभाव बोकेका पात्रहरू भवानी भिक्षुले पनि प्रयोग गरेको देखिन्छ । कोइरालाका पात्रहरूले यौन चाहना पूरा गर्नका

लागि सङ्घर्ष गर्ने र फरक कदम चाल्ने गरेको पाउन सकिन्छ भने भिक्षुका उपन्यासमा आदर्शको प्रभावभित्रको यौन अतृप्ति देखिन्छ । तर उनको *पाइप नं २* मा भने निलीमादेवी अलिक सामाजिक घेराभन्दा भिन्न र विकृत समेत देखिन्छे ।

वि. सं. २००७ सालभन्दा अघिको सामाजिक अवस्थाको चित्रण गर्ने कार्य भवानी भिक्षुले गरेको देखिन्छ । यसै गरी दौलतविक्रम विष्टले *एक पालुवा अनेकौँ याम* उपन्यासमा र डायमन्ड शमशेरले *अनिता*मा यस खालको अवस्था र समाजको चित्रण गरेको देखिन्छ । एक अर्थमा विषयगत र कथावस्तुको रुचिक्षेत्रका हिसाबले उनीहरूका बीचमा केही समानता देखिए पनि सूक्ष्म रूपमा हेर्दा आआफ्ना विशेषताहरू देखिन्छन् ।

भवानी भिक्षुमा पहिले आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति देखा पर्दछ । त्यसपछि क्रमशः यौन अतृप्ति र कुन्ठाहरू पनि उपन्यासका विषयहरू बन्न पुगेको देखिन्छ । समकालीन उपन्यासहरूमा देखा परेका प्रवृत्तिहरूको थोरबहुत प्रभाव रहे पनि उनमा पारिजातको जस्तो निस्सारता र अस्तित्वको खोजी देखिँदैन । त्यसै गरी विश्वेश्वर प्रसाद कोइरालाको जस्तो यौन अतृप्ति र त्यसको परिपूर्ति, गोठालेका उपन्यासमा जस्तो अतृप्ति र यौन मनोविश्लेषण, इन्द्रबहादुर राईको जस्तो निस्सारता र अस्तित्वको खोजी तथा आयामेली प्रभाव, वाङदेलको जस्तो भाषिक र विषयगत शैली आदिको केही प्रभाव ग्रहण गरे पनि केही भिन्न शैलीमा प्रस्तुति दिने कार्य भवानी भिक्षुबाट भएको देखिन्छ । उनीपछि आएका उपन्यासकारहरूले उनका केही प्रभावहरू अँगालेको उल्लेख भएको पाइन्छ । जसमा मदनमणि दीक्षित, रमेश विकल, धनुषचन्द्र गौतम आदि उपन्यासकारहरूलाई लिने गरेको समेत देखिन्छ ।

यसप्रकार रुद्रराज पान्डे, रूपनारायण सिंह, लैनसिंह वाङ्देल, गोविन्दबहादु गोठाले, विजय मल्ल, पारिजात, विश्वेश्वर प्रसाद कोइराला, इन्द्रबहादुर राई आदि उपन्यासकारहरूका केही प्रवृत्तिहरू देखिए पनि उनले आफ्नै शैलीमा उपन्यास लेखन गरेको देखिन्छ । केही उत्तरवर्ती उपन्यासकारहरूले समेत उनले अँगालेको बाटोलाई थप फराकिलो पार्ने कार्य गरेको पाउन सकिन्छ । विषयवस्तुमा भएको आर्दशभावना, राष्ट्रिय चेतना, सामाजिक मर्यादा, नारी सचेतना, मानव मनका भित्री यथार्थको खोजी, प्रचलित केही प्रवृत्तिहरुको अनुसरण आदि विशेषता उनको लेखनमा देखिन्छ । उनले आफ्नो जीवनकालमा *सुभद्रा बज्यै, आगत, पाइप नं. २ र सुन्तली* गरी जम्मा चारवटा उपन्यासहरू दिएका छन् ।

## ५.३. भवानी भिक्षुको औपन्यासिक योगदान

सर्वप्रथम *शारदा* पत्रिमा निबन्ध प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका भवानी भिक्षुले कवितामा पनि उत्तिकै राम्रो स्थान र परिचय बनाएको देखिन्छ । यसर्थ पनि भवानी भिक्षु नेपाली साहित्यका स्थापित साहित्यकार हुन् । उनको योगदान कविता, निबन्ध, एकाङ्की, कथा, उपन्यास आदिमा भएको देखिन्छ । यसबाहेक उनी साहित्यसेवी पनि हुन् । सानैदेखि विभिन्न साहित्यिक कृतिहरूको अध्ययन गर्ने बानी परेका भिक्षुको जीवन सुखमय नदेखिए पनि नेपाली साहित्यमा उनको योगदान अविस्मरणीय रहेको छ ।

कविताका क्षेत्रमा दिएको योगदानपछि उनले कथामा नै विशेष स्थान बनाएको देखिन्छ । केही समालोचकहरूले उनलाई उपन्यासकारभन्दा पनि बढी सफल कथाकारका रूपमा लिने गरेको देखिन्छ । यति हुँदाहुँदै पनि उनको साहित्यिक यात्रा कथामा मात्र सीमित रहेको देखिँदैन । उनले *सुभद्रा बज्यै* शीर्षकको उपन्यास पहिलोचोटि प्रकाशित गरेका थिए ।पछिक्रमशः *आगत, पाइप नं २,* र *सुन्तली* गरी जम्मा चारवटा उपन्यासहरू उनका प्रकाशित छन् । उनको *सुन्तली* उपन्यास भने उनको मृत्युपश्चात्मात्र गरिमा साहित्यिक पत्रिकाले धारावाहिक रूपमा प्रकाशन गरेको देखिन्छ ।

भवानी भिक्षु वि. सं. १९९० सालदेखि नै साहित्यमा सक्रिय रहेको देखिन्छ । त्यतिबेला देखि उनी नेपाली साहित्यमा परिचित हुन थालेको देखिन्छ । उनले नेपाली साहित्यमा कविता, कथा हुँदै उनले उपन्यासप्रति समेत मोह देखाउने कार्य गरेको देखिन्छ । कथा र उपन्यासमा उनले यौन मनोविश्लेषणलाई स्थान दिएको देखिन्छ । सामान्यतः कथाले एउटा पात्रको जीवनको सानो पक्षलाई समेटेको हुने र उपन्यासले जीवनको सिङ्गो जीवनको पक्षलाई समेटेको हुने मानिन्छ । भवानी भिक्षु भने कथालेखनको लामो अभ्यासपछि विस्तारै उपन्यासतिर प्रवेश गरेको देखिन्छ । उनले नेपाली उपन्यास र कथाहरूमा विशेष वर्चश्व बनाए पनि कुनै नयाँ धाराको प्रवेश गराउने वा नयाँ सैद्धान्तिक मान्यतालाई जन्म दिने भन्दा पनि नेपाली साहित्यमा प्रवेश भइसकेका मान्यताहरूलाई पछ्याउँदै रचना गर्ने रचयिताका रूपमा चिनिन्छन् । उनको औपन्यासिक योगदानलाई पनि प्रविष्ट धारा वा मान्यतामाथि गरिएका योगदानहरूसँग जोडेर हेर्न सकिन्छ ।

भवानी भिक्षुले वि. सं २०१९ सालमा *सुभद्रा बज्यै* प्रकाशन गरेको देखिन्छ । यही उपन्यास नै उनको पहिलो उपन्यास हो । भवानी भिक्षुको *सुभद्रा बज्यै* उपन्यास एउटी असल नारीको विषयलाई लिएर लेखिएको उपन्यासका रूपमा देखा परेको छ । एउटी आदर्श नारीको सामाजिक विवशता र मानसिक अन्तरविवादका बीच आइपर्ने विभिन्न अवस्थाहरूलाई यस उपन्यासमा स्थान दिइएको छ । खासमा सामाजिक तात्कालीन यथार्थ, आदर्श र मनोतापलाई लिएर सो उपन्यास निर्माण भएको देखिन्छ । उनको यस उपन्यासमा फ्रायडीय मनोविश्लेषण भएको पाइन्छ । फ्रायडीय मनोविज्ञानका मान्यताहरू र सामाजिक यथार्थबीचको सहसम्बन्धलाई प्रस्तुत गर्ने कार्य उनले प्रायः धेरै जसो कथा र उपन्यासहरूमा गरेको देखिन्छ र यस उपन्यासमा पनि उनको यस विषयले स्थान पाएको देखिन्छ ।

भवानी भिक्षुले औपन्यासिक यात्रा थालेको *सुभद्रा बज्यै* देखि हो भने यसपछि लेखिएको उनको उपन्यास *आगत* हो । *आगत* उपन्यासले भने भिक्षुलाई नेपाली साहित्यको सिद्धहस्त उपन्यासकारका रूपमा स्थापित गराउन भूमिका निर्वाह गरेको देखिन्छ । उनले कविता, कथा, निबन्ध आदि क्षेत्रमा रुचि भए पनि र राम्रो लेखन गरे पनि *आगत* उपन्यासले जसरी उनलाई सम्मानित गराउने कार्य अन्य कृतिले गरेको देखिँदैन । कारूपमा अन्य कृतिहरू आएको देखिँदैन । यसरी आएको *आगत* उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासका रूपमा लिइन्छ ।

*आगत* उपन्यासको उच्च सफलतापश्चात् भवानी भिक्षुले वि. सं. २०३४ सालमा *पाइप नं. २* प्रकाशन गरेको देखिन्छ । यौन आकाङ्क्षा र फ्रायडीय चिन्तनको परिधिमा रही उक्त उपन्यासको रचना गरिएको देखिन्छ । यौन मनोविश्लेषणलाई स्थान दिएर नारीको यौनजन्य चाहना र अन्तर्मनलाई गहन ढङ्गले केलाउने कार्य *पाइप नं. २* उपन्यासमा भएको देखिन्छ । भिक्षुको *पाइप नं. २* उपन्यासलाई कतै प्रकृतवादी उपन्यास पनि भनिएको पाइन्छ । विकृत यौनाचार र त्यसको मोचनका लागि गरिने उपायका विषयलाई उक्त उपन्यासले स्थान दिएको देखिन्छ । यसरी उनले यहाँसम्म आइपुग्दा आफ्ना उपन्यासहरूमा कतै आदर्शोन्मुख सामाजिक यथार्थलाई स्थान दिएको देखिन्छ भने कतै फ्रायडीय यौन मनोविश्लेषणलाई प्रशस्त स्थान दिइएको देखिन्छ ।

उपन्यासकार भवानी भिक्षुले जीवनको पछिल्लो चरणमा पनि उपन्यासप्रति चासो बढाएको देखिन्छ । भिक्षुले जीवनको उत्तरार्द्धमा लेखेको *सुन्तली* उपन्यासले पूर्णता नपाउँदै

उनको देहान्त भएको हो कि भन्ने अनुमान लगाइएको समेत देखिन्छ । तर *गरिमा* पत्रिकाले भने सो उपन्यासलाई पूर्ण उपन्यासका रूपमा स्वीकार गर्दै धारावाहिक रूपमा प्रकाशित गरेको देखिन्छ ।*सुन्तली* उपन्यास नेपाली समाजका यथार्थ र कुरीतिहरूको चित्रणमा केन्द्रित देखिन्छ । नेपाली समाजमा रहेका चेलीबेटी बेचबिखन, विद्यमान कुरीति, यौनजन्य खराबी, आदर्श र असल प्रवृत्तिलाई विषय बनाएर लेखिएको धारावाहिक उपन्यास हो । यसमा सामाजिक र नारीमनोदशालाई विशेष महत्त्वका साथ उठान गरिएको छ । उनको यस उपन्यासमा निजी भाषा शैलीका साथै विकृत यौन, छलकपट, आदर्श, परम्परा आदि पक्षहरूसमेत देखिन्छन् । यस उपन्यास उनको मृत्युपश्चात वि. सं. २०४० सालदेखि पछिका *गरिमा* पत्रिकाका अङ्कहरूमा क्रमशः प्रकाशित गरिएको थियो ।

भवानी भिक्षुका सबै उपन्यासलाई उत्कृष्ट उपन्यासको स्थान दिइएको देखिँदैन । उपन्यासहरूका आकारहरू साना हुनु र तिनका कथावस्तुहरू सीमित र संक्षिप्त हुनुले गर्दा यस खालका प्रश्नहरू उठाउने कार्य भएको देखिन्छ । सम्भवतः यही भएर होला केही समालोचकहरूले भिक्षुका *आगत* बाहेकका उपन्यासहरूलाई लामा कथा वा लघु उपन्यास समेत भन्न पछि परेका छैनन् । उनको पहिलो उपन्यास *सुभद्रा बज्यै*लाई पनि उपन्यासको स्थान दिइएको देखिँदैन । उनको *आगत*जस्तो बृहत्काय उपन्यास प्रकाशनमा आएपछि भने समालोचकहरूले उनीप्रतिको धारणामा केही परिवर्तन गरेको देखिन्छ । यति हुँदाहुँदै पनि उनको पछिल्लो उपन्यास *सुन्तली*लाई उपन्यास नभई लामो कथाको रूपमा चित्रण गरेको देखिन्छ । तर उनको *आगत* उपन्यासलाई उच्च स्थान र सम्मान दिइँदैमा अन्य उपन्यासहरूमहत्त्वहीनछन् भन्न सकिँदैन । यसरी उनको औपन्यासिक यात्राले सुन्तली उपन्यासको लेखनसम्म निरन्तरता पाएको देखिन्छ ।

भवानी भिक्षु पाठकहरूमा करुणा जगाउने, निम्न वर्गको अभिव्यक्ति प्रस्तुत गर्ने, नारी सुलभ चरित्रको चित्रण गर्ने, सामाजिक यथार्थ प्रस्तुत गर्ने आदि कार्य गर्दछन् । उनका कथा र उपन्यासहरूमा त्यस खालका चरित्रहरू देखा पर्दछन् । उनको यस खालको थोरबहुत स्वभावको प्रभाव उपन्यासमा पनि देखिन्छ । विभिन्न उमेर तथा वर्गका सामाजिक यथार्थ, आदर्श र मनोभावनालाई विषय बनाएर कथा र उपन्यास लेख्ने साहित्यकारका रूपमा भवानी भिक्षु देखिन्छन् । यसरी उनका लेखनमा उनको आफ्नै जीवनमा आएका उतारचढाव, अध्ययनको प्रभाव, सामाजिक र साँस्कृतिक प्रभावको छाप, मानसिक कुन्ठाको अभिव्यक्ति,

वैयक्तिक अभिरुचि र अभिव्यक्ति आदिको प्रभाव परेको देखिन्छ । मनोभाव, यथार्थ र आदर्शलाई बढी स्थान दिने उपन्यासकार भवानी भिक्षुका उपन्यासहरूमा अनेकन औपन्यासिक प्रवृत्तिहरूसमेत देखा पर्दछन् ।

भवानी भिक्षुले आफ्ना उपन्यासहरूमा यथार्थको चित्रण गर्ने र आदर्शको जलप लगाउने कार्य समेत गर्दछन् । यस खालको लेखनबाट एकातिर आदर्शोन्मुख यथार्थवादी औपन्यासिक लेखन धार प्रबल हुन पुगेको देखिन्छ भने अर्कातिर समाजलाई असल चरित्रवान बनाउन भूमिका निवाह हुन पुगेको हुन्छ । उनको *सुभद्रा बज्यै* र *सुन्तली* उपन्यासमा यस खालको प्रवृत्ति देखा पर्दछ । त्यसै गरी उनका उपन्यासमा अन्य विभिन्न प्रवृत्तिहरूसमेत देखा पर्दछन् ।

भवानी भिक्षुले नेपालमा भित्रिएको मनोवैज्ञानिक चिन्तनलाई अगाडि बढाउने कार्य समेत भएको छ । यस खालका मनोदशालाई उनले विभिन्न उपन्यासहरूमा छिटफुट रूपमा स्थान दिएको देखिए पनि विशेष गरी *पाइप नं २* लाई मनोविश्लेषणात्मक उपन्यासको नमुनाकै रूपमा लिइएको देखिन्छ । उनको यस उपन्यासलाई प्रकृतवादी उपन्यास भनी विश्लेषण गरिएको पनि देखिन्छ ।

आफ्ना उपन्यासहरूमा नवीन दृष्टान्तहरूको प्रयोग गर्ने कार्य भवानी भिक्षुबाट भएको देखिन्छ । पहिले चलि आएका भन्दा भिन्न प्रकारका घटनाहरूको आयोजन गर्ने र नवीन दृष्टिकोण दिन खोज्ने स्वभाव उनका उपन्यासहरूमा स्पष्ट देखिन्छ । मानवतावादी र आदर्शवादी सोँच उनका उपन्यासमा प्रशस्त मात्रामा देखिन्छ । उनले आफ्ना उपन्यासहरूमा स्थानीय रङ्ग र आन्चलिकतालाई समेत प्रशस्त स्थान दिएको देखिन्छ ।

भवानी भिक्षुले आकारका हिसाबले बृहत्काय उपन्यासका रूपमा रहेको *आगत* उपन्यासको रचना गरेको देखिन्छ । यस उपन्यासमा नेपाली समाजमा भएका सबै पक्षका आचारविचार र संस्कृति आदिलाई स्थान दिइएको देखिन्छ । यसबाहेक सानै आकारका भए पनि अन्य तीन वटा उपन्यासहरू समेत लेखेका छन् । उपन्यासको यो सङ्ख्या त्यति कम भएको भन्न सकिँदैन । कथा, कविता आदि कृतिहरूका साथै चार वटा उपन्याससमेत दिएकाले उनको नेपाली साहित्यमा विशेष योगदान रहेको छ । उनका उपन्यासहरूमा अँगालिएका प्रवृत्ति, भाषिक उच्चता, सामाजिक यथार्थको चित्रण जस्ता कुरा पनि नेपाली

साहित्यमा उल्लेखनीय रहेको देखिन्छ । तसर्थ उनले नेपाली उपन्यासका क्षेत्रमा गुणात्मक र परिमाणात्मक दुवै खाले योगदान दिएको देखिन्छ ।

उपन्यासमार्फत् सामाजिक सुधारका सन्देश दिने कार्य भवानी भिक्षुबाट भएको देखिन्छ । उनले खराब चरित्रहरूलाई नङ्ग्याउने र असल चरित्रहरूप्रति सहानुभूति जगाउने कार्य आफ्ना उपन्यासहरूमार्फत् गरेको देखिन्छ । भाषिक प्रयोग र शिल्पका दृष्टिले उनको औपन्यासिक योगदान नेपाली उपन्यास जगत्मा थप महत्त्वपूर्ण बन्न पुगेको छ । त्यसै गरी विभिन्न प्रवृत्तिको पक्षपोषण र विस्तार, मार्गनिर्देशन, नैति मूल्य र मान्यताको स्थापना, समयको प्रतिबिम्बको अभिव्यक्ति आदिका आधारमा समेत उनको औपन्यासिक योगदानलाई विशेष रूपले कदर गर्नुपर्ने देखिन्छ । सन्देशमूलक लेखन, उपन्यासको परिमाण र उपन्यासको गुण आदिका आधारमा पनि उनको औपन्यासिक योगदान अविस्मराणीय बन्न पुगेको छ ।

## ४.५. निष्कर्ष

भवानी भिक्षु नेपाली उपन्यास परम्परामा अविस्मणीय व्यक्तित्व हुन् । उनका जम्मा चार वटा उपन्यासहरू प्रकाशित भएका छन् । उनका उपन्यासमा सुरुमा आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति देखा परेको पाइन्छ । उनको पहिलो उपन्यास *सुभद्रा बज्यै* त्यसको अनुपम नमुना हो । यसपछि आएको उनको *आगत* उपन्यासमा पनि आदर्शोन्मुख यथार्थ देखा पर्दछ । *पाइप नं. २* उपन्यासलाई आन्तरिक यथार्थ र तीतो पक्षलाई उद्घाटन गर्ने उपन्यासका रूपमा चिनाएको देखिन्छ । यसपछिको *सुन्तली* उपन्यासमा पनि आदर्शोन्मुख यथार्थ नै देखिन्छ । यसरी नेपाली उपन्यास परम्परामा देखिएका कतिपय मान्यता र धारलाई अँगाल्ने कार्य भिक्षुबाट भएको देखिन्छ । प्रचलित धारलाई समातेर पनि केही अपत्यारिला र परम्परामा नदेखिएका घटनाहरूको आयोजन गर्ने र सन्देश प्रवाह गर्ने कार्य भिक्षुबाट भएको देखिन्छ । उनको *आगत* उपन्यास सम्भवतः नेपाली उपन्यासकै इतिहासमा विशाालकाय उपन्यासका रूपमा देखा पर्दछ ।

यस शोध पत्र भवानी भिक्षुको *सुन्तली* उपन्यासको विधातात्त्विक अध्ययनमा केन्द्रित रहेको छ । यसअघि परिच्छेद चारमा *सुन्तली* उपन्यासको सैद्धान्तिक विश्लेषण गरिएको छ ।

उक्त उपन्यास भवानी भिक्षुको मृत्यु पर्यन्त *गरिमा* पत्रिकाले धारावाहिक रूपमा प्रकाशित गरेको थियो । कतै लघु उपन्यास वा कतै लामो कथा भनेर समीक्षा गर्ने प्रयास गरिएको भएता पनि कथानक र संरचनाका दृष्टिले उक्त उपन्यासलाई उपन्यास नमान्ने आधार देखिँदैन । एउटी नीच प्रकृतिको पेशा गर्ने र मानव तस्करीको भूमिका निर्वाह गर्ने नारीले एकाएक *सुन्तली*लाई छोरीका रूपमा पालनपोषण र शिक्षादिक्षा दिलाउने कार्य गरेको परिघटना यस उपन्यासमा परेको छ । यसबाहेक आदर्शात्मक देखिएर पनि केही आधुनिकताले प्रभावमा पारेको अवस्थाको समेत चित्रण यस उपन्यासमा भएको देखिन्छ । तसर्थ यस उपन्यास एक आदर्शमूलक उपन्यासका रूपमा देखा पर्दछ र नेपाली उपन्यासमा अविस्मरणीयसमेत रहन पुगेको छ ।

परिच्छेद-छ

# उपसंहार

भवानी भिक्षु (१९६६-२०३८) नेपाली साहित्यका एक अविस्मरणीय प्रतिभा हुन् । उनले कविता, कथा, निबन्ध, एकाङ्की, उपन्यास आदिमा कलम चलाउनुका साथै साहित्यसेवा समेत गरेको देखिन्छ । सानैदेखि विभिन्न भाषाका पुस्तकहरूको अध्ययन गर्ने बानी परेका भवानी भिक्षुले कथामा विशेष पहिचान बनाउनुका साथै उपन्यासमा समेत उच्च स्थान बनाएका छन् । उनका *सुभद्रा बज्यै, आगत, पाइप नं. २* र *सुन्तली* गरी जम्मा चारवटा उपन्यासहरू प्रकाशित छन् । जसमध्ये *सुन्तली* उपन्यास उनको मृत्युपश्चात प्रकाशित भएको उपन्यास हो । यस उपन्यास वि. सं. २०४० सालमा *गरिमा* पत्रिकाले प्रकाशन गरेको थियो ।

भवानी भिक्षुका उपन्यासहरूमा कुनै नयाँ प्रवृत्तिको प्रवर्तन वा प्रवेश गराउने कार्य भएको मानिँदैन । उनले सामाजिक यथार्थ र आदर्शको मिश्रण भएका उपन्यासहरू दिएको देखिन्छ । उनको पहिलेका दुई उपन्यासहरू यस्तै प्रकृतिका देखिन्छन् । *सुभद्रा बज्यै* र*आगत* उपन्यासमा त्यस खालका प्रवृत्तिहरू देखिएको पाउन सकिन्छ । त्यसपछि आएको *पाइप नं. २* उपन्यास भने अलिक फरक शैलीको देखिएको छ । यसमा सामाजिक बाह्य यथार्थभन्दा आन्तरिक घृणित यथार्थलाई स्थान दिइएको छ । यसलाई कसैले प्रकृतवादी उपन्याससमेत भनी विश्लेषण गरेको देखिन्छ । यही क्रममा उनको *सुन्तली* उपन्यास पनि आएको देखिन्छ तर उनको *सुन्तली* उपन्यासमा भने आदर्श र सामाजिक यथार्थको चित्रण गरेको देखिन्छ ।

*सुन्तली* उपन्यासमा सुन्तली नाम गरेकी एक पात्रलाई कुनै खराब पात्रले ललाइफकाइ कलकत्ताको वेश्यालयमा बिक्री गरेको र त्यसपछिको उसको जीवन यापनको विषय रहेको छ । जब ऊ बिक्री हुन्छे तब उसले संयोगले एक अचम्मको स्वभावकी नारी पात्र भेट्न पुग्छे । जो त्यही सुन्तलीलाई खरिद गर्ने एक खराब धन्दा गर्ने पात्र थिई । तर संयोगले सुन्तलीलाई त्यो नारीले आफ्नी छोरीको स्थानमा राखेर पालनपोषण गर्दछे । यसको केही समयपछि उसको बिहेसमेत गरिदिने कार्य त्यो महिलाले गर्दछे । यसै क्रममा शिबु

भेटिन्छ र पुराना कुराहरू सम्झाउने र सम्झिने कार्य हुन्छ । पुनः शिबुसँग नजिक हुन खोज्ने हो कि भन्ने अवस्थामा आफ्नै श्रीमान्सँग नजिकिँदै गएको अवस्थामा उपन्यासले बिसाइ मारेको देखिन्छ । तर अन्त्यसम्म नै शिबु र सुन्तलीका बीचमा पत्रको आदानप्रदान भने भएको देखिन्छ । यसरी यस उपन्यासको कथानक अगाडि बढेको देखिन्छ ।

भवानी भिक्षुको *सुन्तली* उपन्यास *गरिमा* पत्रिकाले धारावाहिक रूपमा प्रकाशित गरेको उपन्यास हो । *गरिमा*को वर्ष १ अङ्क ५ देखि वर्ष १ अङ्क ९ सम्म क्रमिक रूपले यस उपन्यासलाई स्थान दिइएको देखिन्छ । वि. सं. २०४० साल वैशाखदेखि लगातार ५ अङ्कका गरिमा पत्रिकामा यो उपन्यास धारावाहिक रूपले प्रकाशित गरेको देखिन्छ । अर्थात् यस उपन्यासको धारावाहिक प्रकाशन कार्य वि. सं. २०४० साल भदौ महिनामा सकिएको देखिन्छ । उनी छँदै प्रकाशित नभई उनको मृत्युपश्चात् प्रकाशित भएकाले यस उपन्यास पुस्तकाकार कृतिका रूपमा प्रकाशित हुन नसकेको देखिन्छ । कतिपय समीक्षकहरूले यस उपन्यासको सम्पूर्णतामाथि आशङ्का समेत गरेको देखिन्छ । तर यसको समग्र रूप यति नै हो भन्ने यकिन गरेर उपन्यासलाई धारावाहिक रूपमा प्रकाशित गरिएको देखिन्छ ।

*सुन्तली* उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थ हो । नेपाली समाजमा देखिने विकृति र विसङ्गतिलाई यस उपन्यासले चित्रण गरेको देखिन्छ । नेपाली चेलीहरू विदेशमा बेचिने यथार्थलाई यस उपन्यासमा स्थान दिइएको छ । *सुन्तली* र उसको परिवारको गरिबी र अशिक्षा, *लाहुरे*को कुकृत्य, *मालिक्नी*को दुखद विगत, शिक्षकको कपटपूर्ण सेवा आदि कुराहरू तात्कालीन यथार्थहरू हुन् । यसै कारण उपन्यासको कथानक आदर्शले लेपन गरेको भए पनि यथार्थ नै यसको वास्तविक श्रोत देखिन पुगेको छ ।

*गरिमा* पत्रिकाको आकार ६ × ८ वर्ग इन्च रहेको देखिन्छ । यही आकारको *गरिमा* पत्रिकाका झन्डै ३६ (६+७+८+७+८) पृष्ठमा यो उपन्यास फैलिएको छ । यस उपन्यासलाई *धारावाहिक उपन्यास १, धारावाहिक उपन्यास २, धारावाहिक उपन्यास ३, धारावाहिक उपन्यास ४, धारावाहिक उपन्यास समापन* गरी जम्मा पाँच अङ्कमा क्रमशः प्रकाशित गरिएको छ । यी सबै अङ्कमा कम वा बेसी पृष्ठहरू रहेकाले पनि उपन्यासलाई विभिन्न

खन्डमा विभाजन गरेको मान्न सकिँदैन तर प्रकाशनका हिसाबले भने पाँच वटा विश्राम भएको देखिन्छ ।

*सुन्तली* उपन्यासको कथानकको स्रोत सामाजिक यथार्थ हो । नेपाली समाजमा देखिने आदर्श, विकृति र विसङ्गतिलाई यस उपन्यासले चित्रण गरेको देखिन्छ । नेपाली चेलीहरू विदेशमा बेचिने यथार्थलाई यस उपन्यासमा स्थान दिइएको छ । *सुन्तली* र उसको परिवारको गरिबी र अशिक्षा, *लाहुरे*को कुकृत्य, *मालिक्नी*को दुखद विगत, शिक्षकको कपटपूर्ण सेवा आदि कुराहरू तात्कालीन यथार्थहरू हुन् । यसै कारण उपन्यासको कथानक आदर्शले लेपन गरेको भए पनि सामाजिक यथार्थ यसको वास्तविक श्रोत देखिन पुगेको छ ।

भिक्षुको *सुन्तली* उपन्यासमा प्रयोग भएको भाषा केही क्लिष्ट देखिए पनि पात्र सुहाउँदो नै देखिन्छ । यो उपन्यास आन्तरिक दृष्टिविन्दुमा रचित उपन्यास हो । विभिन्न बिम्बको प्रयोगबाट उपन्यास लेख्ने कार्यसमेत रहेको छ । *सुन्तली* उपन्यासमा उक्त पात्र सुन्तली पनि हो । यस उपन्यासले मानिस सँधै खराब हुन सक्दैन भन्ने सन्देश दिएको देखिन्छ ।यस शोधपत्रमा सुन्तली उपन्यासको विधातात्त्विक विश्लेषण गर्ने कार्य भएको छ । विभिन्न परिच्छेदमा प्रस्तुत गरिएका आधारहरूलाई शिरोपर गर्दै सुन्तली उपन्यासमा भएका विभिन्न विषय वस्तु, सार, चरित्र, कथावस्तु, कलात्मक पक्ष आदिको बारेमा जानकारी गराउने कार्य यस शोध पत्रमा गरिएको छ ।

भवानी भिक्षुको *सुन्तली* उपन्यासमा गति र लयको आयोजनसमेत उल्लेखनीय देखिन्छ । यहाँ शिबूले आफूले *सुन्तली*लाई भेटेपछिका केही घटनाहरूलाई मन्द गति प्रदान गरेको देखिन्छ । यस क्रममा पनि पुर्वावस्थाको सम्झना गर्ने कार्य शिबूले गरेको देखिन्छ । शिबू र सुन्तलीले बिताएका वाल्यकालको चित्रण भने त्यति धेरै हुन पाएको देखिँदैन । लाहुरेले छलेर लगेका कुरा, वाल्यकाल, अभिभाविका आमाको अवस्थाको जानकारी, सुन्तलीका बाबुआमाको प्रसङ्ग, सुन्तलीको दार्जिलिङ आउनुपूर्वको पारिवारिक अवस्था आदिको संक्षिप्त रूपमा चर्चा गरिएको देखिन्छ । यसरी कतै संक्षिप्त र कतै विस्तृत रूपमा वर्णन गर्दै गतिमा उतारचढाव ल्याउने कार्य सुन्तली उपन्यासमा भएको देखिन्छ ।

नेपाली नारी चरित्रको वाल्यकाल सुखद नरहेको विषयसँगै सुन्तली उपन्यास अघि बढेको देखिन्छ । गाउँले नारीहरू केकसरी खराब मानिसको प्रलोभनमा फस्न पुग्दछन् र खराब मानिसहरूले उनीहरूको कमजोरीमाथि कसरी फाइदा पुऱ्याउँदछन्? भन्नेबारे यस उपन्यासले केही जानकारी दिने कार्य गरेको छ । यसरी खराब मानिसको पन्जामा परेकी सुन्तलीलाई एक खराब पेशा अँगालेकी नारीले अकस्मात सोँच परिवर्तन गरी असल व्यवहार प्रर्दशन गरेको घटनाले उपन्यास सुखद बन्दै गएको देखिन्छ । यसरी सामाजिक यथार्थ र त्यसभित्र छिपेको मानवतालाई यस उपन्यासले प्रमुख स्थान दिने लक्ष्य राखेको देखिन्छ ।

भिक्षुको *सुन्तली* उपन्यासको भाषा परिमार्जित देखिन्छ । भिक्षुका सुरुका उपन्यासहरूका तुलनामा यस उपन्यास भाषिक दृष्टिले थप उल्लेखनीय देखिन्छ । उनी विभिन्न भाषाका कृतिहरूको अध्ययन गरेका साहित्यकारसमेत भएकाले अन्य भाषाका शब्दहरूको प्रयोग हुन सक्ने कुरामा त्यति विमति हुने देखिँदैन । तर उनले विशेष गरी तत्सम शब्दहरूको प्रयोग निकै गरेको देखिन्छ । ठेट नेपाली शब्दहरूमा पनि उनको मोह देखिन्छ । उनले अङ्ग्रेजी भाषाका नयाँ शब्दहरूको प्रयोग पनि गरेका छन् ।

भिक्षुको *सुन्तली* उपन्यास अन्य कोणबाट समेत फलदायी रहेको देखिन्छ । फरक सम्प्रदायका बीचमा हुने विवाह, सङ्कीर्ण भावना र साम्प्रदायिक सोँच लिने सामाजिक परिवेश, दार्जिलिङ्को खराब अवस्था, खेतीपाती, सिलाङ्को परिवेश, सुन्तलीको रहस्यमय जीवनयापन, लोग्नेस्वास्नीको सामान्य कलझगडा आदि विषयलाई उक्त उपन्यासमा उठाउने कार्य भएको देखिन्छ । यस उपन्यास खासमा शिबूको संस्मरणमा केन्द्रित देखिन्छ । यस संस्मरणका आधारमा हेर्दा झन्डै एक वर्षको अवधिमा यस उपन्यास सीमित रहेको देखिन्छ । त्यतिबेलाको दार्जिलिङ्को साम्प्रदायिक विवाद, विभिन्न स्थान र समयमा शिबूले गरेका क्रियाकलाप, सुन्तलीको चियोचर्चोको प्रसङ्ग आदि विषयलाई पनि यस उपन्यासले स्थान दिएको देखिन्छ ।

उपन्यासकार भवानी भिक्षुले *सुन्तली* उपन्यासमा पात्रहरूको भेषभुषा, आचार व्यवहार, वैयक्तिक आवेग र रुचि, आस्था र साम्प्रदायिकता, सङ्कीर्ण सोँच आदि विषयलाई विभिन्न परिवेशमा चित्रण गर्ने कार्य उपन्यासकारले गरेको देखिन्छ । सामाजिक सोझो पन,

सामाजिक समस्या, परम्परा, आदर्शको खोजी, शहरीया र गाउँले जीवनयापनबीच देखिने अन्तर, मातृत्व, आत्मीयता, कर्तव्य, आदर्श र सेवाभावना आदि पक्षलाई यस उपन्यासले थप रूपमा प्रदर्शन गरेको देखिन्छ । यसरी नेपाल तथा विदेशका विभिन्न स्थानहरूको चित्रण गर्दै सम्बन्धित स्थानको यथार्थभित्र पात्रहरूका आआफ्ना स्वभाव र परम्परा तथा विगतलाई प्रस्तुत गर्ने कार्य भिक्षुबाट भएको छ । भिक्षुको सुन्तली उपन्यासले एउटी गाउँले केटीको जीवनको कथालाई प्रमुख विषय बनाएर अन्य पात्रहरूका कार्यकलापहरूलाई प्रस्तुत गर्ने कार्य गरेको छ ।

सुन्तली उपन्यासमा नारी चरित्रको प्रधानता, सामाजिक यथार्थ र आदर्शको प्रस्तुति, यथोचित बिम्बको प्रयोग गरिएको पात्र सुहाउँदो भाषा, नेपाली भूमि र केही भारतीय भूमिमा देखिने र हुन सक्ने तात्कालीन परिवेश आदि कुराको अङ्कन गरिएको छ । कतै लामो कथाका रूपमा समेत यस उपन्यासलाई चित्रण गर्ने प्रयास गरिएको देखिए पनि समग्रमा आकारगत र कथावस्तुका दृष्टिलेसमेत उल्लेखनीय उपन्यासका रूपमा *सुन्तली* उपन्यास रहन गएको देखिन्छ ।

# सन्दर्भसामग्रीसूची


१. अधिकारी, अच्युतरमण. *एउटा भिक्षुको कथा,* **उन्नयन** भवानी भिक्षु विशेषाङ्क, ***उन्नयन*** *भवानी भिक्षु विशेषाङ्क*(अङ्क १०), उन्नयन प्रकाशन, वि. सं. २०४९।

२. अधिकारी, क्षेत्रप्रताप र अन्य(सम्पादक). *गरिमा* (अङ्क ५-९), ललितपुरः साझा प्रकाशन, वि. सं. २०४०।

३. उपाध्याय, केशवप्रसाद. ***प्रकाश****का आलोकमा भिक्षुको कवितात्मक दृष्टि र सृष्टिको रेखाङ्कन,* ***उन्नयन*** *भवानी भिक्षु विशेषाङ्क*(अङ्क १०),उन्नयन प्रकाशन, वि. सं. २०४९।

४. गौतम, दीपकप्रसाद. *आगत उपन्यासको विधातात्त्विक अध्ययन,* अप्र. शोधपत्र, ने. के. वि. कीर्तिपुर, वि. सं. २०५८।

५. ढकाल, कमल, भूपति. *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा विचारपक्ष,* पोखराः जय नेपाल प्रकाशन, वि. सं. २०५६।

६. तिवारी, वरुणकुमार.*मनोविज्ञानका प्रवर्तकहरु,* काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०३५।

७. त्रिपाठी, वासुदेव. *भवानी भिक्षुको समष्टि कथायात्राः एक रेखाङ्कन,* **उन्नयन** भवानी भिक्षु विशेषाङ्क, उन्नयन प्रकाशन, वि. सं. २०४९।

८. नेपाल*यात्री,*पूर्णप्रकाश*, कथाकार भवानी भिक्षु र त्यो फेरि फर्कला? कथामाथि विहंगम दृष्टि,****उन्नयन*** *भवानी भिक्षु विशेषाङ्क*(अङ्क १०)*,* उन्नयन प्रकाशन, वि. सं. २०४९।

९. पोखरेल, बालकृष्ण र अन्य. *नेपाली बृहत् शब्दकोश* (पुनर्मुद्रण)*,* काठमाडौँः नेपाल प्रज्ञा-प्रतिष्ठान, वि. सं. २०५५।

१०. पोखरेल, भानुभक्त. *मेरा दृष्टिमा भवानी भिक्षु,***उन्नयन,** भवानी भिक्षु विशेषाङ्क (अङ्क १०), उन्नयन प्रकाशन, वि. सं. २०४९।

११. पौडेल, तेजप्रसाद. *उपन्यासकार भवानी भिक्षुका औपन्यासिक कृतिहरूको विश्लेषण,* अप्र. स्नातकोत्तर शोधपत्र, ने. के. वि. कीर्तिपुर, वि. सं. २०४७।

१२. प्रधान, कृष्ण. *भिक्षुको सुन्तली,*भवानी भिक्षु विशेषाङ्क (अङ्क १०), उन्नयन पत्रिका, काठमाडौँ: उन्नयन प्रकाशन, वि. सं. २०४९ ।

१३. प्रधान, कृष्णचन्द्रसिंह. *नेपाली उपन्यास र उपन्यासकार,* तेस्रो संस्करण, ललितपुरः साझा प्रकाशन, वि. सं. २०५२।

१४. बराल, ऋषिराज. *उपन्यासको सौन्दर्यशास्त्र,* ललितपुरः साझा प्रकाशन, वि. सं. २०५६।

१५. बराल, कृष्णहरि र नेत्र एटम. *उपन्यास-सिद्धान्त र नेपाली उपन्यास* (दो.सं.), ललितपुरः साझा प्रकाशन, वि.सं. २०५८।

१६. भट्ट, आनन्ददेव. *श्री भवानी भिक्षु र फेरि त्यो फर्कला?,* भवानी भिक्षु विशेषाङ्क ( अङ्क १०), उन्नयन प्रकाशन, वि. सं. २०४९।

१७. भण्डारी, गोपालप्रसाद. *भवानी भिक्षुका कथामा मनोविज्ञान,* **अप्र.** शोध प्रवन्ध, त्रि.वि., कीर्तिपुर, परिशिष्ट *क,* वि. सं. २०५१ ।

१८. भण्डारी, यादवप्रसाद.*मैयाँसाहेब कथासङ्ग्रहको विधातात्त्विक विश्लेषण,* अप्र. स्नातकोत्तर शोधपत्र, काठमाडौँ: नेपाली केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, वि. सं. २०५५।

१९. भिक्षु, भवानी. *परिष्कार* (भूमिका) , काठमाडौँ: नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, भूमिका *क,* वि. सं. २०१७।

२०. मल्ल, खड्गमान. *भवानी भिक्षुको कविता-यात्रा,* **उन्नयन,**भवानी भिक्षु विशेषाङ्क (अङ्क १०), उन्नयन प्रकाशन, वि. सं. २०४९।

२१. मल्ल, महेन्द्रकुमार. *लैनसिंह वाङ्देलका औपन्यासिक कृतिहरुको विश्लेषण (अप्रकाशित),* स्नातकोत्तरशोधपत्र, कीर्तिपुर : नेपाली केन्द्रीय विभाग, वि.सं.२०५३।

२२.	राई, इन्द्रबहादुर. *नेपाली उपन्यासका आधारहरु (दो. सं.),* ललितपुरः साझा प्रकाशन, वि. सं. २०५०।

२३.	शर्मा, तारानाथ. *नेपाली साहित्यको इतिहास* (दो.सं.), ललितपुरः साझा प्रकाशन, वि.सं. २०३९।

२४.	सुवेदी, राजेन्द्र. *नेपाली उपन्यास परम्परा र प्रवृत्ति,* वाराणसीः भूमिका प्रकाशन, वि. सं. २०५३ ।